# आर्थिक गतिविधि अध्ययन

(एकीकृत)

## वार्षिक प्रतिवेदन
## (आर्थिक वर्ष २०७७/७८)




**नेपाल राष्ट्र बैंक**
आर्थिक अनुसन्धान विभाग

# भूमिका

नेपाल राष्ट्र बैंकले मूल्य स्थिरता, शोधनान्तर स्थिति, समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको अवस्था, मुद्रा प्रदाय तथा विदेशी विनिमय जस्ता विषयमा नियमित अध्ययन गरी नीति निर्माण गर्ने कार्य गर्दछ। बैंकले नेपाल सरकार, सार्वजनिक निकाय तथा निजी क्षेत्रबाट आर्थिक तथा वित्तीय विषयमा आवश्यक सूचना एवं तथ्याङ्क संकलन गरी सोको प्रशोधन तथा विश्लेषण गरी अध्ययन कार्य गर्ने गरेको छ । वास्तविक क्षेत्रसँग सम्बन्धित तथ्याङ्कको विश्लेषणमार्फत् मौद्रिक एवं वित्तीय नीतिको तर्जुमा, कार्यान्वयन र समीक्षा गर्नुपर्ने भएकाले बैंकले आर्थिक अनुसन्धान विभाग तथा प्रदेशस्थित कार्यालयहरुमार्फत् वार्षिक तथा अर्धवार्षिक रुपमा आर्थिक गतिविधि अध्ययन गरी प्रतिवेदन प्रकाशन गर्दै आएको छ ।

समयमै प्राप्त हुने विश्वसनीय तथ्याङ्क तथा सूचना नै आर्थिक गतिविधि विश्लेषण तथा प्रक्षेपणका मूल आधार हुन् । आर्थिक तथा वित्तीय क्षेत्रसँग सम्बन्धित तथ्याङ्क तथा सूचनाको विश्लेषणबाट मुलुकको आर्थिक विकासको अवस्थाको जानकारी भई आवश्यक नीति तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्न सहयोग पुग्दछ । साथै, तथ्याङ्क तथा सूचनाको माध्ययमबाट अर्थतन्त्रका विविध क्षेत्रमा हुने परिवर्तनलाई समयमै पहिचान गरी उपयुक्त सुझावमार्फत् सरकारका नीति तथा कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नमा नेपाल राष्ट्र बैंकले सहयोग पुऱ्याउँदै आएको छ ।

संघीय संरचना कार्यान्वयन भएपश्चात् प्रशासनिक विभाजनको स्वरुप परिवर्तन भई तीन तहको सरकार रहने संवैधानिक व्यवस्थाबमोजिम प्रादेशिक संरचनाअनुसार आर्थिक गतिविधि अध्ययन गर्ने गरिएको छ। आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ मा व्यवस्था भएबमोजिम नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयबाट प्राप्त प्रतिवेदन, स्थलगत सर्वेक्षण, सरोकारवालासँगको अन्तरक्रिया र विभिन्न स्रोतबाट संकलन गरिएको द्वितीय तथ्याङ्कका आधारमा देशका सम्पूर्ण जिल्ला समेटी यो एकीकृत प्रतिवेदन तयार पारिएको छ। एकिकृत प्रतिवेदन प्रकाशनअगाडि नै प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरी प्रकाशन गरिएको छ । संघीय संरचनाको परिवेशमा पर्याप्त तथ्याङ्क उपलब्ध हुन नसकिरहेको कारण यस अध्ययन प्रतिवेदनका केही सीमाहरु रहेका छन् । तथ्याङ्क प्रदायकबाट समयमै तथ्याङ्क उपलब्ध हुन नसकेका कारण आर्थिक वर्ष २०७७/७८ यो प्रतिवेदन प्रकाशन गर्न केही ढिलो हुन गएको छ ।

यो प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी कार्यालयहरु, निजी क्षेत्रका संस्थाहरु तथा तथ्याङ्क संकलन गर्न सहयोग पुऱ्याउनु हुने यस बैंकका प्रदेशस्थित कार्यालयप्रति आभार प्रकट गर्दछु । यस प्रतिवेदन तयार पार्न संयोजन गर्नु हुने निर्देशक श्री लक्ष्मी प्रसाद प्रसाईलाई विशेष धन्यवाद दिन चाहन्छु। यसैगरी, यो प्रतिवेदन तयार पार्न संलग्न हुनु हुने आर्थिक विकास शाखाका उप-निर्देशकद्वय श्री प्रेम प्रसाद आचार्य र श्री जनकराज सापकोटा, सहायक निर्देशकत्रय श्री प्रतिभा थापा, श्री उदयराज पौडेल र श्री एलिशा मानन्धर तथा सहायकद्वय श्री रोहन ब्यञ्जनकार र श्री कुशल ढकाललाई धन्यवाद दिन चाहन्छु।

डा. प्रकाश कुमार श्रेष्ठ
कार्यकारी निर्देशक

# विषय-सूची


| | | | पेज नं. |
|---|---|---|---|
| **सारांश** | | | |
| **परिच्छेद १ :** | **अध्ययन परिचय** | | १ |
| **परिच्छेद २ :** | **अन्तर्राष्ट्रिय आर्थिक स्थिति** | | ३ |
| **परिच्छेद ३ :** | **कृषि क्षेत्र** | | ७-१८ |
| | ३.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ७ |
| | ३.२ | कृषि उत्पादन | ८ |
| | ३.३ | पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन | १० |
| | ३.४ | सिँचाई | १२ |
| | ३.५ | क्षेत्रगत कृषि कर्जा | १३ |
| | ३.६ | सहुलियतपूर्ण कृषि कर्जा | १४ |
| | ३.७ | कृषि क्षेत्रका चुनौती र सम्भावना | १५ |
| **परिच्छेद ४ :** | **उद्योग क्षेत्र** | | १९-२८ |
| | ४.१ | उद्योगको विवरण | १९ |
| | ४.२ | उद्योगको क्षमता उपयोग र उत्पादन | २० |
| | ४.३ | क्षेत्रगत औद्योगिक कर्जा | २१ |
| | ४.४ | औद्योगिक क्षेत्रका चुनौती र सम्भावना | २३ |
| **परिच्छेद ५ :** | **सेवा क्षेत्र** | | २९-४२ |
| | ५.१ | पर्यटन | २९ |
| | ५.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | ३० |
| | ५.३ | वित्तीय सेवा | ३२ |
| | ५.४ | सेवा क्षेत्र कर्जा | ३४ |
| | ५.५ | यातायात तथा संचार | ३५ |
| | ५.६ | सहुलियतपूर्ण कर्जा | ३६ |
| | ५.७ | विपन्न वर्ग कर्जा | ३७ |
| | ५.८ | पुनरकर्जा | ३८ |
| | ५.९ | सहकारी क्षेत्र | ३८ |
| | ५.१० | सेवा क्षेत्रको चुनौती र सम्भावना | ३९ |
| **परिच्छेद ६ :** | **पूर्वाधार क्षेत्र** | | ४३-५३ |
| | ६.१ | पूर्वाधार स्थिति | ४३ |
| | ६.२ | पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना | ५० |
| **परिच्छेद ७ :** | **वाह्य क्षेत्र र रोजगारी** | | ५४-६१ |
| | ७.१ | वैदेशिक व्यापार | ५४ |
| | ७.२ | रोजगारी | ५७ |
| | ७.३ | बाह्य क्षेत्रका चुनौती र सम्भावना | ६० |
| **परिच्छेद ८ :** | **संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजना** | | ६२-६६ |
| | ८.१ | कार्यक्रम तथा परियोजनाको कार्यान्वयन | ६२ |
| | ८.२ | अन्य कार्यक्रमको कार्यान्वयन | ६३ |
| **परिच्छेद ९ :** | **आर्थिक परिदृष्य** | | ६७ |

# सारांश

## अन्तर्राष्ट्रिय स्थिति

१. अन्तर्राष्ट्रिय मुद्रा कोषको तथ्याङ्कअनुसार सन् २०२० मा ३.१ प्रतिशतले ऋणात्मक रहेको विश्वको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर सन् २०२१ मा ५.९ प्रतिशत रहने प्रक्षेपण रहेको छ ।

२. सन् २०२० मा ऋणात्मक रहेको जी. ७ अन्तर्गत रहेका विकसित देशहरुको आर्थिक वृद्धि सन् २०२१ मा सुधार भई धनात्मक रहने प्रक्षेपण रहेको छ ।

३. सन् २०२० मा भारतको आर्थिक वृद्धिदर ७.३ प्रतिशतले ऋणात्मक रह्यो भने चीनको आर्थिक वृद्धिदर २.३ प्रतिशत रहन गयो ।

## कृषि

४. समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन १.६ प्रतिशतले बढेको छ । यस्ता बालीले ढाकेको भू-क्षेत्र भने ०.१ प्रतिशतले घटेको छ ।

५. तरकारी उत्पादनमा २.० प्रतिशतले वृद्धि भएको छ । फलफूल तथा मसलाको उत्पादन ४.६ प्रतिशतले बढेको छ ।

६. पशुजन्य उत्पादनअन्तर्गत दूध उत्पादन ५.३ प्रतिशत, मासु उत्पादन ११.५ प्रतिशत र अण्डा उत्पादन ३६.७ प्रतिशतले वृद्धि भएको छ । वनजन्य उत्पादनअन्तर्गत औषधिजन्य वस्तुको उत्पादन ३०.० प्रतिशत र काठको उत्पादन ३१.६ प्रतिशतले बढेको छ ।

## उद्योग

७. समीक्षा वर्षमा उद्योगको क्षमता उपयोग औसतमा ५२.२ प्रतिशत रहेको छ ।

८. २०७८ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जामा औद्योगिक क्षेत्रमा प्रवाह भएको कर्जाको अंश ३२.८ प्रतिशत रहेको छ ।

## सेवा

९. समीक्षा वर्षमा पर्यटक आगमन ६८ हजार ७ सय २६ रहेको छ । समीक्षा वर्षको अन्तसम्ममा पर्यटकस्तरीय होटल तथा लजको संख्या ९.४ प्रतिशत र शैया संख्या ४.५ प्रतिशतले वृद्धि भएको छ ।

१०. घरजग्गा रजिष्ट्रेशन संख्या ८.५ प्रतिशत र रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व ७४.६ प्रतिशतले बढेको छ । घर भवन स्थायी नक्शा पास संख्या भने ११.५ प्रतिशतले बढेको छ ।

११. २०७७ असार मसान्तको तुलनामा २०७८ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाको निक्षेप २०.५ प्रतिशतले र कर्जा प्रवाह २८.१ प्रतिशतले वृद्धि भएको छ । औसत कर्जा-निक्षेप अनुपात ८८.० प्रतिशत रहेको छ ।

१२. बैंक तथा वित्तीय संस्थाको कुल निक्षेपमा बागमती प्रदेशको अंश ६७.७ प्रतिशत र कुल कर्जामा यस प्रदेशको अंश ५६.४ प्रतिशत रहेको छ । निक्षेप र कर्जामा कर्णाली प्रदेशको हिस्सा सवैभन्दा कम १.२ प्रतिशत रहेको छ ।

१३. समीक्षा अवधिमा यातायात साधनको संख्या १५.५५ प्रतिशतले वृद्धि भएको छ ।

## पूर्वाधार

१४. विद्युत जडित क्षमता १ हजार ४ सय ५८ मेगावाट पुगेको छ भने प्रतिव्यक्ति विद्युत खपत २ सय ६० किलोवाट घण्टा पुगेको छ ।

१५. नेपालमा उडान भर्ने अन्तर्राष्ट्रिय वायुसेवाको संख्या २७ रहेको छ भने पक्की धावन मार्गसहित सबै मौसममा सञ्चालनमा रहेका विमानस्थलको संख्या ३५ रहेको छ ।

# परिच्छेद १
# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

मौद्रिक नीति तथा विदेशी विनिमय नीतिमार्फत् मूल्य स्थायित्व, वाह्य क्षेत्र स्थायित्व, समग्र वित्तीय क्षेत्र स्थायित्व तथा आर्थिक वृद्धिको लागि साधन सुनिश्चित गर्नु नेपाल राष्ट्र बैंकको उद्देश्यहरु रहेका छन् । बैंकले देशको आर्थिक गतिविधिसम्बन्धी अध्ययन गरी सोहीबमोजिम आर्थिक नीति निर्माण गर्दै आएको छ । बैंकले यस्ता अध्ययनमार्फत् सरोकारवालाहरुलाई नीति निर्माण र आर्थिक निर्णयहरु गर्न समेत सहयोग पुर्‍याउँदै आएको छ ।

नेपाल राष्ट्र बैंङ्कले वि.सं. २०२५ देखि उपत्यकाबाहिर रहेका शाखा तथा उपशाखा कार्यालयमा सम्वाददाता फाँटको व्यवस्था गरी आर्थिक गतिविधिसँग सम्बन्धित सूचना एवं तथ्याङ्क संकलन गर्ने गरेको थियो । उक्त फाँटले स्थानीय आर्थिक गतिविधिको जानकारी तोकिएको ढाँचामा समय-समयमा अनुसन्धान विभागमा पठाउने गर्दथ्यो । वि.सं. २०३२ मा कार्य निर्देशिका जारी गरी सम्वाददाता फाँटलाई क्षेत्रीय अनुसन्धान केन्द्रमा परिणत गरियो । क्षेत्रीय अनुसन्धान केन्द्रबाट आर्थिक गतिविधि सम्बन्धी अध्ययन हुने गरेकोमा वि.सं. २०४९ देखि उपत्यका बाहिरका कार्यालयमा बैंकिङ्ग विकास तथा अनुसन्धान ईकाइको व्यवस्था गरी क्षेत्रीय स्तरमा सोही ईकाइ तथा आर्थिक अनुसन्धान विभाग, आर्थिक विकास महाशाखामार्फत् काठमाडौं उपत्यका एवं आसपासका क्षेत्रका आर्थिक गतिविधिको अध्ययन कार्य नियमित रुपमा हुँदै आएको थियो ।

आर्थिक वर्ष २०६७/६८ देखि “नेपाल राष्ट्र बैङ्कका उपत्यका बाहिरका कार्यालयद्वारा सम्पादन गरिने अध्ययन-अनुसन्धान कार्यसम्बन्धी मार्गदर्शन, २०६७” अनुरुप देशका ४१ जिल्ला समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरेको थियो । आर्थिक वर्ष २०७०/७१ देखि देशका ४७ जिल्ला समेटी आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्न थालियो । आर्थिक वर्ष २०७३/७४ देखि १० जिल्ला थप गरी ५७ जिल्लाको आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पार्ने गरिएको थियो ।

देश संघीय संरचनामा गएपश्चात् आर्थिक गतिविधि अध्ययन प्रतिवेदनलाई संघीय संरचनाअनुरुप प्रकाशन गर्ने उद्देश्यले अर्थिक वर्ष २०७६/७७ देखि देशका ७ वटै प्रदेशका ७७ जिल्लालाई समावेश गरी एकीकृत र प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदनहरु तयार गर्ने गरिएको छ ।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य संघीय संरचना अनुसार तीन तहको सरकार रहने संवैधानिक व्यवस्था बमोजिम प्रादेशिक संरचनाअनुसार आर्थिक गतिविधि अध्ययन/विश्लेषण गर्ने र आर्थिक विश्लेषण तथा नीति तर्जुमाका लागि सूचना एवं तथ्याङ्कको दायरा विस्तार गर्ने रहेको छ । साथै, विभिन्न आर्थिक क्षेत्रहरुको स्थिति र यसमा भईरहेको परिवर्तनहरुलाई विश्लेषण गर्ने समेत यस अध्ययनको उद्देश्य रहेको छ ।

## १.३ अध्ययन विधि

आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्नका लागि आवश्यक पर्ने अधिकांश तथ्याङ्क तथा सूचना स्थलगत भ्रमण गरी संकलन गरिएको छ । कृषिसम्बन्धी तथ्याङ्क संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रादेशिक भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय एवं मातहतका निर्देशनालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट संकलन गरिएको छ । औद्योगिक उत्पादनसम्बन्धी तथ्याङ्क नमूना छनौटमा परेका उद्योगबाट स्थलगत भ्रमण गरी संकलन गरिएको छ भने बैंकिङ्ग तथ्याङ्क बैंक तथा वित्तीय संस्थाबाट संकलन गरिएको छ ।

यसैगरी, पर्यटनसँग सम्बन्धित तथ्याङ्क पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, होटल व्यवसायी संघ एवं नमूना छनौटमा परेका होटलबाट, घरजग्गा नक्शापास तथ्याङ्क नगरपालिकाबाट, पूर्वाधारसम्बन्धी तथ्याङ्क अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा पूर्वाधार विकास कार्यालयहरुबाट संकलन गरिएको छ । स्थानीय सरकार, बैंक तथा वित्तीय संस्था एवं अन्य निजी/सार्वजनिक निकायबाट द्वितीय तथ्याङ्क संकलन गरिएको छ ।

तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, फ्याक्स, वेवसाइट, EMAP तथा टेलिफोनलगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ । पूर्वाधार, संघीय आयोजना, परियोजना तथा कार्यक्रम लगायतका केही तथ्याङ्क आर्थिक सर्वेक्षणबाट समेत लिइएको छ । समीक्षा वर्ष, गत वर्ष र दुई वर्ष अघिको तथ्याङ्क संकलन गरी समीक्षा वर्ष र गत वर्षको प्रतिशत परिवर्तनको आधारमा तथ्याङ्क विश्लेषण गरिएको छ ।

## १.४ अध्ययनको सीमा

प्रत्येक जिल्लाबाट तथ्याङ्क संकलन गरी एकीकृत गरिएकोले कृषि उत्पादन, सिँचाई, पूर्वाधार लगायतका तथ्याङ्क देशको समग्र तथ्याङ्कसँग केही फरक पर्न गएका छन् । देश संघीय संरचनामा गएपश्चात् कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्य एवं सञ्चार लगायतका तथ्याङ्कलाई व्यवस्थित गर्ने कार्य जारी रहेकाले यससम्वन्धी तथ्याङ्क पूर्ण रुपमा संकलन गर्न कठिनाई रहेको स्थिति छ । यसर्थ, तीनै तहका सरकारी कार्यालयहरुले तथ्याङ्क संकलन र व्यवस्थापनलाई प्राथमिकतामा राख्नु पर्ने आवश्यकता छ । कतिपय निजी उद्योग तथा प्रतिष्ठानहरुले तथ्याङ्क उपलब्ध गराउन हिच्किचाउने, समयमा नै उपलब्ध नगराउने र अपूर्ण तथ्याङ्क दिने गरेकोले यथार्थ आर्थिक स्थिति समयमा नै उजागर गर्न कठिनाई हुने गरेको स्थिति छ । कोभिड-१९ को कारण तथ्याङ्क प्रदायक कार्यालय तथा उद्योगहरु समान्य अवस्थामा सुचारु हुन नसकेकाले स्थलगत तथ्याङ्क संकलनमा कठिनाई भएको थियो ।

## १.५ अध्ययन प्रतिवेदनको ढाँचा

अध्ययनलाई ९ वटा परिच्छेदमा प्रस्तुत गरिएको छ । परिच्छेद १ मा अध्ययनको परिचय, परिच्छेद २ मा कृषि, उद्योग र सेवा क्षेत्रको अन्तर्राष्ट्रिय स्थिति, परिच्छेद ३ मा कृषि, परिच्छेद ४ मा उद्योग, परिच्छेद ५ मा सेवा, परिच्छेद ६ मा पूर्वाधार र परिच्छेद ७ मा वाह्य क्षेत्रसँग सम्बन्धित तथ्याङ्क प्रस्तुत गरिएको छ । यसैगरी, परिच्छेद ८ मा संघीय एवं प्रादेशिक योजना तथा कार्यक्रम र परिच्छेद-९ मा आर्थिक परिदृश्य प्रस्तुत गरिएको छ ।

# परिच्छेद २
# अन्तर्राष्ट्रिय आर्थिक स्थिति

## २.१ विश्व आर्थिक स्थिति

विकसित मुलुकहरुले अवलम्वन गरेको प्रारम्भिक नीतिगत प्रयासहरु र कोभिड-१९ विरुद्ध खोपको उपलब्धताका कारण गत वर्ष संकुचनमा गएको विश्व अर्थतन्त्र पुनरुत्थान हुन थालेको विश्लेषण रहेको छ । महामारीको प्रभाव कम भएसँगै अधिकांश मुलुकहरुको आर्थिक गतिविधिमा सुधार आई आर्थिक वृद्धिदर सुधार हुने तथा रोजगारी सृजना हुने देखिन्छ। तथापि, कोरोना भाईरसको नयाँ संक्रामक रुपहरु देखापर्दै गएकाले अबका दिनमा मुलुकहरुले अवलम्बन गर्ने नीति तथा कार्यक्रम र खोपको प्रभावकारिताले आर्थिक पुनरुत्थानको गति निर्धारण गर्ने देखिन्छ ।

अन्तर्राष्ट्रिय मुद्रा कोषको तथ्याङ्कअनुसार सन् २०२० मा ३.१ प्रतिशतले ऋणात्मक रहेको विश्वको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर सन् २०२१ मा ५.९ प्रतिशत रहने प्रक्षेपण रहेको छ । सन् २०२० मा ऋणात्मक रहेको जी ७ अन्तर्गत रहेका विकसित देशहरुको आर्थिक वृद्धि सन् २०२१ मा सुधार भई धनात्मक रहने प्रक्षेपण रहेको छ भने बेरोजगारीका दरहरुमा गिरावट आउने प्रक्षेपण गरिएको छ ।

**तालिका २.१ : विश्वको आर्थिक वृद्धिदर र बेरोजगारीको स्थिति**

| मुलुक | आर्थिक वृद्धिदर | | बेरोजगारी दर | |
|---|---|---|---|---|
| | २०२० | २०२१प्र | २०२० | २०२१प्र |
| क्यानडा | -५.३ | ५.७ | ९.६ | ७.७ |
| फ्रान्स | -८.० | ६.३ | ८.० | ८.१ |
| जर्मनी | -४.६ | ३.१ | ३.८ | ३.७ |
| इटाली | -८.९ | ५.८ | ९.३ | १०.३ |
| जपान | -४.६ | २.४ | २.८ | २.८ |
| बेलायत | -९.८ | ६.८ | ४.५ | ५.० |
| अमेरिका | -३.४ | ६.० | ८.१ | ५.४ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, २०२१*
*प्र : प्रक्षेपण*

सन् २०२१ मा कोभिड-१९ को महामारीको प्रभाव क्रमशः कम हुने देखिएकाले नेपालीको प्रमुख वैदेशिक रोजगार गन्तव्य मुलुकहरुको अर्थतन्त्रमा सुधार हुँदै जाने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण रहेको छ । सन् २०२० मा नेपालीको प्रमुख श्रम गन्तव्य मुलुकहरु दक्षिण कोरिया, कतार, साउदी अरेबिया र मलेसिया लगायतका देशहरुको आर्थिक वृद्धिदर ऋणात्मक रहेकाले वैदेशिक रोजगारमा समेत नकारात्मक असर परेको थियो ।

**तालिका २.२ : नेपालीको वैदेशिक रोजगारको प्रमुख गन्तव्य मुलुकहरुको आर्थिक वृद्धिदर ।**

| मुलुक | आर्थिक वृद्धिदर | |
|---|---|---|
| | २०२० | २०२१प्र |
| अफगानिस्तान | –२.४ | – |
| बहराईन | –५.१ | २.४ |
| जापान | –४.६ | २.४ |
| कुवेत | –८.९ | ०.९ |
| मलेसिया | –१.१ | २.५ |
| ओमान | –२.८ | २.५ |
| कतार | –३.६ | १.९ |
| साउदी अरेबिया | –४.१ | २.८ |
| दक्षिण कोरिया | ०.५ | २.२ |
| यूएई | –६.१ | २.२ |

*स्रोत: अन्तर्राष्ट्रिय मुद्रा कोष, २०२१*

कोभिड-१९ का कारण ऋणात्मक रहेको नेपालका छिमेकी मुलुकहरुको आर्थिक गतिविधिमा सन् २०२१ मा सुधार हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण रहेको छ । सन् २०२० मा ३२.२ प्रतिशतले ऋणात्मक रहेको पर्यटनमा निर्भर माल्दिभ्सको आर्थिक वृद्धि सन् २०२१ मा १८.९ प्रतिशत रहने प्रक्षेपण रहेको छ । दक्षिण एसियाका ठूला अर्थतन्त्र भारत र चीनको आर्थिक विस्तार उल्लेख्य रहने देखिन्छ । सन् २०२१ मा भारतको आर्थिक वृद्धिदर ९.५ प्रतिशत र चीनको अर्थिक वृद्धिदर ८.० प्रतिशत रहने प्रक्षेपण गरिएको छ ।

**तालिका २.३ : दक्षिण एशियाली देशहरु तथा चीनको आर्थिक वृद्धिदर**

| मुलुक | २०२० | २०२१प्र |
|---|---|---|
| अफगानिस्तान | –२.४ | – |
| बंगलादेश | ३.५ | ४.६ |
| भुटान | –०.८ | –१.९ |
| भारत | –७.३ | ९.५ |
| माल्दिभ्स | –३२.० | १८.९ |
| नेपाल | –२.१ | ४.० |
| पाकिस्तान | –०.५ | ३.९ |
| श्रीलङ्का | –३.६ | ३.६ |
| चीन | २.२ | ८.० |

*स्रोत : अन्तर्राष्ट्रिय मुद्रा कोष, २०२१, केन्द्रीय तथ्याङ्क विभाग, २०७८*
*नेशनल व्यूरो अफ स्ट्याटिस्टिक्स, चीन २०२१ डिसेम्बर*

आर्थिक वर्ष २०७७/७८ मा नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २५.८ प्रतिशत, १३.१ प्रतिशत र ६१.१ प्रतिशत रहेको छ भने कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धिदर क्रमश : २.६ प्रतिशत, ५.० प्रतिशत र ४.४ प्रतिशत रहेको छ ।

छिमेकी मुलुक भारत र चीनको कुल गार्हस्थ्य उत्पादनको संरचनामा सेवा क्षेत्र र उद्योग क्षेत्रको योगदान बढी रहने गरेको छ । सन् २०२० मा भारतको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २०.२ प्रतिशत, २५.९ प्रतिशत र ५३.९ प्रतिशत रहेको छ भने कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धिदर क्रमश : ३.६ प्रतिशत, -७.० प्रतिशत र -८.४ प्रतिशत रहेको छ । साथै, चीनको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ७.७ प्रतिशत, ३७.८ प्रतिशत र ५४.५ प्रतिशत रहेको छ भने कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धिदर क्रमशः ३.१ प्रतिशत, २.५ प्रतिशत र १.९ प्रतिशत रहेको छ ।

**तालिका २.४ : नेपाल, भारत र चीनको क्षेत्रगत वृद्धिदर तथा हिस्सा (प्रतिशतमा)**

| क्षेत्र | भारत | | चीन | | नेपाल | |
|---|---|---|---|---|---|---|
| | हिस्सा | वृद्धिदर | हिस्सा | वृद्धिदर | हिस्सा | वृद्धिदर |
| कृषि | २०.२ | ३.६ | ७.७ | ३.१ | २५.८ | २.६ |
| उद्योग | २५.९ | -७.० | ३७.८ | २.५ | १३.१ | ५.० |
| सेवा | ५३.९ | -८.४ | ५४.५ | १.९ | ६१.१ | ४.४ |
| कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर | -७.३ | | २.२ | | ४.० | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०७८, आर्थिक सर्वेक्षण, भारत २०२०/२१*
*नेशनल व्यूरो अफ स्ट्याटिस्टिक्स, चीन २०२१ डिसेम्बर*

## २.२ मूल्य स्थिति

अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२१ मा विश्वका अधिकांश अर्थतन्त्रको मूल्यवृद्धि दर सन् २०२० को तुलनामा उच्च रहने प्रक्षेपण रहेको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार सन् २०२० मा ३.२ प्रतिशत रहेको विश्व अर्थतन्त्रको मूल्यवृद्धि दर सन् २०२१ मा ४.३ प्रतिशत रहने प्रक्षेपण गरिएको छ।

**तालिका २.५ : विश्वको मुद्रास्फीति**
**(उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)**

| अर्थतन्त्र | २०२० | २०२१[प्र] |
|---|---|---|
| विश्व अर्थतन्त्र | ३.२ | ४.३ |
| विकसित अर्थतन्त्र | ०.७ | २.८ |
| उदीयमान तथा विकासशील अर्थतन्त्र | ५.१ | ५.५ |
| उदीयमान तथा विकासशील एशिया | ३.१ | २.३ |
| उदीयमान तथा विकासशील युरोप | ५.४ | ८.४ |
| मध्यपूर्व तथा उत्तर अफ्रिकी मुलुकहरू | १०.१ | १२.७ |
| न्यून आय भएका विकासशील अर्थतन्त्र | ११.४ | ११.५ |

*स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष*

सन् २०२० को तुलनामा सन् २०२१ मा भारत र चीनको उपभोक्ता मुद्रास्फीतिदर घट्ने प्रक्षेपण गरिएको छ । सन् २०२० मा भारत र चीनको उपभोक्ता मुद्रास्फीति क्रमशः ६.२ प्रतिशत र २.४ प्रतिशत रहेकोमा सन् २०२१ मा ५.६ प्रतिशत र १.१ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। दक्षिण एसियाली मुलुकहरु मध्ये पाकिस्तानको मुद्रास्फीति सबैभन्दा बढी र माल्दिभ्सको मुद्रास्फीति सबैभन्दा कम रहेको छ । विगत दुई वर्षदेखि नेपालको मुद्रस्फीति भारतको भन्दा कम रहन गएको छ।

**तालिका २.६ : दक्षिण एशियाली मुलुक तथा चीनको मुद्रास्फीति**
**(उपभोक्ता मूल्यमा आधारित, प्रतिशत)**

| मुलुक | २०२० | २०२१[प्र] |
|---|---|---|
| अफगानिस्तान | ५.६ | - |
| बंगलादेश | ५.६ | ५.६ |
| भुटान | ४.२ | ६.३ |
| भारत | ६.२ | ५.६ |
| माल्दिभ्स | -१.६ | १.४ |
| नेपाल | ६.१ | ३.६ |
| पाकिस्तान | १०.७ | ८.९ |
| श्रीलङ्का | ४.६ | ५.१ |
| चीन | २.४ | १.१ |

*स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष २०२१, नेपाल राष्ट्र बैंक, २०७८*


अन्तर्राष्ट्रिय बजारमा २०७७ असार मसान्तमा प्रति ब्यारल ४३.९६ अमेरिकी डलर रहेको कच्चा पेट्रोलियमको मूल्य २०७८ असार मसान्तमा ६९.५ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ७४.५३ पुगेको छ । कोभिड-१९ को कारण संकुचनमा आएको विश्वको आर्थिक गतिविधि हालका महिनामा चलायमान भई तेलको माग बढ्दै गएकोले कच्चा तेलको मूल्य वृद्धि हुन गएको छ ।

# परिच्छेद ३
# कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७७/७८ मा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी एवं फलफूल तथा मसला) ले ढाकेको कुल क्षेत्रफल ०.२ प्रतिशतले बढेको छ। गत वर्ष यस्तो क्षेत्रफल ०.३ प्रतिशतले बढेको थियो।

**खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल ०.१ प्रतिशतले घटेको छ। गत वर्ष यस्तो क्षेत्रफल ०.२ प्रतिशतले घटेको थियो। समग्र कृषि बालीको क्षेत्रफलमा धान बालीको क्षेत्रफल सबैभन्दा धेरै ३०.० प्रतिशत रहेको छ।




*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*

**तरकारी :** समीक्षा वर्षमा तरकारी बालीले ढाकेको क्षेत्रफल ३.२ प्रतिशतले बढेको छ भने बागवानीले ढाकेको क्षेत्रफल ७.७ प्रतिशतले बढेको छ। गत वर्ष उक्त क्षेत्रफलहरु क्रमश: १.४ प्रतिशत र १४.८ प्रतिशतले बढेका थिए।

**फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल २.३ प्रतिशतले बढेको छ। गत वर्ष यस्ता बालीले ढाकेको क्षेत्रफल ७.२ प्रतिशतले बढेको थियो।

**प्रदेशगत स्थिति :** समीक्षा वर्षमा प्रदेश नं. १, प्रदेश नं. २ र कर्णाली प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल वृद्धि भएको छ भने बागमती प्रदेश, गण्डकी, लुम्बिनी र सुदूर पश्चिम प्रदेशमा घटेको छ। तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफल सबै प्रदेशमा वृद्धि भएको छ। समीक्षा वर्षमा प्रदेश नं. १ र लुम्बिनी प्रदेश बाहेक अरू सबै प्रदेशमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल वृद्धि भएको छ। धान बालीले ढाकेको कुल क्षेत्रफलमा प्रदेश नं. २ को हिस्सा सबैभन्दा बढी (२५.६ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (२.६ प्रतिशत) रहेको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १(क-ख) मा प्रस्तुत गरिएको छ।

**तालिका ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र**

| प्रदेश | क्षेत्रफल (हेक्टर) | | | प्रदेशगत हिस्सा(प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| प्रदेश नं. १ | ९१८७९० | ५१३६६ | ७५२९२ | २१.२ | १४.९ | २५.९ |
| प्रदेश नं. २ | ८५४७७१ | ८११९१ | ५४३३२ | १९.७ | २३.६ | १८.७ |
| बागमती प्रदेश | ५३७३३१ | ११३४४८ | ४१४२५ | १२.४ | ३२.९ | १४.३ |
| गण्डकी प्रदेश | ४६९१६८ | २१०७२ | २०५५३ | १०.८ | ६.१ | ७.१ |
| लुम्बिनी प्रदेश | ७६४१६९ | ३९२९४ | ३०६४६ | १७.७ | ११.४ | १०.५ |
| कर्णाली प्रदेश | २८८८८० | १५३७५ | ४९४२५ | ६.७ | ४.५ | १७.० |
| सुदूर पश्चिम प्रदेश | ४९५३५६ | २२९११ | १८९२७ | ११.४ | ६.६ | ६.५ |
| **जम्मा** | **४३२८४६४** | **३४४६५७** | **२९०५९९** | **१००** | **१००** | **१००** |


*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*

खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा बढी २१.२ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६.७ प्रतिशत रहेको छ (तालिका ३.१) । तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफलमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३२.९ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.५ प्रतिशत रहेको छ । यसैगरी, फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमा प्रदेश नं. १ को हिस्सा सबैभन्दा बढी २५.९ प्रतिशत र सुदूर पश्चिम प्रदेशको हिस्सा सबैभन्दा कम ६.५ प्रतिशत रहेको छ ।

## ३.२ कृषि उत्पादन

समीक्षा अवधिमा प्रमुख कृषि बाली (खाद्य तथा अन्य बाली, तरकारी र फलफूल तथा मसला) को कुल उत्पादन १.९ प्रतिशतले बढेको छ । गत वर्ष यस्ता बालीको उत्पादन १.३ प्रतिशतले घटेको थियो ।

**खाद्य तथा अन्य बाली :** समीक्षा वर्षमा खाद्य तथा अन्य बालीको उत्पादन १.६ प्रतिशतले बढेको छ भने गत वर्ष यस्तो उत्पादन २.९ प्रतिशतले घटेको थियो । समग्र कृषि बालीको उत्पादनमा धान बालीको उत्पादन सबैभन्दा बढी २३.६ प्रतिशत रहेको छ ।




*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*

### धान बालीको उत्पादनको प्रवृत्ति

विगत दश वर्षमा समग्र देशको धान बाली उत्पादनको तथ्याङ्क देहायबमोजिम रहेको छ । दश वर्षको तथ्याङ्क विश्लेषण गर्दा समग्रमा धान बालीको उत्पादकत्व बढ्दो क्रममा देखिन्छ । आधुनिक कृषि खेती तथा उन्नत विउको प्रयोगले धान बालीको उत्पादकत्वमा वृद्धि भएको हो ।

**तालिका ३.२ धान बालीको उत्पादन**

| आर्थिक वर्ष | क्षेत्रफल (हजार हेक्टरमा) | उत्पादन (मेटिक टनमा) | उत्पादकत्व (मे.टन प्रति हेक्टर) |
|---|---|---|---|
| २०६८/६९ | १५३१ | ५०७२ | ३.३ |
| २०६९/७० | १४२० | ४५०४ | ३.२ |
| २०७०/७१ | १४८७ | ५०४७ | ३.४ |
| २०७१/७२ | १४२६ | ४७८९ | ३.४ |
| २०७२/७३ | १३६३ | ४२९९ | ३.२ |
| २०७३/७४ | १५५२ | ५२३० | ३.४ |
| २०७४/७५ | १४६९ | ५१५२ | ३.५ |
| २०७५/७६ | १४९२ | ५६१० | ३.८ |
| २०७६/७७ | १४५९ | ५५५१ | ३.८ |
| २०७७/७८ | १४७३ | ५६२२ | ३.८ |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय*

**तरकारी :** समीक्षा वर्षमा तरकारी उत्पादन २.० प्रतिशतले बढेको छ। गत वर्ष तरकारी उत्पादन ३.५ प्रतिशतले बढेको थियो ।

**फलफूल तथा मसला :** समीक्षा वर्षमा फलफूल तथा मसला बालीको समग्र उत्पादन ४.६ प्रतिशतले बढेको छ। गत वर्ष यस्तो उत्पादन ३.२ प्रतिशतले बढेको थियो।

**प्रदेशगत स्थिति :** समीक्षा वर्षमा प्रदेश नं. २, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा खाद्य तथा अन्य बालीको उत्पादन बढेको छ भने प्रदेश नं. १ र बागमती प्रदेशमा घटेको छ। तरकारी उत्पादन प्रदेश नं. २, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा बढेको छ भने प्रदेश नं. १ र कर्णाली प्रदेशमा घटेको छ। यसैगरी, फलफूल तथा मसलाजन्य बालीको उत्पादन प्रदेश नं. २, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशमा बढेको छ भने प्रदेश नं. १ र कर्णाली प्रदेशमा घटेको छ। धान बालीको कुल उत्पादनमा प्रदेश नं. २ को हिस्सा सबैभन्दा बढी २५.५ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम २.४ प्रतिशत रहेको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका २ (क-ख) मा प्रस्तुत गरिएको छ।

**तालिका ३.३ कृषि बालीको उत्पादन (मे.टन)**

| प्रदेश | उत्पादन (मेट्रिक टन) | | | प्रदेशगत हिस्सा (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|
| | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला | खाद्य तथा अन्य बाली | तरकारी तथा बागवानी | फलफूल तथा मसला |
| प्रदेश नं. १ | ३८३५१०२ | ७४१८५४ | ४२७८७८ | २१.६ | १७.४ | २३.० |
| प्रदेश नं. २ | ४७६२८९७ | १०७४७४५ | ५०९१८६ | २६.९ | २५.२ | २७.४ |
| बागमती प्रदेश | २१२६२६९ | ७१३५७१ | २४४९१० | १२.० | १६.७ | १३.२ |
| गण्डकी प्रदेश | १३९२८३२ | २५११६१ | १५०८२३ | ७.९ | ५.९ | ८.१ |
| लुम्बिनी प्रदेश | ३०१०९५८ | ६१९३१८ | २३२९३० | १७.० | १४.५ | १२.५ |
| कर्णाली प्रदेश | ७८४१७८ | ५७६७३९ | १२२७७५ | ४.४ | १३.५ | ६.६ |
| सुदूर पश्चिम प्रदेश | १८१०००२ | २९३६५८ | १७०६६३ | १०.२ | ६.९ | ९.२ |
| **जम्मा** | **१७७२२२३८** | **४२७१०४४** | **१८५९१६५** | **१००** | **१००** | **१००** |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि ज्ञान केन्द्रहरु*

खाद्य तथा अन्य बालीको उत्पादनमा प्रदेश नं. २ को हिस्सा सबैभन्दा बढी २६.९ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ४.४ प्रतिशत रहेको छ (तालिका ३.३)। तरकारी तथा बागवानी उत्पादनमा प्रदेश नं. २ को हिस्सा सबैभन्दा बढी २५.२ प्रतिशत र गण्डकी प्रदेशको हिस्सा सबैभन्दा कम ५.९ प्रतिशत रहेको छ। यसैगरी, फलफूल तथा मसला बालीको उत्पादनमा प्रदेश नं. २ को हिस्सा सबैभन्दा बढी २७.४ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ६.६ प्रतिशत रहेको छ।

## ३.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

**पशुजन्य उत्पादन :** समीक्षा वर्षमा दूध उत्पादन ५.३ प्रतिशतले बढेको छ। गत वर्ष दूध उत्पादन ५.८ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा मासु उत्पादन ११.५ प्रतिशतले बढेको छ भने गत वर्ष मासु उत्पादन १८.३ प्रतिशतले बढेको थियो। समीक्षा वर्षमा अण्डा उत्पादन ३६.७ प्रतिशत र ऊन उत्पादन १.२ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा अण्डा उत्पादन १०.५ प्रतिशतले बढेको थियो।

**माछा उत्पादन :** समीक्षा वर्षमा माछा उत्पादन ११.५ प्रतिशतले बढेको छ। गत वर्ष माछा उत्पादन १३.५ प्रतिशतले बढेको थियो।

**वनजन्य उत्पादन :** समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन ३१.६ प्रतिशत, दाउरा उत्पादन ३.१ प्रतिशत, औषधिजन्य वस्तुको उत्पादन ३०.० प्रतिशत र अन्य उत्पादन १२.३ प्रतिशतले बढेको छ। गत वर्षको सोही अवधिमा औषधिजन्य वस्तुको उत्पादन ७७.१ प्रतिशतले बढेको थियो भने काठ उत्पादन २६.० प्रतिशत, दाउरा २८.८ प्रतिशत र अन्य उत्पादन २५.३ प्रतिशतले घटेको थियो। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ३ (क-ख) मा दिइएको छ।


**तालिका ३.४ प्रमुख पशुपन्छीजन्य उत्पादन**

| प्रदेश | उत्पादन | | | | हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दूध (हजार लिटर) | मासु (मे.टन) | अण्डा (हजार गोटा) | माछा (मे.टन) | दूध | मासु | अण्डा | माछा |
| प्रदेश नं. १ | ६२९८६३ | ८७८५५ | २१०७३२ | ८३३७ | २०.७ | १४.३ | १४.८ | १२.० |
| प्रदेश नं. २ | ६१०४३२ | १२८६७९ | १०१२४६ | ३७६३७ | २०.१ | २०.९ | ७.१ | ५४.० |
| बागमती प्रदेश | ६८९०९५ | १०५९५२ | ४१९०१२ | ५६५४ | २२.७ | १७.२ | २९.५ | ८.१ |
| गण्डकी प्रदेश | २८२१८७ | ६२१६३ | ३४३७६९ | १९३६ | ९.३ | १०.१ | २४.२ | २.८ |
| लुम्बिनी प्रदेश | ५६६६९६ | १२५१४२ | २७५९६६ | १३०५८ | १८.७ | २०.३ | १९.४ | १८.७ |
| कर्णाली प्रदेश | १०५९४३ | ७५०९८ | ३७१२४ | ६४७ | ३.५ | १२.२ | २.६ | ०.९ |
| सुदूर पश्चिम प्रदेश | १५१६४९ | ३०६८६ | ३२३८८ | २३८६ | ५.० | ५.० | २.३ | ३.४ |
| **जम्मा** | **३०३५८६५** | **६१५५७४** | **१४२०२३७** | **६९६५५** | **१००** | **१००** | **१००** | **१००** |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु, २०७८*

बागमती प्रदेशमा सबैभन्दा बढी (२२.७ प्रतिशत) दूध उत्पादनको हिस्सा रहेको छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम (३.५ प्रतिशत) दूध उत्पादन भएको छ (तालिका ३.४)। मासु उत्पादनमा प्रदेश नं. २ को हिस्सा सबैभन्दा बढी (२०.९ प्रतिशत) र सुदूरपश्चिम प्रदेशको हिस्सा सबैभन्दा कम (५.० प्रतिशत) रहेको छ। अण्डा उत्पादनमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी (२९.५ प्रतिशत) र सुदूर पश्चिम प्रदेशको हिस्सा सबैभन्दा कम (२.३ प्रतिशत) रहेको छ। यसैगरी, माछा उत्पादनमा प्रदेश नं.२ को हिस्सा सबैभन्दा बढी (५४.० प्रतिशत) र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम (०.९ प्रतिशत) रहेको छ।

चार्ट ३.३ : प्रदेशगत दूध, मासु, अण्डा र माछा उत्पादन हिस्सा





*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु*

## ३.४ सिँचाई

समीक्षा वर्षमा कुल सिँचित क्षेत्रफलमा ३.३ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष कुल सिँचित क्षेत्रफल ३.० प्रतिशतले बढेको थियो । कुल खेती गरिएको भू-भागमध्ये ४१.४ प्रतिशत क्षेत्रफलमा सिँचाई सुविधा पुगेको छ । देशको कुल खेतीयोग्य क्षेत्रफलमा प्रदेश नं.१ को हिस्सा सबैभन्दा बढी २३.१ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम २.३ प्रतिशत रहेको छ ।

यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ४ (क-ख) मा प्रस्तुत गरिएको छ ।




*स्रोत : उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयहरु*

देशको कुल सिञ्चित क्षेत्रफलमा प्रदेश नं. २ को हिस्सा सबैभन्दा बढी २५.६ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम १.३ प्रतिशत रहेको छ (तालिका ३.५)।

**तालिका ३.५ : सिञ्चित क्षेत्रफलमा प्रदेशगत हिस्सा**


| प्रदेश | क्षेत्रफल (हेक्टरमा) | हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| प्रदेश नं. १ | २९३८८८ | २४.३ |
| प्रदेश नं. २ | ३०९५९३ | २५.६ |
| बागमती प्रदेश | १२६६७६ | १०.५ |
| गण्डकी प्रदेश | १६९८९१ | १४.१ |
| लुम्बिनी प्रदेश | १९००८५ | १५.७ |
| कर्णाली प्रदेश | १५२९४ | १.३ |
| सुदूर पश्चिम प्रदेश | १०३५१५ | ८.६ |
| **जम्मा** | **१२०८९४२** | **१००** |

*स्रोत : उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालयहरु*

## ३.५ क्षेत्रगत कृषि कर्जा

२०७७ असार मसान्तको तुलनामा २०७८ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कृषिमा प्रवाहित कर्जा ४२.० प्रतिशतले वृद्धि भई रु.२ खर्ब ७६ अर्ब ३५ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा २७.३ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा वर्षमा कुल कृषि कर्जामध्ये सबैभन्दा बढी रु.७५ अर्ब २४ करोड कर्जा अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा प्रवाह भएको छ भने सबैभन्दा कम सुर्ती बालीमा रु.१६ करोड २८ लाख प्रवाह भएको छ। कृषि क्षेत्रमा प्रवाहित कर्जामा प्रदेश नं. १ को अंश १६.८ प्रतिशत, प्रदेश नं. २ को अंश १६.० प्रतिशत, बागमती प्रदेशको अंश ३६.२ प्रतिशत, गण्डकी प्रदेशको अंश ९.५ प्रतिशत, लुम्बिनी प्रदेशको अंश १५.७ प्रतिशत, कर्णाली प्रदेशको अंश १.४ प्रतिशत र सुदूर पश्चिम प्रदेशको अंश ४.४ प्रतिशत रहेको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ५ (क-ख) मा प्रस्तुत गरिएको छ।

चार्ट ३.५ कृषि कर्जामा प्रदेशगत हिस्सा




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०७८*

## ३.६ सहुलियतपूर्ण कृषि कर्जा

२०७८ असार मसान्तसम्म सहुलियतपूर्ण कर्जातर्फ १ लाख ४ हजार १ सय ९ ऋणीलाई रु.१ खर्ब ६१ अर्ब ४३ करोड ऋण प्रवाह भएको छ । सो अवधिमा प्रवाहित सहुलियतपूर्ण कर्जामध्ये सबैभन्दा बढी व्यावसायिक कृषि तथा पशुपन्छी व्यवसायतर्फ ४६ हजार ५७ ऋणीलाई रु.१ खर्ब ६ अर्ब ९७ करोड कर्जा प्रवाह भएको छ भने अन्य शीर्षक अन्तर्गत ५८ हजार ५२ ऋणीको रु.५४ अर्ब ४५ करोड कर्जा बक्यौता रहेको छ ।

**तालिका ३.६ : सहुलियतपूर्ण कर्जाको विवरण**

| कर्जा प्रकार | ऋणी संख्या | | | कर्जा रकम (रु.दश लाखमा) | | |
|---|---|---|---|---|---|---|
| | २०७६ असार | २०७७ असार | २०७८ असार | २०७६ असार | २०७७ असार | २०७८ असार |
| व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा | १७,२०३ | २४,७६३ | ४६,०५७ | ३२,१८९.५ | ५४,११४.१ | १०६,९७८.४ |
| शिक्षित युवा स्वरोजगार कर्जा | २४ | ६५ | १४० | ११.५ | ३५.२ | ६३.७ |
| विदेशवाट फर्केका युवा परियोजना कर्जा | ४९ | २२१ | ८३९ | ३२.९ | १५१.७ | ५९८.० |
| महिला उद्यमशील कर्जा | ७९६ | ६,६८२ | ५५,५५१ | ५१२.२ | ४,३५३.५ | ५०,९८४.४ |
| दलित समुदाय व्यवसाय विकास कर्जा | ७० | ३५१ | ९६५ | ३६.३ | १८५.३ | ५७२.९ |
| उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा | ६० | ८४ | १११ | १४.५ | २०.० | २५.३ |
| भूकम्प पिडितहरुको निजी आवास निर्माण कर्जा | ९३ | २२१ | २३१ | २४.६ | ५४.७ | ४९.४ |
| कपडा उद्योग सञ्चालन | - | ६१ | २१० | - | ६४८.५ | २,१६२.५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्राविधिक तथा व्यावसायिक तालिम परिषदबाट मान्यता प्राप्त सदस्यबाट लिइने तालिम | - | - | २ | - | - | ०.४ |
| युवा स्वरोजगार कर्जा | - | - | ३ | - | - | १.१ |
| **जम्मा** | १८,२९५ | ३२,४४८ | १०४,१०९ | ३२,८२१.५ | ५९,५६३.० | १६१,४३६.२ |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०७८*

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### ३.७.१ चुनौती

कृषि क्षेत्रमा विद्यमान कतिपय चुनौतीहरु प्रदेशगत रुपमा फरक-फरक प्रकृतिका छन् भने अधिकांश चुनौतीहरु समान प्रकृतिका छन् । कृषि उपजको बजार तथा न्यूनतम मूल्य सुनिश्चित गर्नु, मल/बिऊ लगायत कृषि आगतको व्यवस्थापन गर्नु, वर्षैभरि भरपर्दो र दिगो सिँचाई सुविधा विस्तार गर्नु, शीत भण्डारको उचित व्यवस्था एवं व्यवस्थापन गर्नु, कृषि जमीन खण्डीकरण रोक्नु, कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण तथा विविधीकरण गर्नु, कृषिमा अनुसन्धान, प्रविधि तथा प्राविधिकको प्रयोग गरी कृषिको उत्पादकत्व बढाउनु, व्यावसायिक कृषिको विकास र विस्तार गर्नु, युवालाई कृषि क्षेत्रतर्फ आकर्षित गर्नु आदि जस्ता समान प्रकृतिका चुनौतीहरु विगतदेखि नै कृषि क्षेत्रमा विद्यमान रहेका छन् । साथै, जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा देखापरेका समस्याहरुको सामना गर्दै कृषि क्षेत्रलाई विकसित र समृद्ध बनाउँदै लैजाने चुनौती समेत कृषि क्षेत्रमा विद्यमान रहेको छ । यसैगरी, कोभिड महामारीपश्चात् स्वदेश तथा विदेशमा रोजगारी गुमाएका युवाहरुलाई कृषिमा आकर्षित गरी समग्र कृषि क्षेत्रको विकास तथा विस्तार गर्नु थप चुनौती रहेको छ । यीवाहेक प्रदेशगत रुपमा रहेका चुनौतीहरु देहायबमोजिम तालिका ३.७ मा दिइएको छ ।

**तालिका ३.७ : कृषि क्षेत्रको प्रदेशगत चुनौती**

| प्रदेश | कृषि क्षेत्रका चुनौती |
|---|---|
| प्रदेश नं. १ | • तुलनात्मक लाभ भएका कृषि उपजको पहिचान, उत्पादन र बजारीकरण गर्नु ।<br>• उपलब्ध शीतभण्डारको पूर्ण क्षमतामा उपयोग हुनेगरी मौसमी तरकारी र फलफूलको उत्पादन वृद्धि गर्नु ।<br>• माटोको उर्वरा शक्ति जोगाई राख्न प्राङ्गारिक मलको उत्पादन तथा प्रयोग बढाउनु । |
| प्रदेश नं. २ | • प्रदेशभित्र रहेको बाँझो जमिनलाई उपयोगमा ल्याउनु, निर्माणाधीन सिँचाई आयोजना तोकिएको समय र लागतमा सम्पन्न गर्नु, अव्यवस्थित शहरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्नु,<br>• कृषि अनुदानलाई लक्षित वर्गसम्म पुर्‍याउनु । |
| बागमती प्रदेश | • मेलम्ची र इन्द्रावती नदीमा आएको बाढीबाट भएको क्षतिलाई पुनरुत्थान गर्नु । उक्त बाढीबाट पुल र बाटोमा समेत क्षति भएकोले त्यस क्षेत्रमा उत्पादन हुने कृषि उपजको ढुवानी व्यवस्था मिलाउनु ।<br>• मौसममा आधारित कृषि प्रणालीलाई विस्थापित गर्न पर्याप्त सिँचाई सुविधाको सुनिश्चितता गर्नु ।<br>• ग्रामीण सडक निर्माणमा समन्वय नहुँदा कृषि तथा पशु उत्पादन पकेट क्षेत्रमा नियमित यातायात सेवामा कठिनाई भई बजारीकरणमा समस्या परेकोले सोको समाधान गर्नु । |
| गण्डकी प्रदेश | • आत्मनिर्भर हुन सक्ने कृषि उत्पादनलाई प्राथमिकतामा राखी सहुलियतपूर्ण ऋणको सरल र सहज उपलब्ध गराउनु,<br>• एकै प्रकृतिका कार्यक्रमका लागि तीनै तहका सरकारबीच समन्वय गर्नु । |

| | |
|---|---|
| | • पशु स्वास्थ्यमा केन्द्रित कार्यक्रमहरुको विस्तार गर्नु । |
| लुम्बिनी प्रदेश | • वैज्ञानिक भू-उपयोग नीति तर्जुमा तथा कार्यान्वयन गर्नु ।<br>• सिँचाईका लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था मिलाउनु ।<br>• स्थानीय तहहरुमा कृषि तथा पशुसेवा प्रसार कार्यको थालनी भर्खर मात्र शुरु भएको अवस्थामा पर्याप्त प्राविधिक जनशक्तिको व्यवस्था गर्नु । |
| कर्णाली प्रदेश | • स्थानीय उत्पादनको प्रबर्द्धन र संरक्षणका लागि आवश्यक स्थानीय बिउबिजनको संरक्षण गर्नु ।<br>• प्राङ्गारिक कृषि, जडिबुटी लगायतका प्रतिस्पर्धात्मक लाभ भएका कृषिजन्य वस्तुहरुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी व्यावसायिक खेतीतर्फ कृषकहरुलाई आकर्षित गर्नु । |
| सुदूरपश्चिम प्रदेश | • ४०.६ प्रतिशत हिमाली भू-भाग एवं ३५.५ प्रतिशत पहाडी भू-भाग रहेको यस प्रदेशमा सीमित कृषियोग्य भूमि, परम्परागत कृषि प्रणाली, आकाशे एवं निर्वाहमुखी खेती, खाद्य भण्डारको कमी जस्ता समस्याले ग्रसित कृषि क्षेत्रको विकास गरी उत्पादकत्व वृद्धि गर्नु ।<br>• ग्रामीण क्षेत्रमा रेमिट्यान्सको बढ्दो आयलाई कृषिमा आकृष्ट गरी उत्पादन अभिवृद्धि गर्नु । |

### ३.७.२ सम्भावना

कृषि प्रधान मुलुक भएकाले नेपालमा कृषिका विभिन्न सम्भावनाहरु रहेका छन् । प्रदेशगत रुपमा विद्यमान भौगोलिक र मौसमी विविधताले गर्दा विभिन्न प्रकारका कृषि वस्तुहरु उत्पादन गर्न सकिने सम्भावना रहेको छ । भौगोलिक विविधताअनुरुप एवं तुलनात्मक लाभका हिसाबले कृषि उत्पादन गर्ने हो भने अन्तर-प्रदेश कृषि उपजको व्यापार बढाउन र प्रवर्द्धन गर्न सकिने थुप्रै सम्भावना रहेका छन् । कोभिड-१९ का कारण वैदेशिक रोजगारीबाट नेपालीहरु फर्किएका, गैर-कृषि क्षेत्रमा महामारीका कारण प्रभावित भएका र जनसंख्यामा युवाहरुको ठूलो हिस्सा रहेको सन्दर्भमा युवाहरुलाई व्यावसायिक ढंगबाट कृषिमा परिचालन गर्न सक्ने हो भने कृषि क्षेत्रको विकास तथा विस्तारको ठूलो सम्भावना रहेको छ ।

स्थानीय तहले कृषिसँग सम्बन्धित क्षेत्रहरुमा अनुदान विस्तार गर्दै लगेको, कृषिसँग सम्वन्धित शैक्षिक जनशक्ति बढ्दै गएको, प्रति व्यक्ति आयमा सुधार हुँदै गएको कारण आन्तरिक माग बढेको, संचार तथा यातायातका सञ्जाल बढ्दै गएको, ग्रामीण क्षेत्र सहरीकृत हुँदै जान थालेको, विद्युत उत्पादनमा वृद्धि र सहज आपूर्तिको अवस्था रहेको, प्रोत्साहनमूलक कार्यक्रमहरुका कारण कृषि क्षेत्रतर्फ शिक्षित युवाहरुको आकर्षण बढ्दै गएको, वित्तीय पहुँच बढ्दै गएको, कृषि क्षेत्रमा वित्तीय स्रोत/साधनको उपयोग/परिचालन क्रमशः बढदै गएको, उच्च जैविक विविधता रहेको आदि जस्ता कारणहरुले गर्दा कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायिकीकरण गर्न सकिने सम्भावना सबै प्रदेशहरुमा रहेका छन् । यसबाहेक प्रदेशगत रुपमा रहेका सम्भावनाहरुलाई तालिका ३.८ मा दिइएको छ ।

**तालिका ३.८ : कृषि क्षेत्रको प्रदेशगत सम्भावना**

| प्रदेश | कृषि क्षेत्रका सम्भावना |
|---|---|
| प्रदेश नं. १ | • किवी, वेल, एभोकाडो, सुन्तला, कागती (भोजपुर), रुद्राक्ष, ड्रागनफ्रुट, सुपारी, प्राकृतिक रबर आदि तुलनात्मक लाभ भएका कृषि उपजको पकेट क्षेत्र तोकी निर्यातयोग्य कृषि उपजको उत्पादन वृद्धि गर्न सकिने ।<br>• पहाडमा बाँझो रहेका जमिनहरुमा हर्रो, बर्रो, अमला, बेल तथा रिट्ठा जस्ता वनजन्य उत्पादनको व्यावसायिक खेती गरी आर्युवेदिक औषधिका कच्चा पदार्थ उत्पादन गरी औषधिजन्य कच्चा पदार्थको आन्तरिक उत्पादन बढाउन सकिने ।<br>• यस प्रदेशको उच्च हिमाली भेगमा प्रशस्त मात्रामा खर्क, चौर तथा चरन क्षेत्र भएकाले पशुपालन (चौरीपालन, भेडापालन, बाखापालन) तथा जडीबूटी (चिराइतो, पाँचऔले, जटामसी, पाषणभेद जस्ता) खेतीको प्रवर्द्धन तथा पहाडी भेगमा किवी, नासपाती, आरुबखडा, आल्चा जस्ता फलफूलहरुबाट उत्पादन हुने वाइन, जाम, जुस र जेली उद्योग स्थापना गर्न सकिने ।<br>• विश्व बजारमा अर्गानिक हरियो चिया (Green Tea) को माग अत्यधिक रहेको सन्दर्भमा हरियो चियाको नेपाली ब्राण्ड स्थापना गरी तेस्रो मुलुकमा निर्यात गर्न सकिने ।<br>• पूर्व-पश्चिम लोकमार्ग र हुलाकी मार्गको स्तरोन्नति, मध्य-पहाडी लोकमार्ग, तराई–पहाड जोड्ने मार्गका साथै मुख्य राजमार्गसँग जोडने अन्य सहायक मार्गहरुको तीव्र गतिमा भइरहेको निर्माणले सडक सञ्जालको विस्तार भई यस प्रदेशमा उत्पादन भएका कृषिजन्य उपज तथा तरकारी छिमेकी मुलुकमा निर्यात गर्न सकिने । |
| प्रदेश नं. २ | • जनसंख्याको आकार ठूलो रहेको, गुठीको जग्गा, सरकारी जग्गा र प्रयोगमा नआएका जग्गा धेरै रहेकाले सो जग्गाको उपयोग गरी उत्पादन बढाउन सकिने र यसरी उत्पादित कृषिजन्य बस्तुको बजार विस्तार गर्न सकिने ।<br>• प्रदेश नं. २ मा सतह र भूमिगत जलस्रोतको ठूलो भण्डार उपलव्ध रहेकोले सिँचाईको विकास र विस्तार गरी कृषि उपज बढाउन सकिने, धान, तरकारी, माछा र फलफूलहरुको पछिल्लो समयमा विकास भएका नयाँ नयाँ जातहरुको प्रयोग गरी कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सकिने ।<br>• यस प्रदेशमा उर्वर तथा समथर भूमिको मात्रा बढी रहेकोले पशुपालन, माछापालन, तरकारी तथा फलफूल खेती तथा खाद्यान्न बालीको उत्पादन बढाई राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने । |
| बागमती प्रदेश | • तुलनात्मक रुपमा जनसंख्या, वित्तीय पहुँच, संचार र यातायातको सुविधा अन्य प्रदेश भन्दा राम्रो रहेकोले प्रविधिको प्रयोगमार्फत् कृषि तथा पशुपन्छीजन्य उत्पादन सोझै ग्राहकसम्म पुऱ्याएर कृषकको मुनाफा बढाउन सकिने ।<br>• यस प्रदेशका धादिङ, भक्तपुर, काभ्रे तथा नुवाकोटलाई तरकारी पकेट क्षेत्रको रुपमा विकास गर्न सकिने ।<br>• सिन्धुलीको दुधौली, चितवनको माडी, नुवाकोटको लिखु र पञ्चकन्या, सिन्धुपाल्चोकको इन्द्रावती र मेलम्ची तथा दोलखाको गौरीशंकरमा सञ्चालित सामूहिक खेती प्रवर्द्धन कार्यक्रमबाट यस क्षेत्रमा व्यवसायिक कृषिमा वृद्धि हुने । |
| गण्डकी प्रदेश | • मनाङ र मुस्ताङ जिल्लामा व्यावसायिक स्याउ खेती तथा कास्की, स्याङ्जा, गोरखा, बाग्लुङ र पर्वतमा व्यवसायिक सुन्तला खेती गर्न सकिने ।<br>• प्रदेशमा रहेका तालतलैया तथा नदीनालाहरुबाट कुलो/नहरमा आधारित आधुनिक सिँचाई सुविधा उपलव्ध गराउन सकिने ।<br>• उच्च पहाडी क्षेत्रहरुमा भेडा, च्याङ्ग्रा र चौंरीपालन व्यवसाय प्रवर्द्धन गरी ऊन, दूध, छुर्पी र मासुको उत्पादन समेत वृद्धि हुने । |

| | |
|---|---|
| | • पहाडी क्षेत्रको भू-बनोट सुगम प्रकृतिको भएको तथा सिँचाई सुविधा पुऱ्याउन सकिने समथर (वेंशी) जमिनहरु प्रशस्त मात्रामा रहेकाले व्यवसायिक तरकारी खेती तथा खाद्यान्न बालीको उत्पादन प्रवर्द्धन गर्न सकिने ।<br>• प्रदेशका एघार वटै जिल्लामा कृषि तथा भेटेरिनरी कार्यालय स्थापना भएको तथा कास्की र तनहुँ जिल्लामा मोडेल भेटेरिनरी अस्पताल निर्माणबाट विशिष्टिकृत पशु चिकित्सा सेवा प्राप्त हुने अवस्था रहेको छ । |
| लुम्बिनी प्रदेश | • माछा, मासु, दुग्ध पदार्थ एवं अन्य कृषि उपजको बढ्दो मागले गर्दा यस प्रदेशमा कृषि उत्पादनले स्थानीय स्तरमा बजार पाउन सक्ने अवस्था रहेको र लुम्बिनी प्रदेश भौगोलिक हिसाबले देशको मध्य (केन्द्र) भागमा अवस्थित भएकाले बजारीकरणमा सहजता रहेको छ ।<br>• सिँचाई सुविधा उपलब्ध गराउन विभिन्न सिँचाई परियोजनाहरु निर्माणको अन्तिम चरणमा रहेको कारण यस क्षेत्रका खेतीयोग्य जमीनमा सिँचित क्षेत्रफलको हिस्सा बढ्दै गैरहेको छ ।<br>• सुलभ व्याजदरमा कृषि ऋण/कर्जाको व्यवस्थाका कारण विभिन्न अन्य व्यवसायिक क्षेत्रका लगानीकर्ताहरु पनि कृषि पेशातर्फ आकर्षित हुने तथा व्यवसायिक कृषकको संख्या र उद्योगहरुको संख्या क्रमशः वृद्धि हुँदै जाने ।<br>• स्थानीय तहका पशु सेवा शाखाहरुलाई आवश्यक विज्ञ सहितको प्राविधिक जनशक्ति व्यवस्था गर्न सकेमा कृषि सेवा, कृषक एवं कृषिका पकेट क्षेत्रमा आवश्यक सेवा पुऱ्याउन सकिने । |
| कर्णाली प्रदेश | • कर्णाली प्रदेश प्राङ्गारिक कृषिको लागि अति उपयुक्त क्षेत्र भएकोले यसको विकास तथा प्रवर्द्धन गर्दै अर्थोपार्जनको मुख्य स्रोतको रुपमा विकास गरी प्रचुर मात्रामा रोजगारी सृजना गर्न सकिने ।<br>• यस प्रदेशमा रहेका जलसम्पदाहरु जस्तै कर्णाली, भेरी लगायतका ठूला नदीहरु, खहरे खोला, मूल पोखरी जस्ता स्रोतहरुको यथोचित प्रयोग गरी सिँचाई सुविधाको विस्तारमार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न सकिने ।<br>• यो प्रदेश कृषि तथा जडीबूटीजन्य कच्चा पदार्थको भण्डार भएकाले कृषि तथा जडीबुटी सम्बन्धी उद्योग सञ्चालन गरी युवाहरुलाई उद्यमी बनाउँदै रोजगारी सृजना गर्न सकिने । |
| सुदूर पश्चिम प्रदेश | • यस प्रदेशका पहाडी जिल्लाहरुबाट तराईका जिल्लाहरुमा भएको तीव्र बसाइसराईका कारण पहाडी क्षेत्रमा रहेको बाँझो तथा खाली जमिनहरुमा कागती, सुन्तला, जुनार, ओखर, नासपाती, आरुबखडा, किवी, जस्ता फलफूलहरुको व्यवसायिक खेतीका लागि विभिन्न कृषक, कृषि समूह, कृषि सहकारी तथा उद्यमीहरुलाई उत्प्रेरित गरी ग्रामीण स्तरमा उत्पादन तथा रोजगारी बढाउन सकिने ।<br>• राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेका रानी जमरा कुलरिया तथा महाकाली सिँचाई आयोजना निर्माणको चरणमा रहेकाले पर्याप्त सिँचाई सुविधा उपलब्ध भई कृषि उत्पादन बढाउन सकिने ।<br>• मुख्यमन्त्री एकीकृत कृषि तथा पशु विकास कार्यक्रम, एक घर एक तालिम प्राप्त व्यक्ति कार्यक्रम, उन्नत बिउ वितरण, साना सिँचाई सुविधा विस्तार, प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्न अनुदान, बाली विविधीकरण कार्यक्रम, बिउबिजन बैंकको स्थापना, कृषि प्रदर्शनीका कार्यक्रम, प्रविधियुक्त नमूना फार्म स्थापना, कृषि कर्जा र व्याज अनुदान, सहुलियतपूर्ण कर्जा जस्ता कार्यक्रमहरु सञ्चालनमा रहेकाले उक्त कार्यक्रमहरुको प्रभावकारिता वृद्धि गर्न सकिएमा कृषि उत्पादनमा वृद्धि गरी प्रदेशलाई कृषिमा आत्मनिर्भर बनाउन सकिने । विकट तथा दुर्गम क्षेत्रमा समेत सडकको पहुँच विस्तार हुँदै गएकोले कृषि उत्पादनको बजारीकरणमा सहयोग पुग्ने । |

# उद्योग क्षेत्र

## ४.१ उद्योगको विवरण

उद्योग विभागको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७७/७८ को अन्त्यसम्ममा देशभर स्वदेशी र विदेशी लगानीका गरी जम्मा ८ हजार ४ सय ५३ उद्योगहरु दर्ता भएका छन् जसमध्ये १ हजार २ सय १४ ठूला, १ हजार ९ सय ८ मझौला र ५ हजार ३ सय ३१ साना उद्योगहरु रहेका छन् । यसरी दर्ता भएका उद्योगबाट आर्थिक वर्ष २०७७/७८ को अन्त्यसम्ममा ६ लाख २८ हजार ७ सय १२ जनाको संख्यामा रोजगारी सृजना भएको छ । अघिल्लो वर्षको अन्त्यसम्ममा उद्योग विभागमा दर्ता रहेका उद्योगको संख्या ८ हजार २ सय ५० रहेको थियो ।

**तलिका ४.१ : आ.व. २०७७/७८ मा उद्योग विभागमा दर्ता भएका उद्योगको विवरण**

| प्रदेश | उद्योगको संख्या | कुल पूँजी (रु. दश लाखमा) | कुल स्थिर पूँजी (रु. दश लाखमा) | चालु पूँजी (रु. दश लाखमा) | रोजगारी |
|---|---|---|---|---|---|
| प्रदेश नं. १ | ३२ | ६०२३७.८ | ५७६६५.२ | २५७३ | १९६६ |
| प्रदेश नं. २ | २१ | ५९५३.८ | ४४६६.१ | १४८८ | १५२२ |
| बागमती | ८९ | ३३४२२.७ | २८१६१.१ | ५२६२ | ४८२१ |
| गण्डकी | २९ | ४६२१५.० | ४४७४९.९ | १४६५ | १३१७ |
| लुम्बिनी | २५ | ९६९५.० | ७०५२.७ | २६४२ | १६०८ |
| कर्णाली | ० | ० | ० | ० | ० |
| सुदुर पश्चिम | ७ | १११६.३ | ८४५.९५ | २७०.४ | ५९९ |
| **जम्मा** | २०३ | १५६६४०.६ | १४२९४०.९ | १३७०० | ११८३३ |

*स्रोत : उद्योग विभाग, २०७८*

आर्थिक वर्ष २०७७/७८ मा कुल १८३ वैदेशिक लगानीका योजना स्वीकृत भई रु.३२ अर्ब २० करोड विदेशी लगानी एवं ५ हजार ६ सय ९७ रोजगारी प्रस्तावित गरिएको छ । यसैगरी, आर्थिक वर्ष २०७७/७८ मा जिल्लास्तरमा लघु, घरेलु तथा साना ४६ हजार ३ सय ४० उद्योग दर्ता भई १ लाख ४० हजार ४ सय २२ जनाको रोजगारी सृजना भएको छ ।

आर्थिक वर्ष २०७३/७४ मा ५०८ उद्योग थप भएकोमा आर्थिक वर्ष २०७७/७८ मा २०३ उद्योग थप भएका छन् जसमध्ये ४२ ठूला, ४९ मझौला र ११२ साना उद्योग रहेका छन् । उक्त उद्योगहरु मार्फत् थप ११,८३३ रोजागारी सृजना भएको छ । यस अवधिमा बागमती प्रदेशमा सबैभन्दा बढी ८९ उद्योग थप भएका छन् भने कर्णाली प्रदेशमा कुनै पनि उद्योग थप भएका छैनन् । विगत ५ वर्षमा थप हुने उद्योगको संख्यामा कमी आएको देखिन्छ ।

**तलिका ४.२ : उद्योग दर्ताको प्रदेशगत विवरण**

| प्रदेश | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|---|
| प्रदेश नं. १ | ४१ | ३९ | ५८ | ३० | ३२ |
| प्रदेश नं. २ | २७ | २३ | ३० | १८ | २१ |
| बागमती | ३३४ | ३३२ | २६३ | १७७ | ८९ |
| गण्डकी | ५३ | ५१ | ४८ | २९ | २९ |
| लुम्बिनी | ३८ | ४८ | ३२ | २० | २५ |
| कर्णाली | ७ | २ | १ | २ | ० |
| सुदुर पश्चिम | ८ | ३ | ७ | १ | ७ |
| **जम्मा** | ५०८ | ४९८ | ४३९ | २७७ | २०३ |

*स्रोत : उद्योग विभाग, २०७८*

केन्द्रीय तथ्याङ्क विभागले गरेको आर्थिक गणना २०७५ अनुसार देशभर ९ लाख २३ हजार ३ सय ५६ प्रतिष्ठान सञ्चालनमा रहेका छन् । बागमती प्रदेशमा सवैभन्दा बढी २ लाख ८२ हजार ९ सय २० प्रतिष्ठान (३०.६ प्रतिशत) रहेका छन् भने कर्णाली प्रदेशमा सबैभन्दा कम ४२ हजार ८ सय ७ प्रतिष्ठान (४.६ प्रतिशत) रहेका छन् ।

## ४.२ उद्योगको क्षमता उपयोग र उत्पादन

समीक्षा अवधिमा सर्वेक्षणमा समेटिएका उद्योगको औसत क्षमता उपयोग ५२.२ प्रतिशत रहेको छ, जुन गत आर्थिक वर्षको भन्दा धेरै हो । सर्वेक्षणमा समेटिएका उद्योगमध्ये कंक्रीट उद्योग पूर्ण क्षमतामा सञ्चालन भएको पाईएको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ६ (क-ख) मा प्रस्तुत गरिएको छ ।


अध्ययनले समेटेका उद्योगमध्ये पशुदाना, बिस्कुट, चिनी, अस्ट्रिचको मासु, मदिरा, वियर, हल्का पेय पदार्थ, चुरोट, धागो, पश्मिना, तयारी कपडा, रंग, औषधि, साबुन, प्लाष्टिकका सामान, सिमेण्ट, कंक्रीट, फलामको छड तथा पत्ती, घरेलु धातुका सामान, आल्मुनियम उत्पादन, बिजुलीका तार तथा केबुल र जुत्ताको क्षमता उपयोग बढेको छ भने वनस्पति घ्यू, तोरीको तेल, भटमासको तेल, प्रशोधित दूध, चामल, गहुंको पिठो, चकलेट, चाउचाउ, प्रशोधित चिया, सिन्थेटिक कपडा, जुटका सामान, गार्मेण्ट, प्रशोधित छाला, कागज, रोजिन, ईंटा, जि.आई तार, टायर तथा ट्यूव उत्पादन गर्ने उद्योगको क्षमता उपयोग घटेको छ ।

**तालिका ४.३ : प्रदेशगत क्षमता उपयोग (प्रतिशत)**

| प्रदेश | गत वर्षको क्षमता उपयोग | समीक्षा वर्षको क्षमता उपयोग |
|---|---|---|
| प्रदेश नं. १ | ५७.५ | ५२.९ |
| प्रदेश नं. २ | ४५.४ | ५३.२ |
| बागमती प्रदेश | ३७.८ | ४९.२ |
| गण्डकी प्रदेश | ३९.९ | ४०.० |
| लुम्बिनी प्रदेश | ५४.० | ६४.२ |
| सुदूर पश्चिम प्रदेश | ४४.५ | ४७.३ |
| **समग्र** | **४८.४** | **५२.२** |

*स्रोत : सर्वेक्षणमा समेटिएका उद्योगहरु, २०७८*

लुम्बिनी प्रदेशका उद्योगहरुको क्षमता उपयोग सबैभन्दा बढी (६४.२ प्रतिशत) रहेको छ भने गण्डकी प्रदेशमा संचालित उद्योगहरुको क्षमता उपयोग सबैभन्दा कम (४०.० प्रतिशत) रहेको छ (तालिका ४.३) । कर्णाली प्रदेशका उद्योगहरु नमूना छनौटमा नपरेको हुँदा यस अध्ययनमा समावेश भएको छैन । कोभिड-१९ महामारीको असर कम हुँदै गएसँगै उद्योगको क्षमता उपयोग गत वर्षको तुलनामा बढेको देखिए तापनि समग्रमा उद्योगको क्षमता उपयोगमा उल्लेखनिय प्रगति भएको देखिदैन ।





*स्रोत : सर्वेक्षणमा समेटिएका उद्योगहरु*

प्रदेश नं. १ मा वनस्पति घ्यू तथा तेल, अन्य खाद्य पदार्थ, जुटका सामान, धातुका उपकरण, सिमेन्ट लगायतको उत्पादन प्रमुख रहेको छ भने प्रदेश नं. २ मा कागज, चुरोट, लत्ताकपडा, सिमेन्ट, प्रशोधित छाला, औषधि, फलामको छड तथा पत्ति; बागमती प्रदेशमा प्रशोधित दूध, पशुदाना, पश्मिना, तयारी पोशाक, औषधि; गण्डकी प्रदेशमा विस्कुट, चाउचाउ; लुम्बिनी प्रदेशमा तोरीको तेल, गहुँको पिठो, वियर, औषधि, सिमेन्ट तथा सुदूरपश्चिम प्रदेशमा गहुँको पिठो, चिरेको काठ, रोजिन लगायतका वस्तुको उत्पादन हुने गरेको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ७ (क-ख) मा प्रस्तुत गरिएको छ।

## ४.३ क्षेत्रगत औद्योगिक कर्जा

२०७७ असार मसान्तको तुलनामा २०७८ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा २०.९ प्रतिशतले वृद्धि भई रु.१३ खर्ब ६७ अर्ब ७५ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा २३.२ प्रतिशतले बढेको थियो। कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा प्रवाहित कर्जाको अंश ३२.८ प्रतिशत रहेको छ।

औद्योगिक कर्जामध्ये खानीसम्बन्धी उद्योगमा ०.६ प्रतिशत, कृषि, वन तथा पेय पदार्थसम्बन्धी उद्योगमा १७.२ प्रतिशत, गैर-खाद्य वस्तु उत्पादनसम्बन्धी उद्योगमा ३३.३ प्रतिशत, निर्माणसम्बन्धी उद्योगमा २९.१ प्रतिशत, विद्युत ग्यास तथा पानीसम्बन्धी उद्योगमा १५.२ प्रतिशत र धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक सम्बन्धी उद्योगमा ४.५ प्रतिशत कर्जा प्रवाह भएको छ।




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

औद्योगिक कर्जामध्ये बागमती प्रदेशमा सबैभन्दा बढी रु.८ खर्ब ९६ अर्ब ४२ करोड कर्जा लगानीमा रहेको छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम रु.७ अर्ब ७० करोड कर्जा लगानीमा रहेको छ (तालिका ४.४)।


**तालिका ४.४ : प्रदेशगत औद्योगिक कर्जा**

| प्रदेश | रकम (रु. करोडमा) | हिस्सा (प्रतिशत) |
|---|---|---|
| प्रदेश नं. १ | १४,५०९.८ | १०.६ |
| प्रदेश नं. २ | १०,५२३.६ | ७.७ |
| बागमती प्रदेश | ८९,६४२.३ | ६५.५ |
| गण्डकी प्रदेश | ६,१६९.१ | ४.५ |
| लुम्बिनी प्रदेश | १२,४७९.७ | ९.१ |
| कर्णाली प्रदेश | ७६९.८ | ०.६ |
| सुदूर पश्चिम प्रदेश | २,६८१.१ | २.० |
| **जम्मा** | १,३६,७७५.३ | **१००.०** |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०७८*

औद्योगिक कर्जामा प्रदेश नं. १ मा प्रवाहित कर्जाको हिस्सा १०.६ प्रतिशत, प्रदेश नं. २ को ७.७ प्रतिशत, बागमती प्रदेशको ६५.५ प्रतिशत, गण्डकी प्रदेशको ४.५ प्रतिशत, लुम्बिनी प्रदेशको ९.१ प्रतिशत, कर्णाली प्रदेशको ०.६ प्रतिशत र सुदूर पश्चिम प्रदेशमा प्रवाहित कर्जाको हिस्सा २.० प्रतिशत रहेको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ८ (क-ख) मा प्रस्तुत गरिएको छ।

चार्ट ४.३ औद्योगिक कर्जामा प्रदेशगत हिस्सा (प्रतिशत)




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## ४.४ औद्योगिक क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

देशमा औद्योगिकीकरण प्रारम्भ भएको लामो समय भएतापनि देशको औद्योगिक क्षेत्र विकासकै क्रममा रहेकोले यस क्षेत्रले विभिन्न चुनौतीहरुको सामना गर्नु परेको छ। समय समयमा आउने आर्थिक, प्राकृतिक, राजनीतिक तथा अन्य उतार चढावका कारणबाट उद्योग क्षेत्रमा पर्नसक्ने नकारात्मक प्रभावलाई रोक्नु यस क्षेत्रको प्रमुख चुनौती रहेको छ। औद्योगिक क्षेत्रमा अभाव हुने देखिएको अर्ध-दक्ष तथा दक्ष जनशक्तिको पलायन रोकी दक्ष श्रमशक्तिको उपलब्धता सुनिश्चित गर्नु, उद्योग स्थापनामा सहजता कायम गर्नु तथा स्थापनाको लागतमा कमी ल्याउनु, उद्योगी-श्रमिकका बीचमा सम्बन्ध सुदृढ गरी सुमधुर औद्योगिक वातावरण सृजना गर्नु, सञ्चालनमा रहेका औद्योगिक क्षेत्र/कोरिडोर एवं विशेष आर्थिक क्षेत्रहरुको प्रभावकारी व्यवस्थापन तथा विस्तार गर्नु, उद्योगहरुको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्नु, औद्योगिक पूर्वाधारको विकास एवं विस्तार गर्नु, उत्पादनमूलक उद्योगहरुको स्थापनामा लगानी आकर्षित गर्नु, स्वदेशी औद्योगिक कच्चा पदार्थको उत्पादन तथा खपत वृद्धि गर्नु, औद्योगिक आपूर्ति श्रृंखला प्रभावकारी बनाउनु, लगानीमैत्री वातावरण सृजना गरी तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताका निर्यातमूलक उद्योगमा प्रत्यक्ष विदेशी लगानी आकर्षण गर्नु जस्ता चुनौतीहरु औद्योगिक क्षेत्रमा विद्यमान रहेका छन्। यसैगरी, कोभिड-१९ को महामारीबाट प्रभावित उद्योगहरुलाई क्रमशः पुरानो लयमा फर्काउनु, महामारीले बन्दप्रायः अवस्थामा पुगेका उद्योगको पुनरुत्थान गर्नु, महामारीको समयमा रोजगारी गुमाएका श्रमिकको रोजगारीको सुनिश्चितता गर्नु, उद्योगको उत्पादन, उत्पादकत्व र क्षमता उपयोग वृद्धि गर्नु, नयाँ औद्योगिक क्षेत्र, करिडोर, विशेष आर्थिक क्षेत्र आदिको स्थापना गर्नु जस्ता थप चुनौतीहरु समेत औद्योगिक क्षेत्रमा रहेका छन्। कोभिड १९ संक्रमणको सम्भावित तेस्रो लहरले औद्योगिक उत्पादनको माग र आपूर्ति श्रृंखलामा पार्न सक्ने अवरोधलाई न्यूनीकरण गरी माग र आपूर्तिमा सन्तुलन कायम गर्नु समेत

चुनौतीपूर्ण रहेको छ । उद्योग क्षेत्रका प्रदेशगत चुनौति तालिका ४.५ दिइएको छ । कतिपय चुनौतिहरु सबै प्रदेशहरुको लागि सान्दर्भिक देखिन्छन् ।

**तालिका ४.५ : उद्योग क्षेत्रका प्रदेशगत चुनौती**

| प्रदेश | चुनौती* |
|---|---|
| प्रदेश नं. १ | • प्रदेश स्तरमा नयाँ औद्योगिक पार्कको स्थापना गर्न आवश्यक पर्ने जग्गा पहिचान/अधिग्रहण/प्राप्ति गर्नु ।<br>• प्रादेशिक रुपमा बढी सम्भावना भएका चिया, अलैंची, सुपारी प्रशोधन उद्योग स्थापना तथा सञ्चालन गर्नु । |
| प्रदेश नं. २ | • उद्योग क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्न कानूनी, संरचनागत र प्रक्रियागत समस्याहरु समाधान गरी लगानीमैत्री वातावरण कायम गर्नु ।<br>• नयाँ-नयाँ औद्योगिक उत्पादन पहिचानको लागि अनुसन्धान तथा विकासमा पर्याप्त बजेट विनियोजन गर्नु । |
| बागमती प्रदेश | • उद्योग तथा व्यवसाय स्थापना गर्दाको स्थिर लागतमा कमी ल्याउन जमीनको मूल्यमा स्थायित्व ल्याउनु ।<br>• विशेष आर्थिक क्षेत्र, निर्यात प्रशोधन केन्द्र र औद्योगिक क्षेत्रमा पूर्वाधार विकास गरी उद्योगहरुलाई यस्ता क्षेत्रमा संचालन गर्न प्रोत्साहित गर्नु । |
| गण्डकी प्रदेश | • पूँजीको अभाव तथा अत्यावश्यक कच्चा पदार्थको अभाव सम्बोधन गर्नु । |
| लुम्बिनी प्रदेश | • कंक्रिट र सिमेन्ट उद्योगहरुको स्थापनाले चुरेक्षेत्र मासिने र वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई नियन्त्रण तथा व्यवस्थापन गर्नु ।<br>• यस प्रदेशका औद्योगिक उत्पादनले भारतीय तथा चिनियाँ बजारमा प्रतिस्पर्धात्मक क्षमता बढाउनु । |
| कर्णाली प्रदेश | • कृषि, खानी तथा अन्य कच्चा पदार्थहरुको उत्पादन तथा आपूर्तिमा हुने कठिनाइले कृषि, खानी तथा खाद्य तथा गैर खाद्य उद्योगहरु, लघु घरेलु उद्योगहरु, वनपैदावार उत्पादन प्रवर्द्धन तथा व्यवस्थापन गर्ने उद्योगहरु स्थापना गर्नु ।<br>• उद्योग क्षेत्रसँग सम्वन्धित सरोकारवाला निकायहरुबीच समन्वय गरी यस क्षेत्रलाई लगानीमैत्री बनाई प्रत्यक्ष वैदेशिक लगानी आकर्षण गर्नु । |
| सुदूरपश्चिम प्रदेश | • औद्योगिक क्षेत्रका लागि आवश्यक पूर्वाधारहरु निर्माण गरी औद्योगिक लगानी आकर्षित गर्नु ।<br>• कम लागतका गुणस्तरीय वस्तु उत्पादन गरी आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न सक्ने गरी औद्योगिक उत्पादन बढाउने । |

* अधिकांश चुनौतीहरु राष्ट्रियस्तरमा पहिचान गरिएका चुनौतीहरुनै रहेका ।

### सम्भावना

नेपालको औद्योगिक क्षेत्र विकास एवं विस्तारको अवस्थामा रहेको, स्वदेशी उत्पादनको उपभोगमा आम उपभोक्ताको रुचि तथा आकर्षण रहेको र उत्पादनमूलक उद्योगहरुमा पर्याप्त लगानी हुन नसकेकाले उद्योगको स्थापना र विस्तारको पर्याप्त सम्भावना रहेको छ । आन्तरिक मागभन्दा बढी जलविद्युत् उत्पादन भएकाले औद्योगिक क्षेत्रमा पर्याप्त विद्युत उपलब्ध भई उत्पादन लागतमा कमी आउने सम्भावना रहेको छ । यसैगरी, सरकारले उद्योग स्थापनामा सहजीकरण गर्ने नीति लिएको, आन्तरिक मागको उच्च हिस्सा आयातबाट पूर्ति हुने गरेकोले आयात प्रतिस्थापनमार्फत् आन्तरिक माग व्यवस्थापन गर्न उद्योग स्थापना गर्ने अवसर समेत रहेको छ । औद्योगिक लगानीलाई प्रोत्साहन गर्ने गरी नीतिगत, कानूनी तथा प्रक्रियागत सहजीकरण हुँदै जानु, नियमित र सहुलियतपूर्ण ऊर्जा आपूर्तिमार्फत् उद्योगहरुको लागत कम गरी प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि

गर्न सकिने सम्भावना रहेको छ । औद्योगिक वस्तुको आन्तरिक माग उच्च हुनु, सरकारी एवं गैरसरकारी निकायमा हुने आवश्यक सामग्रीको प्रयोगमा स्वदेशमै उत्पादित सामग्रीलाई बढावा दिने व्यवस्थाको कारण स्वदेशी उत्पादनको प्रयोग बढ्ने र खानीजन्य उद्योग विस्तार हुन सक्ने सम्भावना रहेका छन् । चिया, जस्तापाता, पेन्ट, विद्युतीय केबल तथा कण्डक्टर, सिमेन्ट लगायतका उद्योगहरु आत्मनिर्भरतातर्फ उन्मुख भएकाले यस्ता उत्पादनको आयात घट्दै गई आत्मनिर्भरताको अतिरिक्त निर्यात प्रवर्द्धन गर्न सकिने सम्भावना छ । कोभिड-१९ को समयमा बढेको स्वदेशी उत्पादनको माग कायम रहेमा औद्योगिक उत्पादन बढाउन सकिने सम्भावना समेत रहेको छ ।

**तालिका ४.६ : उद्योग क्षेत्रका प्रदेशगत सम्भावना**

| प्रदेश | सम्भावना |
|---|---|
| प्रदेश नं. १ | • कच्चा पदार्थ आयात तथा तयारी वस्तु निर्यात गर्नका लागि भारतीय सीमा नाकासम्म सहज पहुँच भएकाले यस प्रदेशमा उद्योगको विकास र विस्तार गरी रोजगारीको अवसर वृद्धि गर्न सकिने ।<br>• प्रदेशका पहाडी तथा हिमाली क्षेत्रहरुमा समेत सडक सञ्जालको विस्तार तथा विद्युतीकरणको कार्य निरन्तर भइरहेकाले कृषि तथा वनजन्य कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना तथा प्रवर्द्धन गर्न सकिने । |
| प्रदेश नं. २ | • यस प्रदेशमा उद्योग स्थापनाको लागि उपयुक्त जग्गा जमिन पर्याप्त हुनुको साथै जनघनत्व बढी भएको कारण उद्योग स्थापना तथा सञ्चालनको पर्याप्त संभावना रहेको छ ।<br>• अधिकांश हिस्सा भारतसँग जोडिएकोले बजार विस्तार गर्न सकिने । |
| बागमती प्रदेश | • यस प्रदेशमा जनघनत्व वढी भएकोले अधिक मात्रामा निस्कने फोहोर व्यवस्थित गरी कुहिने फोहोरबाट मल उत्पादन गर्ने उद्योग र नकुहिने फोहोरबाट Scrap व्यवस्थापन उद्योगको स्थापना गर्नसके जैविक मल उपलब्ध हुने, अन्य उद्योगको लागि कच्चा पदार्थ उपलब्ध हुने तथा वातावरण समेत स्वच्छ बनाउन सकिने ।<br>• सिन्धुपाल्चोक, नुवाकोट, धादिङ्ग लगायतका जिल्लामा ढुंगा, वालुवा, गिट्टी उत्खनन गर्ने उद्योग स्थापना गर्न सकिने । |
| गण्डकी प्रदेश | • आधारभूत औद्योगिक उत्पादनमा आत्मनिर्भर बन्दै कृषि क्षेत्र तथा स्थानीय स्रोत, साधन तथा सीपमा आधारित औद्योगिक उत्पादनमा जोड दिई औद्योगिक उपजको निर्यात तथा आयात प्रतिस्थापन गर्न सकिने ।<br>• यस प्रदेशमा मुख्यत कृषि तथा पशुजन्य उत्पादन एवं श्रममा आधारित उद्योगहरु, स्याउ, सुन्तला र कफी भण्डारण, प्रशोधन तथा निकासी गर्ने उद्योगहरु, परम्परागत हस्तकला/मूर्तिकला तथा क्युरियोका सामान उत्पादन गर्ने उद्योगहरु, वनजन्य कच्चा पदार्थ प्रयोग गर्न प्रशोधनमा आधारित उद्योग धन्दाहरु, ढुङ्गा, गिटी, बालुवा लगायतका खनिज तथा उत्खनन् सम्बन्धी उद्योगहरु, फलाम खानी उत्खनन् तथा प्रशोधन उद्योग लगायतका उद्योगको स्थापना तथा विस्तार गर्न सकिने । |
| लुम्बिनी प्रदेश | • यस प्रदेशका कंक्रिट (क्लिंकर) उद्योग पूर्ण क्षमतामा सञ्चालन भएको पाईएकाले क्लिंकर तथा सिमेन्टको उत्पादन बढ्ने तथा यस्ता उद्योगले आयात प्रतिस्थापन तथा निर्यात वृद्धि गर्न सक्ने ।<br>• यस प्रदेशका अधिकाँश उद्योगहरुको क्षमतामा वृद्धि भएको छ । तसर्थ, विद्युतको निरन्तर आपूर्ति, कच्चा पदार्थ, श्रमको सहज उपलब्धता र औद्योगिक कर्जा सरल र सुलभ भएमा उत्पादन लागत कम हुन गई यस क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता वृद्धि हुनुको साथै यसतर्फ निजी क्षेत्रको आकर्षण बढ्न सक्ने ।<br>• रुपन्देही र बाँके जिल्लामा औद्योगिक कर्जाको हिस्सा अन्य जिल्लामा भन्दा धेरै रहनु र भारतीय नाकासम्म सहज पहुँच भएको कारण यी जिल्लाहरुमा बैंक तथा वित्तीय संस्थाहरुको थप लगानी बढ्न सक्ने । |

| | |
|---|---|
| कर्णाली प्रदेश | ● यस प्रदेशमा जडिबुटी र खानीजन्य कच्चा पदार्थहरुको प्रचूर सम्भावना भएकोले यस्ता उद्योगहरुको स्थापना, विकास र विस्तार गरी रोजगारी सृजना गर्न सकिने ।<br>● उद्योगहरुलाई आवश्यक कामदार पूर्ति गर्न व्यवसायिक शिक्षा तालिम केन्द्र र प्राविधिक प्रशिक्षण प्रतिष्ठानको समन्वयमा युवा जनशक्तिको सीप र दक्षतालाई अभिवृद्धि गर्दै दक्ष तथा प्राविधिक जनशक्ति उत्पादन गर्न सकिने । |
| सुदूर पश्चिम प्रदेश | ● पहाडी जिल्लाहरुमा प्रशस्त मात्रामा पाइने सल्लोबाट उत्पादन हुने काठबाट काष्ठ उद्योग तथा खोटोबाट रोजिन एण्ड टर्पेन्टाइन उद्योगको स्थापना तथा सञ्चालनमा रहेका उद्योगको क्षमता वृद्धि गर्न सकिने ।<br>● पहाडी जिल्लाहरुमा प्रशस्त मात्रामा पाईने बहुमूल्य जडिबुटी तथा बन पैदावारको पकेट क्षेत्र पहिचान गरी जडिबुटी उद्योग स्थापना गर्न सकिने ।<br>● यस प्रदेशमा धान, गहुँ, मकै, भटमास, आलु, केरा, मसला, विजय सालको पर्याप्त उत्पादन हुनुका साथै व्यावसायिक माछा बंगुर तथा कुखुरापालन समेत बढ्दै गएकोमा वन, मसला, फलफूल तथा पशुदानासम्बन्धी उद्योग स्थापना गर्न सकिने।<br>● प्रदेशस्तरमा एक स्थानीय तह, एक औद्योगिक ग्राम, स्थानीय कच्चा पदार्थको उपलब्धताको आधारमा एक जिल्ला एक विशिष्ट उद्योग प्रवर्द्धन जस्ता कार्यक्रमहरु शुरु गरिएकाले प्रदेशमा औद्योगिकीकरण गर्नमा सहयोग पुग्नुका साथै स्थानीयस्तरमा नै पर्याप्त रोजगारी सृजना हुन सक्ने । |

## आत्मनिर्भरतातर्फ उन्मुख उद्योगहरुको विश्लेषण

### सिमेन्ट उद्योगको अवस्था

नेपाल सरकारको लगानीमा २०३२ सालमा हिमाल सिमेन्ट स्थापना भएसँगै नेपालमा सिमेन्ट उद्योग विकासको क्रम शुरु भएको हो । नेपालमा वहुदलीय व्यवस्था आउनुभन्दा अगाडि हिमाल सिमेन्ट, हेटौडा सिमेन्ट र उदयपुर सिमेन्ट उद्योगमात्र संचालनमा रहेका थिए भने आ.व. २०७७/७८ सम्ममा ७४ वटा उद्योगले उद्योग विभागबाट चुनढुंगा खानी उत्खनन गर्न स्वीकृति लिई केही उद्योगले उत्खनन गरिरहेका छन भने केही उद्योग उत्खनन गर्ने प्रक्रियामा रहेका छन् । नेपाल गुणस्तर तथा नापतौल विभागका अनुसार हालसम्म ६८ वटा उद्योगले नेपाल गुणस्तर चिन्ह प्राप्त गरेका छन् भने नेपाल सिमेन्ट उत्पादक संघका अनुसार हाल ६१ वटा सिमेन्ट उद्योग संचालनमा रहेका छन् । संचालनमा रहेका उद्योगहरुमध्ये २ वटा सरकारी स्वमित्वका, ३ वटा वैदेशिक लगानीमा संचालित र बाँकी ५६ उद्योगहरु निजी क्षेत्रबाट संचालित उद्योगहरु हुन् ।

बैंकले गरेको एक अध्ययन अनुसार आर्थिक वर्ष २०७५/७६ मा समग्र सिमेन्ट उद्योग क्षेत्रको बार्षिक जडित क्षमता १ करोड ५० लाख टन र आन्तरिक माग १ करोड ३० लाख टन रहेको थियो भने तीन वर्षमा सिमेन्टको माग दोब्बर हुने प्रक्षेपण रहेको थियो । उद्योग विभागका अनुसार सिमेन्टको उपयोग पूर्वाधार क्षेत्रमा ३० प्रतिशत, घर/व्यावसायिक घर निर्माणमा ६२ प्रतिशत र औद्योगिक क्षेत्रमा ८ प्रतिशत हुने गरेको छ ।

आर्थिक वर्ष २०७७/७८ को अन्तसम्ममा बैंकिङ्ग क्षेत्रबाट ५४ वटा सिमेन्ट उद्योगहरुमा कुल रु. ७५ अर्ब ४३ करोड ५० लाख कर्जा प्रवाह भएको छ । उक्त उद्योगहरुको बार्षिक कुल जडित क्षमता २ करोड १४ लाख ५५ हजार मेट्रिक टन रहेकोमा २०७८ असार मसान्तमा उत्पादन शुरु गरेका ४७ वटा सिमेन्ट उद्योगहरुको बार्षिक कुल जडित क्षमता २ करोड १ लाख ८० हजार मेट्रिक टन रहेको छ । उपरोक्त उद्योगहरुबाट आर्थिक वर्ष २०७७/७८ मा कुल १ करोड ३५ लाख २७ हजार मेट्रिक टन सिमेन्ट उत्पादन भई कुल जडित क्षमताको ६७.० प्रतिशत क्षमता उपयोग भएको देखिन्छ ।

तालिका ४.७ : सिमेन्ट उद्योगहरुको बार्षिक कुल जडित क्षमता, उत्पादन, क्षमता उपयोग र कर्जा

| प्रदेश | जडित क्षमता (हजार मेट्रिक टन) | वस्तविक उत्पादन (हजार मेट्रिक टन) | क्षमता उपयोग (प्रतिशत) | कर्जा रकम (रु. करोडमा) |
|---|---|---|---|---|
| प्रदेश नं. १ | ९०३.२ | ३३२.० | ३६.८ | १५४.१ |
| प्रदेश नं. २ | ३४५६.६ | २८७०.८ | ८३.१ | १८०४.९ |
| बागमती प्रदेश | ५३४९.५५ | ३१२१.७ | ५८.४ | २१३९.४ |
| गण्डकी प्रदेश | २७७९.५ | २२११.६ | ७९.६ | ८०९.२ |
| लुम्बिनी प्रदेश | ७५७१.९ | ४९७१.० | ६५.७ | २५०७.३ |
| कर्णाली प्रदेश | १२०.०० | २०.४ | १७.० | १२८.६ |
| सुदूर पश्चिम प्रदेश | – | – | – | – |
| **जम्मा** | **२०१८०.८** | **१३५२७.५** | **६७.०** | **७५४३.५** |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०७८*

प्रदेशगत रुपमा तुलना गर्दा सिमेन्ट उद्योगहरुमा प्रवाहित कर्जा रकममध्ये लुम्बिनी प्रदेशमा सबैभन्दा बढी ३३.२ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम १.७ प्रतिशत कर्जा लगानी रहेको छ। यसैगरी, प्रदेश नं. २ मा सबैभन्दा बढी ८३.१ प्रतिशत क्षमता उपयोग भएको छ भने कर्णाली प्रदेशमा सबैभन्दा कम १७.० प्रतिशत क्षमता उपयोग भएको छ। बागमती प्रदेशमा सबैभन्दा बढी सिमेन्ट उत्पादन हुन्छ भने सुदूर पश्चिम प्रदेशमा हालसम्म सिमेन्ट उद्योग स्थापना भएको छैन।

आर्थिक वर्ष २०७५/७६ मा भारतबाट रु. १२ अर्ब ९७ करोडको सिमेन्ट आयात गरिएकोमा आ.व. २०७६/७७ मा रु. ४ अर्ब ८६ करोड र आ.व. २०७७/७८ मा रु. ३ अर्ब ९८ करोडको सिमेन्ट आयात गरिएको छ। मुलुकभित्र सिमेन्टको माग बढ्दै गएको अवस्थामा समेत सिमेन्टको आयात उल्लेखनीय रुपमा घट्नुले मुलुक सिमेन्टमा आत्मनिर्भर हुँदै गएको देखिन्छ। साथै, थप सिमेन्ट उद्योगहरु स्थापना तथा सञ्चालनको चरणमा रहेकाले भविष्यमा सिमेन्ट निर्यातको सम्भावना समेत रहेको देखिन्छ। यसका लागि छिमेकी देश भारतमा सिमेन्ट निर्यातको लागि पहल गर्नुपर्ने देखिन्छ।

कोभिड-१९ महामारीको प्रभाव कम हुँदै गएको र देशभरी खोप अभियान सुरु भएसँगै कोभिड–१९ को कारणले बन्द भएका उद्योगहरु पुनः रुपमा सञ्चालनमा आएका छन्। बन्दाबन्दी खुले लगत्तै उद्योग व्यवसाय र औद्योगिक उत्पादन पनि बढ्ने अनुमान गरिएको छ। देश विकासको लागि पूर्वाधारहरू निर्माण गर्नु पर्ने र धेरै स्थानहरूमा पूर्वाधारहरू निर्माणधीन अवस्थामा रहेकाले सिमेन्टको माग बढ्ने सम्भावना रहेको छ। साथै, नयाँ उद्योगहरुको उत्पादन शुरू हुने भएकोले सिमेन्टको मूल्यमा सकारात्मक असर परी पूर्वाधार निर्माणमा सहयोग पुग्ने देखिन्छ।

## जुत्ता चप्पल उद्योग अवस्था

नेपाल सरकारको स्वामित्वमा रहेको बाँसबारी जुत्ता कारखानाको निजीकरणपश्चात् नेपालमा निजी क्षेत्रमा जुत्ता उद्योगको विस्तार भएको हो। नेपाल सरकारले आत्मनिर्भरता उन्मुख उद्योगको सूचीमा राखेको जुत्ता चप्पल उद्योगले नेपालमा ६५ प्रतिशत बजार ओगटेको छ। स्वदेशी जुत्ता चप्पल प्रति नेपाली उपभोक्ताको विश्वास बढ्दै गएकोले उद्योग फस्टाउँदो क्रममा रहेको छ। उद्योग विभाग, २०७८ को प्रतिवेदनअनुसार नेपालमा जुत्ता चप्पल उद्योगमा करीब रु. १२ अर्ब लगानी रहेको छ र ६ वटा ठूला जुत्ता चप्पल उद्योग, १५ वटा मध्यम स्तरका उद्योग, ३ सय वटा साना उद्योग र १ हजार २ सय वटा लघु-उद्योगहरु छन्। यस क्षेत्रले ६० हजार व्यक्तिलाई रोजगारी प्रदान गरेको छ। जसमध्ये ३० प्रतिशत महिलाले यस क्षेत्रमा रोजगारीको अवसर प्राप्त गरेका छन्। आर्थिक वर्ष २०७७/७८ मा फुटवेयरको माग करीब ९ करोड जोर रहेको अनुमान

उद्योग विभागले गरेको छ र २०८१/८२ मा अर्थात् पाँच बर्षमा २८ प्रतिशत वृद्धि गरी ११ करोड पुग्ने अनुमान गरिएको छ । आर्थिक वर्ष २०७६/७७ मा करीब २ करोड २१ लाख जोर जुत्ता चप्पल भन्सारमार्फत् आयात भएकोमा २०७७/७८ मा सो आयात करीब ३५.२ प्रतिशतले वृद्धि भई २ करोड ३० लाख जोर रहेको भन्सार विभागको तथ्याङ्कले देखाउँछ । यसैगरी, आर्थिक वर्ष २०७६/७७ मा करीब ५६ लाख जोर जुत्ता चप्पल भन्सारमार्फत् निर्यात भएकोमा २०७७/७८ मा सो निर्यात करीब ५८ प्रतिशतले संकुचित भई २३ लाख जोर रहेको छ ।

**जुत्ता चप्पल उद्योगमा देखापरेका समस्या तथा चुनौतीहरु**

- उत्पादनका लागि प्रयोग हुने कच्चा पदार्थको अभाव, कच्चा पदार्थको लागि चीन, भारतलगायत तेस्रो मुलुकमा भर पर्नु पर्ने अवस्था ।
- भारत र चीनबाट आयातीत सस्ता जुत्तासँग प्रतिस्पर्धा गर्नुपर्ने अवस्था ।
- औद्योगिक कर्जाको ब्याज तुलनात्मक रुपमा बढी रहेको ।
- जुत्ता चप्पल उत्पादनमा आधुनिक प्रविधिको अभाव र कच्चा पदार्थ आयातको लागत उच्च रहनु ।
- स्वदेशी कामदारको अभाव, भारतीय कामदारमा भर पर्नुपर्ने अवस्था ।
- बजारमा नक्कली ब्राण्डको बिगबिगी रहेको ।
- नेपाली जुत्ता चप्पलको प्रतिस्पर्धी क्षमता कम रहेको । अधिकांश जुत्ता चप्पलमा गुणस्तरीय मापदण्ड नरहेको । तर, निर्यात हुने जुत्ता चप्पलको गुणस्तरमा उच्च बजार प्रतिस्पर्धा रहेको ।
- कोरोनाको कारण करीब नौ महिना उद्योग बन्द रहेको ।
- अधिकांश यस्ता उद्योग न्यून उत्पादन क्षमता (करीब ४० प्रतिशतमा) मा संचालन भएको ।

**जुत्ता चप्पल उद्योगको सम्भावना**

- स्वदेशी जुत्ता चप्पलमा नेपाली ग्राहकको विश्वास र रुचि बढ्दै गएकोले भविष्यमा बजार विस्तार हुने सम्भावना रहेको ।
- जुत्ता चप्पल उद्योग सरकारको प्राथमिकतामा रहेका कारण विस्तारको सम्भावना बढी रहेको ।
- जुत्ता चप्पल उद्योगमा लगानी बढ्दै गएकोले दक्ष जनशक्ति उत्पादन गर्नसके रोजगारीको अवसर वृद्धि हुने सम्भावना रहेको ।
- गुणस्तरमा सुधार ल्याउन सके विदेशी माग बढ्न गई निर्यात बढाउन सकिने अवस्था रहेको ।
- स्वदेशमा छाला प्रशोधन उद्योग र सोल निर्माण उद्योग स्थापनाको सम्भावना रहेको ।
- रोजगारी र आय आर्जन वृद्धि भई आत्मनिर्भर अर्थतन्त्र निर्माणमा सहयोग पुग्ने भएको ।
- आयात प्रतिस्थापन गरी व्यापार घाटा कम गर्न सकिने भएको ।

**जुत्ता चप्पलको आयात निर्यात तथ्याङ्क**

*(दश लाखमा)*

| आ.व. | आयात | | निर्यात | |
|---|---|---|---|---|
| | परिमाण (जोर) | रकम (रू.) | परिमाण (जोर) | रकम (रू.) |
| २०७५/७६ | ३५.९ | ७५२७.८ | ४.४ | १२५६.६ |
| २०७६/७७ | २२.१ | ५२९१.६ | ५.६ | १६०२.८ |
| २०७७/७८ | २९.९ | ६३३१.२ | २.३ | ७३२.१ |


*स्रोतः भन्सार विभाग, २०७८ ।*

# परिच्छेद ५
# सेवा क्षेत्र

वार्षिक आर्थिक गतिविधि अध्ययनमा सेवा क्षेत्र अन्तर्गत पर्यटन, सार्वजनिक निर्माण तथा रियल इस्टेट सम्बन्धी कारोबार, वित्तीय सेवा, सञ्चार र यातायात सेवाहरु समेटिएका छन् । कोभिड-१९ महामारीका कारण समग्र सेवा क्षेत्रमा नकारात्मक असर परेको छ । पर्यटन र सार्वजनिक यातायात क्षेत्र सबैभन्दा बढी प्रभावित भएको छ भने घर-जग्गा, वित्तीय सेवा लगायतका क्षेत्रहरुमा तुलनात्मक रुपमा कम प्रभाव परेको देखिन्छ ।

## ५.१ पर्यटन

समीक्षा वर्षमा कोभिड-१९ महामारीका कारण पर्यटक आगमन संख्या गत अवधिको तुलनामा ९१.५ प्रतिशतले घटेर ६८ हजार ७ सय २६ कायम भएको छ । समीक्षा वर्षको अन्तसम्ममा पर्यटकस्तरीय होटल तथा लजको संख्या ९.४ प्रतिशतले बढेको छ भने शैया संख्यामा ४.५ प्रतिशतले वृद्धि भएको छ । गत वर्ष यस्तो संख्या क्रमशः ४.८ प्रतिशत र ८.२ प्रतिशतले वृद्धि भएको थियो । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ९ मा प्रस्तुत गरिएको छ ।




*स्रोत : नेपाल पर्यटन बोर्ड, २०७८*

प्रत्येक प्रदेशबाट ५ वटाका दरले नमूना छनौटमा परेका देशभरका ३५ वटा होटलहरूबाट लिइएको तथ्याङ्कको आधारमा २०७८ असार मसान्तसम्म होटलहरूको औसत अकुपेन्सी ३२ प्रतिशत रहेको छ । यसैगरी, समीक्षा वर्षमा यी होटलहरूले कुल १ हजार ४ सय ९१ जना कर्मचारीहरूलाई रोजगारी प्रदान गरेको देखिन्छ ।

पर्यटन विभागको तथ्याङ्कअनुसार देशभर ३४ वटा एकतारे, ४१ वटा दुईतारे, ३३ वटा तीनतारे, १६ वटा चारतारे र १६ वटा पाँचतारे होटल गरी जम्मा १४० वटा तारे होटल रहेका छन् । जसमध्ये बागमती प्रदेशमा ९१ वटा तारे होटल रहेका छन् भने कर्णाली प्रदेशबाट कुनै पनि तारे होटल पर्यटन विभागमा दर्ता रहेका छैनन् (तालिका ५.१) ।

**तालिका ५.१ : तारे होटलको विवरण**

| प्रदेश | | १ तारे | २ तारे | ३ तारे | ४ तारे | ५ तारे | जम्मा |
|---|---|---|---|---|---|---|---|
| **प्रदेश नं. १** | होटल संख्या | १ | १ | २ | ० | १ | **५** |
| | कोठा संख्या | १५ | ४० | ११८ | ० | १०१ | **२७४** |
| | शैया संख्या | ३० | ७० | १८२ | ० | १८५ | **४६७** |
| **प्रदेश नं. २** | होटल संख्या | २ | ३ | १ | १ | ० | **७** |
| | कोठा संख्या | ५४ | ९० | ५० | ६० | ० | **२५४** |
| | शैया संख्या | ७९ | १६८ | ९० | ८४ | ० | **४२१** |
| **बागमती प्रदेश** | होटल संख्या | २४ | २७ | २४ | ६ | १० | **९१** |
| | कोठा संख्या | ५३८ | ११३८ | १५७७ | ६२९ | १९७४ | **५८५६** |
| | शैया संख्या | ९३२ | २०२६ | २६५१ | ९९० | २९६३ | **९५६२** |
| **गण्डकी प्रदेश** | होटल संख्या | २ | ८ | २ | ४ | २ | **१८** |
| | कोठा संख्या | ३९ | २७० | १०० | ३३८ | ३०५ | **१०५२** |
| | शैया संख्या | ७५ | ५१५ | १८० | ६०९ | ४४७ | **१८२६** |
| **लुम्बिनी प्रदेश** | होटल संख्या | ३ | २ | ४ | ४ | ३ | **१६** |
| | कोठा संख्या | ४५ | ७० | १६६ | २७२ | २६२ | **८१५** |
| | शैया संख्या | ९० | १३० | ३०३ | ४२० | ३४४ | **१२८७** |
| **कर्णाली प्रदेश** | होटल संख्या | ० | ० | ० | ० | ० | **०** |
| | कोठा संख्या | ० | ० | ० | ० | ० | **०** |
| | शैया संख्या | ० | ० | ० | ० | ० | **०** |
| **सुदूर पश्चिम प्रदेश** | होटल संख्या | २ | ० | ० | १ | ० | **३** |
| | कोठा संख्या | ४८ | ० | ० | ८० | ० | **१२८** |
| | शैया संख्या | १०० | ० | ० | ३५ | ० | **१३५** |
| **जम्मा** | **होटल संख्या** | **३४** | **४१** | **३३** | **१६** | **१६** | **१४०** |
| | **कोठा संख्या** | **७३९** | **१६०८** | **२०११** | **१३७९** | **२६४२** | **८३७९** |
| | **शैया संख्या** | **१३०६** | **२९०९** | **३४०६** | **२१३८** | **३९३९** | **१३६९८** |

*स्रोत: पर्यटन विभाग, २०७८*

## ५.२ सार्वजनिक निर्माण तथा रियल इस्टेट


समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशन संख्यामा गत वर्षको तुलनामा ८.५ प्रतिशत वृद्धि भई ५ लाख ३९ हजार ८ सय ७२ कायम भएको छ। गत वर्ष सो संख्या ४ लाख ९७ हजार ७ सय १३ रहेको थियो। समीक्षा वर्षमा घरजग्गा रजिष्ट्रेशनबाट प्राप्त हुने राजस्व गत वर्षको तुलनामा ७४.६ प्रतिशतले बढेर रु.४७ अर्ब ८९ करोड ८६ लाख पुगेको छ। गत वर्ष यस्तो राजस्व ११.० प्रतिशतले घटेको थियो। गत वर्ष ३७.१ प्रतिशतले घटेको घर/भवन नक्शा पास संख्या भने समीक्षा वर्षमा ११.५ प्रतिशतले वृद्धि भएको छ। कोभिड-१९ को कारण कमी आएको निजी आवास निर्माण विस्तारै लयमा फर्किएसँगै घर जग्गा नक्शा पास संख्यामा वृद्धि भएको हो।

**तालिका ५.२ : सार्वजनिक निर्माण तथा रियलस्टेट**

| प्रदेश | घरजग्गा रजिष्ट्रेशन संख्या | घर/भवन स्थायी नक्शा पास संख्या | घरजग्गा रजिष्ट्रेशन राजस्व (रु. दश लाखमा) |
|---|---|---|---|
| प्रदेश नं. १ | ११७,०४२ | ५,९६९ | ५,९९९.७१ |
| प्रदेश नं. २ | १११,०१५ | ३,६८२ | ५,४०१.५० |
| बागमती प्रदेश | १३२,०७९ | २६,९६१ | २५,५९३.०२ |
| गण्डकी प्रदेश | ३७,०४७ | ३,६५४ | ३६१६.२२ |
| लुम्बिनी प्रदेश | १०४,७६९ | ८,६४९ | ५,१०६.४१ |
| कर्णाली प्रदेश | १४,६१० | १०२६ | ४५९.१५ |
| सुदूर पश्चिम प्रदेश | २३,३१० | २,०७८ | १७२२.५५ |
| **जम्मा** | **५३९,८७२** | **५२,०१९** | **४७,८९८.५६** |

*स्रोत : भुमी व्यवस्था तथा अभिलेख विभाग, नगरपालिकाहरु, २०७८*

समीक्षा वर्षमा बागमती प्रदेशमा सबैभन्दा बढी १,३२,०७९ र कर्णाली प्रदेशमा सबैभन्दा कम १४,६१० घरजग्गा किनबेच (रजिष्ट्रेसन संख्या) कारोबार भएको छ । यसैगरी, समीक्षा वर्षमा बागमती प्रदेशमा सबैभन्दा बढी २६,९६१ र कर्णाली प्रदेशमा सबैभन्दा कम १,०२६ वटा घर/भवन स्थायी नक्शापास भएको छ । (तालिका ५.२)





*स्रोत : भुमी व्यवस्था तथा अभिलेख विभाग, नगरपालिकाहरु*

कुल घर-जग्गा रजिष्ट्रेशन संख्यामा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी २४.५ प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम २.७ प्रतिशत रहेको छ (चार्ट ५.२) । समीक्षा वर्षमा गत वर्षको तुलनामा प्रदेश नं. २ र लुम्बिनी प्रदेश बाहेक सबै प्रदेशहरुमा घर-जग्गा रजिष्ट्रेशन संख्या बढेको छ भने सबै प्रदेशहरुमा घर-जग्गा

रजिष्ट्रेशन राजश्व बढेको छ। यसैगरी, समीक्षा वर्षमा सम्पूर्ण प्रदेशहरुमा घर/भवन स्थायी नक्शापास संख्यामा वृद्धि भएको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १० (क-ख) मा प्रस्तुत गरिएको छ।


## ५.३ वित्तीय सेवा

२०७८ असार मसान्तसम्ममा वाणिज्य बैंकका ४ हजार ७ सय ५३, विकास बैंकका १ हजार २३, वित्त कम्पनीका २ सय २२ तथा लघुवित्त वित्तीय संस्थाका ४ हजार ६ सय ८५ र पूर्वाधार विकास बैंकको १ गरी जम्मा १० हजार ६ सय ८४ शाखाहरु सञ्चालनमा रहेका छन्। यसमध्ये बागमती प्रदेशमा सबैभन्दा बढी २ हजार ७ सय ३६ तथा कर्णाली प्रदेशमा सबैभन्दा कम ४ सय १२ शाखाहरु सञ्चालनमा रहेका छन्। वित्तीय सेवा सम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ११ मा प्रस्तुत गरिएको छ।





*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

२०७८ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले संकलन गरेको कुल निक्षेप २०७७ असार मसान्तको तुलनामा २०.५ प्रतिशतले वृद्धि भई रु.४७ खर्ब ३९ अर्ब १५ करोड पुगेको छ। गत वर्ष यस्तो निक्षेप २४.३ प्रतिशतले वृद्धि भएको थियो।




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

२०७८ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा २०७७ असार मसान्तसम्मको तुलनामा २८.१ प्रतिशतले वृद्धि भई रु.४१ खर्ब ६९ अर्ब ८३ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो कर्जा २१.८ प्रतिशतले वृद्धि भएको थियो। २०७८ असार मसान्तमा कर्जा निक्षेप अनुपात ८८.० प्रतिशत रहेको छ। २०७७ असार मसान्तमा यस्तो अनुपात ८२.८ प्रतिशत रहेको थियो। कर्जा निक्षेप अनुपात प्रदेश नं. २ मा सबैभन्दा बढी १४८.३ प्रतिशत र बागमती प्रदेशमा सबैभन्दा कम ७३.३ प्रतिशत रहेको छ (चार्ट ५.५)।




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

२०७८ असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाले परिचालन गरेको कुल निक्षेपमा बागमती प्रदेशबाट परिचालन गरिएको निक्षेपको अंश सबैभन्दा धेरै ६७.७ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको १.२ प्रतिशत रहेको छ । कुल कर्जा प्रवाहमा बागमती प्रदेशमा गरिएको कर्जा प्रवाहको अंश सबैभन्दा धेरै ५६.४ प्रतिशत रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशको अंश १.२ प्रतिशत रहेको छ । निक्षेप तथा कर्जासम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १२ (क-ख) मा प्रस्तुत गरिएको छ ।

### तोकिएका स्थानीय तहमा वाणिज्य बैंकको शाखा विस्तार तथा वित्तीय सेवाको अवस्था

सबै स्थानीय तहमा वाणिज्य बैंकको कम्तीमा एउटा शाखा पुऱ्याउने नेपाल राष्ट्र बैंकको निर्देशन पश्चात् २०७८ असार मसान्तसम्म वाणिज्य बैंकका शाखा पुग्न बाँकी स्थानीय तहमा कुल ४३९ वटा शाखाहरू स्थापना भएका छन् । प्रदेशगत रूपमा प्रदेश नं. २ मा सबैभन्दा बढी ८२ शाखाहरु थप भएका छन् भने गण्डकी प्रदेशमा सबैभन्दा कम ४९ शाखाहरु थप भएका छन् ।

**तालिका ५.३ स्थानीय तहमा विस्तार भएका थप शाखाको संख्या (प्रदेशगत)**

| प्रदेश | शाखा संख्या | थप रोजगारी | थप निक्षेप* | थप कर्जा* |
|---|---|---|---|---|
| प्रदेश नं. १ | ६८ | २७५ | ११.५ | ४.७ |
| प्रदेश नं. २ | ८२ | ३६३ | १५.५ | १०.९ |
| बागमती प्रदेश | ६५ | २७३ | १४.३ | ४.८ |
| गण्डकी प्रदेश | ४९ | १९० | १०.३ | २.५ |
| लुम्बिनी प्रदेश | ६७ | ३११ | १५.४ | १३.२ |
| कर्णाली प्रदेश | ५४ | १९० | १०.६ | १.५ |
| सुदूर पश्चिम प्रदेश | ५४ | १९८ | ९.४ | २.३ |
| **जम्मा** | **४३९** | **१८००** | **८७.०** | **३९.९** |

* रकम रु. अर्बमा,

*स्रोत: नेपाल राष्ट्र बैंक, २०७८*

थप गरिएका वाणिज्य बैंकका शाखाहरुमा २०७८ असार मसान्तसम्म १८०० जना कर्मचारीले रोजगारी प्राप्त गरेका छन् । प्रदेशगत रूपमा प्रदेश नं. २ मा सबैभन्दा बढी ३६३ जना कर्मचारीले रोजगारी प्राप्त गरेका छन् भने गण्डकी र कर्णाली प्रदेशमा समान १९० कर्मचारीले रोजगारी प्राप्त गरेका छन् । उपरोक्त शाखामार्फत् २०७८ असार मसान्तसम्म रु.८७ अर्ब कुल निक्षेप परिचालन र रु.४० अर्ब कर्जा प्रवाह भएको छ ।

## ५.४ सेवा क्षेत्र कर्जा

२०७८ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा २०७७ असार मसान्तको तुलनामा २६.२ प्रतिशतले वृद्धि भई रु.१६ खर्ब ३३ अर्ब ५४ करोड पुगेको छ । गत वर्ष यस्तो कर्जा २४.६ प्रतिशतले बढेको थियो । कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ३९.२ प्रतिशत रहेको छ ।


सेवा क्षेत्रमा प्रवाह भएको कर्जामध्ये थोक तथा खुद्रा विक्रेता उपक्षेत्रमा सबैभन्दा बढी ५१.३ प्रतिशत कर्जा प्रवाह भएको छ भने वित्त, बीमा तथा अचल सम्पत्ति उपक्षेत्रमा २०.६ प्रतिशत, पर्यटन उपक्षेत्रमा ११.३ प्रतिशत, यातायात, भण्डारण र संचार उपक्षेत्रमा ६.० प्रतिशत र अन्य सेवा उपक्षेत्रमा १०.८ प्रतिशत कर्जा प्रवाह भएको छ ।

**तालिका ५.४ : प्रदेशगत सेवा क्षेत्र कर्जा**

| प्रदेश | रकम (रु. करोडमा) | हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| प्रदेश नं. १ | १७,६७८.८ | १०.८ |
| प्रदेश नं. २ | १४,३८०.८ | ८.८ |
| बागमती प्रदेश | ९२,१५४.१ | ५६.४ |
| गण्डकी प्रदेश | ११,९७७.४ | ७.३ |
| लुम्बिनी प्रदेश | १९,२४०.८ | ११.८ |
| कर्णाली प्रदेश | २,४१४.५ | १.५ |
| सुदूर पश्चिम प्रदेश | ५,५०८.० | ३.४ |
| **जम्मा** | **१,६३,३५४.५** | **१००.००** |

*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु, २०७८*

सेवा क्षेत्रमा प्रवाहित कर्जामध्ये बागमती प्रदेशमा प्रवाहित कर्जाको हिस्सा सबैभन्दा बढी (५६.४ प्रतिशत) रहेको छ भने कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम १.५ प्रतिशत रहेको छ (तालिका ५.४, चार्ट ५.७) । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका ८ (क-ख) मा प्रस्तुत गरिएको छ ।




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## ५.५ यातायात तथा सञ्चार

### यातायात

२०७८ असार मसान्तसम्ममा अध्ययन क्षेत्रमा दर्ता भएका कुल सवारी साधनको संख्या २०७७ असार मसान्तको तुलनामा १५.६ प्रतिशतले वृद्धि भई ४४ लाख २९ हजार ६ सय ३६ पुगेको छ। यसमध्ये मोटरसाईकल संख्या २२.४ प्रतिशत तथा अन्य सवारी साधन ७.४ प्रतिशतले वृद्धि भएको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १९ (क-ख) मा प्रस्तुत गरिएको छ ।

प्रदेशगत रुपमा तुलना गर्दा २०७८ असार मसान्तसम्ममा बागमती प्रदेशमा सबैभन्दा बढी २१ लाख ७० हजार ८ सय ८९ सवारी दर्ता भएका छन् भने कर्णाली प्रदेशमा सबैभन्दा कम १४ हजार ३ सय ९३ सवारी दर्ता भएका छन् (तालिका ५.५) ।

**तालिका ५.५ सवारी साधन दर्ताको प्रदेशगत विवरण**

| प्रदेश | यातायातका साधनको कुल संख्या | हिस्सा (प्रतिशत) |
|---|---:|---:|
| प्रदेश नं. १ | ६,९४,८५२ | १५.७ |
| प्रदेश नं. २ | १,३८,९७२ | ३.१ |
| बागमती प्रदेश | २१,७०,८८९ | ४९.० |
| गण्डकी प्रदेश | २,४५,२८२ | ५.५ |
| लुम्बिनी प्रदेश | १०,१९,६५६ | २३.० |
| कर्णाली प्रदेश | १४,३९३ | ०.३ |
| सुदूर पश्चिम प्रदेश | १,४५,५९२ | ३.३ |
| **जम्मा** | **४४,२९,६३६** | **१००** |


*स्रोत : यातायात व्यवस्था कार्यालयहरु, २०७८*

### सञ्चार

समीक्षा वर्षमा कुल वितरित टेलिफोन सङ्ख्यामा ३.७ प्रतिशतले वृद्धि भई ३ करोड ९२ लाख ६३ हजार ४ सय ७९ पुगेको छ भने गत वर्ष यस्तो संख्यामा ८.५ प्रतिशतले कमी आएको थियो । २०७८ असार मसान्तमा कुल टेलिफोन पहुँच १२९.९ प्रतिशत रहेको छ भने २०७७ असार मसान्तमा यस्तो पहुँच १२६.७ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा ब्रोडब्याण्ड इन्टरनेट सेवा प्रयोगकर्ताको संख्यामा ३९.२ प्रतिशतले वृद्धि भई ३ करोड ९ लाख ५४ हजार १ सय ४५ पुगेको छ । गत वर्ष ब्रोडब्याण्ड ईन्टरनेट सेवा प्रयोगकर्ताको सङ्ख्या १४.४ प्रतिशतले बढेको थियो । २०७८ असार मसान्तमा कुल इन्टरनेट पहुँच १०२.४ प्रतिशत रहेको छ । २०७७ असार मसान्तमा यस्तो पहुँच ७४.४ प्रतिशत रहेको थियो । कोरोना महामारीका कारण इन्टरनेट प्रयोगकर्ताको संख्या उल्लेखनीय रुपमा वृद्धि भएसँगै इन्टरनेट पहुँचमा समेत वृद्धि भएको हो । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका २२ मा प्रस्तुत गरिएको छ ।

## ५.६ सहुलियतपूर्ण कर्जा


२०७८ असार मसान्तसम्म सहुलियतपूर्ण कर्जातर्फ १ लाख ४ हजार १ सय ९ ऋणीलाई रु.१ खर्ब ६१ करोड ऋण प्रवाह भएको छ । कुल सहुलियतपूर्ण कर्जामा प्रदेश नं. १ को अंश १७.७ प्रतिशत, प्रदेश नं. २ को अंश ९.३ प्रतिशत, बागमती प्रदेशको अंश ३५.७ प्रतिशत, गण्डकी प्रदेशको अंश १५.२ प्रतिशत, लुम्बिनी प्रदेशको अंश १५.७ प्रतिशत, कर्णाली प्रदेशको अंश १.५ प्रतिशत र सुदूर पश्चिम प्रदेशको अंश ५.० प्रतिशत रहेको छ (चार्ट ५.८) ।




*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## ५.७ विपन्न वर्ग कर्जा

२०७८ असार मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित विपन्न वर्ग कर्जा २०७७ असार मसान्तको तुलनामा ४४.९ प्रतिशतले वृद्धि भई रु.२ खर्ब ८१ अर्ब ३० करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो कर्जा ५८.७ प्रतिशतले वृद्धि भएको थियो । कुल विपन्न वर्ग कर्जामा प्रदेश नं. १ मा प्रवाहित कर्जाको अंश १४.५ प्रतिशत, प्रदेश नं. २ को अंश ८.५ प्रतिशत, बागमती प्रदेशको अंश ४७.६ प्रतिशत, गण्डकी प्रदेशको अंश १०.६ प्रतिशत, लुम्बिनी प्रदेशको अंश ११.७ प्रतिशत, कर्णाली प्रदेशको अंश ३.० प्रतिशत र सुदूरपश्चिम प्रदेशको अंश ४.१ प्रतिशत रहेको छ (चार्ट ५.९)।





*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## ५.८ पुनरकर्जा

आर्थिक वर्ष २०७७/७८ मा कुल रु. १ खर्ब ४८ अर्ब ७५ करोड पुनरकर्जा स्वीकृत भई २०७८ असार मसान्तमा रु. १ खर्ब २२ अर्ब ७० करोड लगानीमा रहेको छ । कुल पुनरकर्जामा बागमती प्रदेशको अंश सबैभन्दा बढी ५२.० प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा १.९ प्रतिशत पुनरकर्जा प्रवाह भएको छ (चार्ट ५.१०) ।

चार्ट ५.१० प्रदेशगत पुर्नकर्जाको हिस्सा (प्रतिशतमा)





*स्रोत : बैंक तथा वित्तीय संस्थाहरु*

## ५.९ सहकारी क्षेत्र

२०७८ असार मसान्तसम्म मुलुकभर २९ हजार ८ सय ८६ सहकारी संस्थाहरु सहकारी विभागमा दर्ता भई सञ्चालनमा रहेका छन् । २०७७ असार मसान्तमा ३४ हजार ८ सय ३७ र २०७६ असार मसान्तमा ३४ हजार ७ सय ३७ सहकारी संस्थाहरु सहकारी विभागमा दर्ता भई सञ्चालनमा रहेका थिए । उक्त सहकारी संस्थाहरुको २०७८ असार मसान्तको कुल पूँजी रु. ९४ अर्ब १० करोड र सदस्य संख्या ७३ लाख ७ हजार ४ सय ६२ रहेको छ । उपरोक्त सहकारी संस्थाहरुले आर्थिक वर्ष २०७७/७८ मा कुल ४ खर्ब ७७ अर्ब ९६ करोड बचत परिचालन गरी ४ खर्ब २६ अर्ब २६ करोड ऋण परिचालन गरेका छन् । यस्ता सहकारी संस्थाहरुमा २०७८ असार मसान्तमा ८८ हजार ३ सय ९ कर्मचारी कार्यरत रहेका छन् । यससम्बन्धी विस्तृत विवरण अनुसूचीको तालिका १८ मा प्रस्तुत गरिएको छ ।

समीक्षा वर्षमा हरेक प्रदेशका १० वटाका दरले नमूना छनौटमा परेका कुल ७० सहकारी संस्थाहरूको कुल पूँजी २६.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर २१.९ प्रतिशत रहेको थियो । समीक्षा वर्षमा उक्त सहकारीहरुको कुल बचत २३.१ प्रतिशत र कुल कर्जा २७.२ प्रतिशतले बढेको छ ।




*स्रोत : सहकारी संस्थाहरू, २०७८*

अघिल्लो आर्थिक वर्ष बचत २०.५ प्रतिशत र कर्जा १५.१ प्रतिशतले बढेको थियो । त्यसैगरी, समीक्षा वर्षमा सहकारी संस्थाका सदस्यको संख्या १२.६ प्रतिशत र कर्मचारीको संख्या ३५.२ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षमा सदस्य संख्या ८.६ प्रतिशत र कर्मचारीको संख्या १२.७ प्रतिशतले बढेको थियो ।

## ५.१० सेवा क्षेत्रका चुनौती र सम्भावना

### चुनौती

कोभिड-१९ महामारीबाट पर्यटन क्षेत्र सबैभन्दा बढी प्रभावित भएको हुँदा यस क्षेत्रलाई पुनरुत्थान गर्नु प्रमुख चुनौती रहेको छ। यसका साथै कोभिड-१९ वाट प्रभावित शिक्षा, सार्वजनिक यातायात र मनोरञ्जन लगायतका क्षेत्रहरुको पुनरुत्थान गरी रोजगारी संरक्षण गर्नु, असन्तुलित रुपमा कोभिड महामारीतर्फ बढी ध्यान दिइएको स्वास्थ्य क्षेत्रका स्रोत साधनलाई सामान्यीकरण गरी सबै रोगको उपचारलाई सहज बनाउनु, गुणस्तरीय र भरपर्दो विद्युतीय भुक्तानी प्रणालीको विकास एवं विस्तार गरी आम सर्वसाधारणसम्म पहुँच पुऱ्याउनु चुनौतीपुर्ण रहेको छ । सार्वजनिक यातायात सेवाको विकास गर्नु, वित्तीय पहुँच विस्तार तथा वित्तीय साधनको सन्तुलित वितरण गर्नु, तुलनात्मक रुपमा बढी उत्पादनशील र रोजगारी सृजना हुने क्षेत्रमा वित्तीय स्रोत प्रवाह गर्नु चुनौती रहेका छन् ।

**तालिका ५.६ : सेवा क्षेत्रका प्रदेशगत चुनौती**

| प्रदेश | चुनौती |
|---|---|
| प्रदेश नं. १ | • प्रदेश सरकारका विभिन्न विषयगत मन्त्रालय तथा स्थानीय तहले समेत आ–आफ्नै विधि तथा प्रक्रियाबाट सहुलियतपूर्ण कर्जा कार्यक्रम कार्यान्वयन गर्ने गरेको सन्दर्भमा हाल कार्यान्वयनमा रहेको सहुलियतपूर्ण कर्जा कार्यक्रममा दोहोरो नपर्ने गरी यस प्रकारका सहुलियतपूर्ण कर्जामा लक्षित वर्गको पहुँच सुनिश्चित गर्नु ।<br>• पहाडी एवं हिमाली जिल्लाहरुमा दक्ष चिकित्सक तथा स्वास्थ्य सेवाको स्तरोन्नती/विस्तार गरी सर्वसाधारणलाई सर्वसुलभ स्वास्थ सेवा उपलब्ध गराउनु । |
| प्रदेश नं. २ | • मिथिला कला तथा प्रदेश नं. २ का मौलिक पहिचान भएका सांस्कृतिक क्रियाकलापहरुको संरक्षण र विकास गर्दै आन्तरिक तथा वाह्य पर्यटक आकर्षित गर्नु । |

| | |
|---|---|
| | • प्रदेशमा अझै पनि स्तरीय र ठूला अस्पतालहरु नरहेकोले सर्वसाधारण जनतालाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउनु । |
| बागमती प्रदेश | • सिन्धुपाल्चोकको बाढीका कारण संकटमा परेको पर्यटन, यातायात लगायतका व्यवसाय उकास्नु । <br> • यस प्रदेशका अधिकाँश होटलको अकुपेन्सी कम देखिएकोले पर्यटन क्षेत्रको पुनरुत्थान गरी यस क्षेत्रको व्यवसाय र रोजगारी प्रवर्द्धन गर्नु । |
| गण्डकी प्रदेश | • सडक सञ्जालको विस्तारसँगै मासिँदै गएका परम्परागत पदमार्गहरुको संरक्षण गर्नु तथा नयाँ पदमार्गहरु खोजी गरी पदमार्गहरुमा सुरक्षा व्यवस्था तथा अत्यावश्यक सञ्चार सुविधा एवं मौसम पूर्वानुमान सूचना प्रणालीको व्यवस्था गर्नु । <br> • सबै जिल्लाहरुमा वित्तीय साधनको समुचित वितरणमार्फत आर्थिक गतिविधि चलायमान बनाउनु । |
| लुम्बिनी प्रदेश | • यस प्रदेशको समग्र कर्जा/निक्षेप अनुपात ११८.१ प्रतिशत रहेकोले कर्जा प्रवाहको अनुपातमा निक्षेप संकलनमा वृद्धि गर्नु । <br> • बाँके, नवलपरासी, रुपन्देही, दाङ र बर्दिया जिल्लामा कर्जा प्रवाह उच्च रहेतापनि रुकुम (पूर्व), रोल्पा, प्यूठान, गुल्मी, अर्घाखाँची र पाल्पा लगायतका जिल्लाहरुमा कर्जा प्रवाह न्यून रहेकाले लगानी विस्तार गर्दै वित्तीय स्रोतमा समान पहुँच पुर्‍याउनु । |
| कर्णाली प्रदेश | • पर्यटन व्यवसायको प्रचूर सम्भावना भएतापनि पूर्वाधारहरुको उपयुक्त निर्माण तथा व्यवस्थापन नभएकोले आन्तरिक तथा वाह्य पर्यटकहरुको घुम्ने अवधि बढाउनु । <br> • न्यून रोजगारी तथा न्यून आयस्तरको कारणले शिक्षाको पहुँचमा आउन नसकेको वर्गलाई गुणस्तरीय शिक्षा प्रदान गर्नु । |
| सुदूर पश्चिम प्रदेश | • सुदूरपश्चिम प्रदेशको पर्यटन प्रवर्द्धनका लागि आवश्यक सडक पहुँच, यातायात सेवा, हवाई सेवा तथा होटल लगायतका पूर्वाधारहरु निर्माण गर्नु । <br> • भौगोलिक विकटताकाबीच छरिएर रहेका बस्ती तथा गाउँहरुमा सडक, स्वास्थ्य तथा शिक्षाका पूर्वाधारहरु विस्तार गर्दै सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा बढावा ल्याउनु । |

## सम्भावना

कोभिड १९ संक्रमणको कारण दैनिक आवश्यक वस्तुको अनलाइन डेलिभरी तथा विद्युतीय भुक्तानी कारोबार फस्टाएको परिप्रेक्ष्यमा चिकित्सकीय परामर्श, सरकारी तथा निजी सेवा क्षेत्रका कारोबारलाई डिजिटाईजेशन गर्न सकिने सम्भावना बढेको छ । कोरोना महामारीका कारण अनलाइन माध्यमबाट अध्ययन अध्यापन गर्ने प्रवृत्ति बढेकोले परम्परागत शिक्षा प्रणालीसँग समानान्तर रूपमा इ-लर्निङको विकास एवं विस्तार गर्न सकिने सम्भावना रहेको छ । यातायात व्यवस्थापन, सवारी चालक अनुमतिपत्र, उद्योग, वाणिज्य, व्यवसाय दर्ता लगायत सेवालाई विद्युतीय माध्यमबाट प्रवाह गर्न सके सार्वजनिक सेवा प्रवाहमा अपेक्षाकृत सुधार हुने तथा सार्वजनिक यातायातलाई व्यवस्थित गरी रोजगारी सृजना गर्न सकिने सम्भावना रहेको छ । वण्ड, डिवेन्चर, रिट्स इक्विटि (REITs Equity) जस्ता विविध किसिमका वित्तीय उपकरणहरु जारी गरी पूँजी परिचालन गर्ने र वास्तविक क्षेत्रमा संचालित उद्योगहरुलाई वित्तीय बजारमा ल्याई पूँजी बजारलाई विस्तार गर्न सकिने सम्भावना रहेको छ । गौतम बुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न भएपश्चात् हवाई सेवामार्फत अन्तर्राष्ट्रिय जगतसँग सम्पर्क थप हुने भएकाले पर्यटन प्रवर्द्धन हुने तथा नेपालको पर्यटकीय क्षेत्रमा आकर्षण यथावत् रहेकोले कोभिड-१९ को प्रकोपको अन्त्यसँगै यो क्षेत्र पुनर्जीवित हुन सक्ने सम्भावना रहेको छ ।

**तालिका ५.७ : सेवा क्षेत्रका प्रदेशगत सम्भावना**

| प्रदेश | सेवा क्षेत्रका सम्भावना |
|---|---|
| प्रदेश नं. १ | • यस प्रदेशमा रहेका आँखा अस्पतालमा छिमेकी मुलुक भारतबाट ठूलो संख्यामा विरामीहरु आउने गरेको, स्वास्थ्य सम्बन्धी दक्ष जनशक्तिको उत्पादन बढ्दै गएको, भौतिक पूर्वाधार समेतको विकास र विस्तार हुँदै गएकोले विदेशी नागरिक लक्षित Multispeciality Hospital, प्राकृतिक उपचार केन्द्र तथा योग केन्द्रहरुको स्थापना गरी स्वास्थ्य पर्यटनको विकास गर्न सकिने ।<br>• विराटनगर विमानस्थल अन्तर्राष्ट्रियस्तरमा स्तरोन्नत्तीको क्रममा रहेको, पर्यटकस्तरका होटलहरु स्थापना भइरहेको, मध्यपहाडी लोकमार्गको निर्माण कार्य तीव्ररुपमा भइरहेको तथा नयाँनयाँ पर्यटकीय गन्तव्य पहिचान तथा विकास स्थानीय सरकार तथा निजी क्षेत्रको समेत प्राथमिकतामा रहेकोले यस प्रदेशमा आन्तरिक तथा वाह्य पर्यटक आगमनमा वृद्धि हुने । |
| प्रदेश नं. २ | • प्रसिद्ध जानकी मन्दिर, धनुषधाम, गढिमाई, छिन्नमस्ता मन्दिर लगायतका धार्मिक स्थललाई व्यवस्थित गरी धार्मिक पर्यटनको विकास गर्न सकिने ।<br>• यस प्रदेशमा वित्तीय पहुँच कमजोर रहेकोले वित्तीय चेतना अभिवृद्धि गरी थप वित्तीय साधन परिचालन गर्न सकिने । |
| बागमती प्रदेश | • बागमती प्रदेश डिजिटल प्रदेश भन्ने सोच सहित यातायात व्यवस्थापन, सवारी चालक अनुमतिपत्र, उद्योग, वाणिज्य, व्यवसाय दर्ता लगायत सेवालाई विद्युतीय माध्यमबाट प्रवाह गर्ने व्यवस्थाले यस प्रदेशको सार्वजनिक सेवा प्रवाहमा सुधार हुन सक्ने ।<br>• निजी क्षेत्रको लगानीमा रियल स्टेट इन्भेष्टमेन्ट ट्रस्ट खडा गरी यस्ता ट्रष्टमार्फत ठूला व्यवसायिक भवनहरु निर्माण गरी काठमाडौं, चितवन, हेटौडा जस्ता शहरी क्षेत्रहरुमा शिक्षा, स्वास्थ्य, होटल, डिपार्टमेन्टल स्टोर, डाटा सेन्टर, सरकारी तथा निजी कार्यालय संचालनका लागि यस्ता भवनहरु लिजमा लगाई रेन्टिङ्ग व्यवसाय विस्तार गर्न सकिने । |
| गण्डकी प्रदेश | • पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न भएपश्चात् हवाई सेवामार्फत् यस प्रदेशको सोझै सम्बन्ध अन्तर्राष्ट्रिय जगतसँग जोडिन पुग्ने भएकाले पर्यटन प्रवर्द्धनमा उल्लेखनीय टेवा पुग्ने ।<br>• यस प्रदेशको हिमाली जिल्ला मनाङ र मुस्ताङमा स्वदेशी तथा विदेशी पर्यटनको राम्रो सम्भावना रहेकोले उक्त क्षेत्रको पर्यटन व्यवसायमा कर्जा विस्तार गर्न सकिने । |
| लुम्बिनी प्रदेश | • व्यवस्थित शहरीकरणको उच्च सम्भावना रहेकाले घरजग्गा कारोबार बढ्ने तथा राजश्वमा समेत वृद्धि हुन सक्ने ।<br>• सहकारी संस्थाहरुलाई प्रविधिमैत्री बनाउदै वित्तीय औजारहरुकोबारेमा विश्लेषण र व्यवसाय निरन्तरता योजना निर्माण गर्नसक्ने दक्ष जनशक्ति भित्राउन सके यस प्रदेशमा सहकारी संस्थामार्फत् स्थानीय स्रोतसाधनको उचित उपयोग गर्न सकिने । |
| कर्णाली प्रदेश | • बैंक तथा वित्तीय संस्थाहरुमा जनताको पहुँच र वित्तीय साक्षरतामा आएको सुधारले साना तथा मझौला क्षेत्रको विकास गर्दै कर्जा विस्तार गर्न सकिने । |

| | |
|---|---|
| | • सुर्खेत विमानस्थललाई स्तरोन्नत्ति गरी प्रदेश अन्तर्गतका जिल्लाहरु डोल्पा, मुगु, हुम्ला, जुम्ला तथा रुकुममा यात्रु वाहक हवाई सेवा नियमितरुपमा सञ्चालन गर्न सकेमा यस क्षेत्रमा रहेका पर्यटकीय क्षेत्रको विकास भई रोजगारी समेत बढ्ने । |
| सुदूर पश्चिम प्रदेश | • सुदूर पश्चिम विश्वविद्यालय तथा गेटा मेडिकल कलेजको स्थापनाबाट गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा उपलब्ध हुनुका साथै यी पूर्वाधारहरुको सञ्चालनले आसपासका क्षेत्रमा आर्थिक गतिविधि विस्तार हुन सक्ने ।<br>• सुदूर पश्चिम प्रदेश सरकारले प्रसूति केन्द्र, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाइ भवनहरुको निर्माण प्रक्रिया शुरु गरेको तथा सबै जिल्लाहरुमा स्वास्थ्य बीमा कार्यक्रम, "एक विद्यालय, एक नर्स कार्यक्रम", ग्रामीण अल्ट्रासाउण्ड जस्ता कार्यक्रम सञ्चालन गरेकाले स्वास्थ्य सेवाको गुणस्तरमा सुधार आउने । |

# परिच्छेद ६
# पूर्वाधार क्षेत्र

## ६.१ पूर्वाधार स्थिति

पूर्वाधार क्षेत्रअन्तर्गत प्रमुख पूर्वाधारको अवस्था र यससँग सम्बन्धित आयोजनाहरुको प्रगति स्थितिको अवस्था विश्लेषण गरिएको छ ।

### सडक

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभागबाट जारी एस.एस.आर.एन. प्रतिवेदन २०२०/२१ अनुसार देशभर राष्ट्रिय राजमार्गको लम्बाई ११,१७८.९ कि.मि.रहेको छ जसमध्ये कालोपत्रे ६,८३६.५ कि.मि., ग्राभेल १११६.४ कि.मि. र कच्ची ३,२२६.१ कि.मि.रहेको छ । यसैगरी, ४८७.२ कि.मि. राजमार्ग निर्माणाधीन अवस्थामा रहेका छन् भने ३,०५०.१ कि.मि. राष्ट्रिय राजमार्ग निर्माणको योजनामा रहेका छन् ।

**तालिका ६.१ : राष्ट्रिय राजमार्गको लम्बाई (कि.मी.)**

| प्रदेश | कालोपत्रे | ग्राभेल | कच्ची | जम्मा | निर्माणाधिन | प्रस्तावित |
|---|---|---|---|---|---|---|
| प्रदेश नं. १ | १२७४.५ | १८२.४ | ४३६.० | १८९२.९ | २२६.९ | ८५५.५ |
| प्रदेश नं. २ | ५४७.३ | १८३.७ | १८३.७ | ९१४.७ | ०.० | १५८.५ |
| बागमती | १३५९.७ | २६८.९ | २६१.१ | १८८९.७ | ३३.० | ४०६.१ |
| गण्डकी | ५३०.२ | ७५.२ | ६९४.६ | १३००.० | ३२.० | १९१.५ |
| लुम्बिनी | १४२८.९ | १६५.१ | ७९१.१ | २३८५.१ | ९४.३ | ७२.६ |
| कर्णाली | ६६४.५ | १६१.० | ६१५.७ | १४४१.२ | २१.० | ६७१.४ |
| सुदुर पश्चिम | १०३१.३ | ८०.१ | २४३.९ | १३५५.४ | ८०.० | ६९४.६ |
| **जम्मा** | ६८३६.५ | १११६.४ | ३२२६.१ | १११७८.९ | ४८७.२ | ३०५०.१ |

*स्रोत : सडक विभाग, SSRN Report 2020/21*

### काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक (EXPRESS WAY) आयोजना[1]

नेपाल सरकार मन्त्रीपरिषद्को निर्णयबमोजिम नेपाली सेनाले निर्माण व्यवस्थापनको जिम्मेवारी पाएको काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडक (Expressway) आयोजनाको लागि आर्थिक वर्ष २०७७/७८ मा रु. ८ अर्ब ९६ करोड ८८ लाख विनियोजन भएकोमा वार्षिक प्रगति ९७.३ प्रतिशत रहेको छ । समीक्षा अवधिमा आयोजनाको कुल अंशको थप ५.१ प्रतिशत काम सम्पन्न भई आयोजनाको कुल कार्यको १६.२ प्रतिशत प्रगति हासिल गर्ने लक्ष्य प्रक्षेपण गरिएकोमा समष्टिगत भौतिक प्रगतितर्फ १६.१ प्रतिशत र वित्तीय तर्फ १४.५ प्रतिशत लक्ष्य हासिल भएको छ ।

सुरुङ्ग मार्ग निर्माणका लागि EPC Model मा अन्तर्राष्ट्रिय बोलपत्र आव्हानमार्फत् निर्माण व्यवसायी छनौट गरी कार्य प्रारम्भ गरिएको छ । सडक आयोजनाको डिजाईन तथा कन्स्ट्रक्शन सुपरभिजनको लागि अन्तर्राष्ट्रिय परामर्शदाता तथा स्थानीय विषय विज्ञहरु छनौट गरी सर्भे लगायतका कार्यहरु सुचारु गरिएको छ । आयोजनास्थलमा १४ वटा बेलिब्रिज जडान गर्ने योजना अनुसार ८ वटा बेलिब्रिज जडान गरी सञ्चालनमा

१ स्रोत: नेपाली सेना २०७७/०४/०५

ल्याईएको छ भने अन्य जडान हुने क्रममा रहेका छन् । साथै, पुल तथा सुरुङ्ग निर्माण कार्यको लागि आवश्यक पर्ने पहुँच मार्ग निर्माण कार्य अगाडि बढाईएको छ । ९१.५ प्रतिशत जग्गा अधिकरण तथा मुआब्जा वितरणसम्बन्धी कार्य सम्पन्न गरिएको छ भने खोकना(बुङमति ईलाकामा रहेको जग्गा विवाद समाधान गर्न राष्ट्रिय योजना आयोगको संयोजकत्वमा समन्वय उप-समिति गठन गरी आवश्यक समन्वय तथा पहल भइरहेको छ। रुख कटान तथा व्यवस्थापन सम्बन्धी कार्य शतप्रतिशत रुपमा सम्पन्न गरिएको छ। रुख कटान भए अनुसार १:२५ को अनुपातमा बृक्षारोपण गर्ने कार्य मुताविक असार मसान्तसम्म कुल २ लाख ४९ हजार १ सय ६६ वटा वृक्षारोपण गरिएको छ।

## नागढुंगा सुरुङ्ग मार्ग निर्माण आयोजना

काठमाण्डौको थानकोट दहचोकदेखि धादिङ्गको सिस्नेखोलासम्म २.६८ किलोमिटर लम्बाई भएको सुरुङ्गमार्ग निर्माणको क्रममा रहेको छ। नागढुंगा सुरुङ्गमार्ग निर्माण आयोजनाका अनुसार सुरुङ्ग खन्ने कामले गति लिएसंगै आर्थिक वर्ष २०७७/७८ को अन्तसम्ममा १५.५ प्रतिशत भौतिक प्रगति भएको छ भने वित्तीय प्रगति १०.५ प्रतिशत (१५ प्रतिशत मोबिलाईजेशन पेश्कीवापत्) रहेको छ । आर्थिक वर्ष २०७७/७८ मा यस आयोजनाको लागि रु. ६ अर्ब १३ करोड ८२ लाख बजेट विनियोजन गरिएकोमा संशोधित बजेट रु. ४ अर्ब ९० करोड ३५ लाख ३३ हजार रहेको थियो । आर्थिक वर्ष २०७७/७८ को कुल खर्च रु.२ अर्ब ९ करोड १८ लाख ७५ हजार २ सय ३४ रहेको छ । यस सुरुङ्ग मार्ग निर्माणको लागि रु. २ खर्ब २२ लाख ५५ हजार १ सय १५ मुआब्जा र १ अर्ब १९ करोड ७३ हजार ४ सय ३० क्षतिपूर्ति वितरण गरिएको छ। मुख्य सुरुङ्ग र इभ्याकुएसन सुरुङ्ग गरी कुल ५ हजार ४ सय ९९ मिटरमध्ये ९ सय १० मिटर सुरुङ्ग निर्माण भईसकेको छ।

पछिल्लो समयमा सरकारले सुरूङ्ग मार्ग निर्माणलाई प्राथमिकतामा राख्दै आएको छ । नागढुंगा सुरूङ्ग मार्गका अलवा अन्य स्थानमा समेत सुरूङ्ग मार्ग निर्माण गर्ने लक्ष्य रहेको छ। काठमाण्डौको कोटेश्वरदेखि जडीबूटीसम्म, सिद्धबाबा सुरुङ्गमार्ग, लामाबगर लाप्चे, धरान लेउती, महादेबडाँडा, धोन्द्रे, लेनडाँडा, टोखा छहरे गुर्जुभञ्ज्याङ्ग, खुर्कोट नियाबारी, थानकोट चित्लाङ्ग, मझिमटार शक्तिखोर, हेम्जा नयाँपुल, दुम्कीवास वर्दघाट, बबई छिन्चु, कपासे सियाकोट, प्रवास जोर्ते र विपिनगर खुटिया दिपायलमा सुरूङ्ग मार्गहरू निर्माण गर्ने लक्ष्य रहेको छ । उपरोक्त अयोजनाहरूमध्ये धेरैजसो आयोजना प्रारम्भिक अध्ययनको चरणमा रहेका छन् भने केही आयोजनाको प्रारम्भिक अध्ययन सम्पन्न भएको छ।

## नागरिक उड्डयन[२]

नेपालमा नियमित हवाई सेवामा आन्तरिक उडानतर्फ ९ वटा वायुसेवा र १० वटा हेलिकप्टर कम्पनी सञ्चालनरत छन् । यसैगरी, अन्तर्राष्ट्रिय उडानतर्फ ३ वटा नेपाली वायुसेवा र २७ वटा विदेशी वायुसेवा गरी ३० वटा वायुसेवाले १५ मुलुकको ३२ वटा गन्तव्यमा उडान सञ्चालन गरिरहेका छन् । नेपालमा रहेका कुल ५४ विमानस्थलमध्ये ३७ वटा विमानस्थलको धावनमार्ग पक्की रहेको छ । उक्त विमानस्थलमध्ये ३५ वटा विमानस्थल सञ्चालनमा रहेका छन् भने १९ वटा विमानस्थल सञ्चालनमा छैनन् ।

समीक्षा वर्षको अन्तसम्ममा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजनाको भौतिक प्रगति ९७ प्रतिशत पुगेको छ। यस विमानस्थलको भौतिक पूर्वाधार निर्माण कार्य सम्पन्न भई फिनिसिङ्गको कार्य भईरहेको छ । उड्डयन उपकरण तथा उडान विधिको चेकजाँच तथा परीक्षण गर्न Flight Calibration को तयारी गरिएकोमा उक्त कार्य सम्पन्न भएको करीब तीन महिनापछि विमानस्थल सञ्चालनको लागि योग्य भई

२ नेपाल नागरिक उड्डयन प्राधिकरणको वार्षिक प्रगति विवरण २०७७/७८

अन्तर्राष्ट्रिय उडानको लागि खुल्ला गरिने योजना रहेको छ । यसैगरी, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजनाको ७९ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ ।

### माथिल्लो तामाकोशी जलविद्युत आयोजना

आर्थिक वर्ष २०६७/६८ मा शुरू भएको माथिल्लो तामाकोशी जलविद्युत आयोजना आर्थिक वर्ष २०७७/७८ मा सम्पन्न भएको छ । यस आयोजनाको आर्थिक वर्ष २०७७/७८ सम्मको भौतिक प्रगति १०० प्रतिशत र वित्तीय प्रगति ९८.७ प्रतिशत भएको देखिन्छ । यस जलविद्युत आयोजनाको ६ वटै यूनिटबाट ४५६ मेगावाट विद्युत उत्पादन हुन थालेको छ । यसरी उत्पादित बिजुली ४७ कि.मि लामो २२० के.भी. प्रसारण लाइनबाट राष्ट्रिय प्रसारण ग्रीड प्रणालीमा आवद्ध गरिएको छ । नेपालमा प्रतिदिन वर्षात्को समयमा समेत ६ हजारदेखि ७ हजार मेगावाट प्रतिघण्टा विद्युत भारतबाट आयात गर्नु परिरहेको सन्दर्भमा माथिल्लो तामाकोशी आयोजना पूर्ण क्षमतामा चल्दा ९ हजार मेगावाट प्रतिघण्टा विद्युत उत्पादन हुने भएकोले मुजफ्फरपुर-ढल्केबरबाट आयात गरेको बिजुली प्रतिस्थापन हुने र प्रणालीमा बढी भएको खण्डमा सो प्रणालीबाट निर्यातसमेत गर्न सकिने सम्भावना रहेको छ । यो आयोजनाको निर्माणसँगै पेट्रोलियम पदार्थको आयात प्रतिस्थापन गरी व्यापार घाटा न्यूनीकरण गर्न सकिने सम्भावना रहेको छ । उद्योगहरुको मागअनुसार विद्युत उपलब्ध गर्न सकिने हुनाले औद्योगिक उत्पादनको लागत घट्ने तथा उद्योगहरुको क्षमता उपयोग समेत वृद्धि हुने सम्भावना रहेको छ ।

### मेलम्ची खानेपानी आयोजना

काठमाडौं उपत्यकाको विद्यमान खानेपानी समस्या समाधान गर्न चरणबद्ध रुपमा दैनिक ५१ करोड लिटर खानेपानी उपलब्ध गराउन नेपाल सरकारबाट राष्ट्रिय गौरवका आयोजनामा छनौट गरिएको यस आयोजनाले उपत्यकाको ३० लाख जनसंख्यालाई खानेपानी उपलब्ध गराउने लक्ष्य राखेको छ। सिन्धुपाल्चोकको मेलम्चीबाट २६ कि.मी. सुरूडमार्फत पहिलो चरणमा दैनिक १७ करोड र दोस्रो चरणबाट ३४ करोड लिटर पानी प्रशोधन गरी वितरण गर्ने लक्ष्य रहेको छ । आर्थिक वर्ष २०५५/५६ मा शुरू भएको मेलम्ची खानेपानी आयोजनाको आर्थिक वर्ष २०७०/७१ मा सम्पन्न हुने प्रारम्भिक लक्ष्य भएतापनि दोस्रो चरणको सम्पन्न गर्ने लक्ष्य भने आर्थिक वर्ष २०८०/८१ रहेको छ। यस आयोजनाको हालसम्मको भौतिक प्रगति ९९.८८ प्रतिशत र वित्तीय प्रगति ९१.९१ प्रतिशत रहेको छ। त्यसैगरी, यस आयोजनाको थोक वितरण प्रणालीको प्रगति ९९.८८ प्रतिशत रहेको छ । यस आयोजनाले परीक्षण कार्य समेत गरिसकेको अवस्थामा २०७८ असार १ र साउन १६ मा आएको बाढीले आयोजनाको पूर्वाधारमा क्षति पुऱ्याएकोले आयोजना संचालन अनिश्चित हुन पुगेको छ । मेलम्ची नदीमा आएको उक्त बाढीले अम्बाथानस्थित हेडवर्क्स नजिकैको क्याम्प साइटमा व्यापक क्षति पुगेको छ । आयोजनाको क्याम्पहरू, उपकरणहरू, निर्माण सामग्रीहरू, पहुँच सडकहरू र पुलहरूलाई पनि बगाएको छ भने मुख्य सुरूङ तथा पानी प्रशोधन केन्द्रमा गम्भीर क्षति पुगेको देखिँदैन ।

### जलमार्ग

सप्तकोशी नदीमा चतरादेखि भोजपुरसम्म करिव १७ कि.मी. लामो जलमार्ग संचालनमा (जलयात्राको लागि करिव २० देखि ३० मिनेट समय लाग्ने) रहेको छ । हाल यस जलमार्गमा ४ वटा कम्पनीले सेवा प्रदान गरिरेहेका छन् । नेपाल पानी जहाज कार्यालयले चतरा देखि तुम्लीङ्गसम्मको ७५ कि.मी.तथा खुवालुङदेखि सुनकोशीतर्फको १० कि.मी. जलमार्गको सम्भाव्यता अध्ययन गरिरहेको छ ।

### रेलमार्ग

जयनगर जनकपुर रेलमार्गको कुल लम्वाई ६९ कि.मी. रहेको छ । भारतको जयनगरदेखि धनुषा जिल्लाको कुर्थासम्म ३५ कि.मी. रेल चल्न मिल्ने गरी तयारी अवस्थामा रहेको यो रेलमार्गको निर्माण कार्य सम्पन्न भई सकेको छ । कुर्थादेखि महोत्तरीको भंगहासम्म १७ कि.मि. सन् २०२३ नोभेम्बरसम्ममा सम्पन्न हुने लक्ष्यका

साथ काम भइरहेको छ। भंगहादेखि बर्दिवाससम्म १७ कि.मी. खण्डमा जग्गा अधिग्रहण एवं मुआब्जा वितरणको प्रक्रियामा रहेको छ ।

## जलविद्युत

समीक्षा वर्षमा आन्तरिक विद्युत जडित क्षमता १ हजार ४ सय १ मेगावाटबाट १ हजार ४ सय ५८ मेगावाट पुगेको छ भने वार्षिक प्रतिव्यक्ति विद्युत खपत २ सय ६० किलोवाट घण्टा पुगेको छ। ९३ प्रतिशत जनसंख्यामा विद्युत पहुँच पुगेको छ । छिमेकी मुलुकहरुमा प्रतिव्यक्ति विद्युत खपत उच्च रहेकोले नेपालले समेत उद्योग, पूर्वाधार तथा घरायसी प्रयोगमा विद्युत खपत बढाई प्रतिव्यक्ति विद्युत खपत बढाउनु पर्ने आवश्यकता रहेको छ ।

## विद्युत प्रसारण लाइन र सबस्टेसन क्षमता

आर्थिक वर्ष २०७७/७८ सम्ममा ६६ किलोभोल्ट क्षमताको ५१४ किलोमिटर, १३२ किलोभोल्ट क्षमताको ३,५४०.५ किलोमिटर, २२० किलोभोल्ट क्षमताको ७४१.२ किलोमिटर र ४०० किलोभोल्ट क्षमताको ७८ किलोमिटर गरी ४,८७४ किलोमिटर प्रसारण लाईन निर्माण भएको छ । यसैगरी, आर्थिक वर्ष २०७७/७८ सम्ममा सबस्टेशन क्षमता ६,५३३.९ मेगाभोल्ट-एम्पियर पुगेको छ। गत वर्ष उक्त क्षमता ४,२९९.७ मेगाभोल्ट-एम्पियर रहेको थियो ।

**तालिका ६.२ : प्रसारण लाईन र सबस्टेसनको विवरण**

| क्र.सं. | आर्थिक वर्ष | सर्किट (कि.मि.) | | | | | सबस्टेसन क्षमता (MVA) |
|---|---|---|---|---|---|---|---|
| | | ६६ के.भि. | १३२ के.भि. | २२० के.भि | ४०० के.भि | जम्मा | |
| १ | २०७१/०७२ | ४९४ | २१३० | – | – | २,६२४ | २,१३२ |
| २ | २०७२/०७३ | ४९४ | २४१७ | – | – | २,९११ | २,२२३ |
| ३ | २०७३/०७४ | ४९४ | २५९६ | ७५ | ७८ | ३,२४३ | २,६१८ |
| ४ | २०७४/०७५ | ५१४ | २७१७ | ७५ | ७८ | ३,३८४ | ३,१९८ |
| ५ | २०७५/०७६ | ५१४ | ३१४३ | २५५ | ७८ | ३,९८९.५ | ३,९३५ |
| ६ | २०७६/०७७ | ५१४ | ३२४० | ४३७ | ७८ | ४,२६९ | ४,२९९.७ |
| ७ | २०७७/०७८ | ५१४ | ३५४०.५ | ७४१.२ | ७८ | ४,८७४ | ६,५३३.९ |

*स्रोत : नेपाल विद्युत प्राधिकरण, २०७८*

## सिँचाई

आर्थिक वर्ष २०७१/७२ बाट निर्माण कार्यको सुरुवात गर्ने गरी मिति २०६८/०५/०७ मा स्थापना गरिएको **भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना** आ.व. २०७९/८० मा सम्पन्न गर्ने संशोधित लक्ष्य रहेको छ । भेरी बबई डाईभर्सनतर्फ रु.३३ अर्ब १९ करोड ६६ लाख र भेरी करीडोर विकास आयोजनातर्फ रु.३ अर्ब ६१ करोड ११ लाख गरी यस आयोजनाको कुल अनुमानित लागत रु.३६ अर्ब ८० करोड ७७ लाख रहेको छ। यो आयोजना सम्पन्न भएपछि बर्दिया र बाँके जिल्लाका करिव ५१ हजार हेक्टर भूमिमा बाह्रै महिना सिँचाई सुविधा उपलब्ध हुनेछ । यसका साथै नियमित रुपमा २ वटा युनिट संचालन गरी जम्मा ४६.८ मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य रहेको छ। वि.सं २०७४ कात्तिक २० बाट TBM Technology प्रयोग गरी सुरु गरिएको १२.२ कि.मि. लामो सुरुङ्ग निर्माण कार्य २०७६ वैशाख ३ गते सम्पन्न भएको छ। यो आयोजनाको आर्थिक वर्ष २०७७/७८ को असार मसान्तसम्म समग्र भौतिक प्रगति करीब ८८.० प्रतिशत र वित्तीय प्रगति करीब ७६.३ प्रतिशत रहेको छ ।

मध्य तथा पूर्वी तराई भेगको १ लाख २२ हजार हेक्टर भूमिमा बाह्रै महिना सिँचाई सुविधा पु¥याउने लक्ष्य रहेको **सुनकोशी मरिन डाइभर्सन बहुउदेश्यीय आयोजना**को प्रारम्भिक र विस्तृत सम्भाव्यता अध्ययन कार्य सम्पन्न भै निर्माण कार्यसमेत प्रारम्भ भईसकेको छ। आ.व. २०७३/७४ बाट शुरु भएको यो आयोजना आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ। आयोजनाअन्तर्गत सिन्धुलीतर्फको डुवान क्षेत्रका लागि जग्गा प्राप्तिसम्बन्धी कार्य सम्पन्न भएको छ। रामेछाप जिल्लातर्फको जग्गा मुआब्जा/क्षतिपूर्तिको मूल्याङ्कनको कार्य भइरहेको छ भने सुरुङ र सोसँग सम्बन्धित अन्य संरचना निर्माणको लागि ठेक्का सम्झौता भएको छ। यस आयोजनाको कुल लागत रु.६७ अर्ब ४९ करोड ४ लाख रहेको छ। यस आयोजनाबाट ४० मेगावाट जलविद्युत उत्पादन गर्ने लक्ष्य लिइएको छ (स्रोतः- जलस्रोत तथा सिँचाई बार्षिक पुस्तिका २०७६/७७)।

कर्णाली नदीको पश्चिमी भङ्गालो (झरही नाला) पानीको स्रोत रहेको **रानी जमरा कुलरीया सिँचाई** प्रणालीले कैलाली जिल्लाको टीकापुर नगरपालिका, लम्की चुहा नगरपालिका र जानकी गाँउपालिका गरी हालसम्म जम्मा करिव ११,००० हेक्टर जमिनमा सिँचाई सुविधा उपलब्ध गराउँदै आएको छ। समग्र सिञ्चित क्षेत्र ३८,३०० हेक्टर रहने यस आयोजनामार्फत् हाल नेपाल सरकारबाट स्वीकृत गुरुयोजना अनुसार २०,३०० हेक्टर क्षेत्रफलको निर्माण कार्य आ.व. २०८०/८१ सम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। यस आयोजनाको २०७८ असार मसान्तसम्मको भौतिक प्रगति ५२.१ प्रतिशत रहेको छ। यो आयोजनाको निर्माण कार्य सम्पन्न भएपश्चात् करिव १४,३०० हेक्टर जमिनमा सिँचाई सुविधा उपलब्ध हुनेछ भने यसबाट करिव २३,६२२ घरधुरीका करिव १,४२,३६६ जनसंख्या प्रत्यक्ष लाभान्वित हुने देखिन्छ। यसका अलावा पूर्व पश्चिम राजमार्गको समानान्तर पश्चिमतर्फ जाने लम्की विस्तार सिँचाई शाखा नहरबाट पथरैया नदीसम्मको थप करिव ६,००० हेक्टरमा र दीर्घकालमा कान्द्रा नदीसम्मको थप १८,००० हेक्टर क्षेत्रफलमा सिँचाई सुविधा विस्तारित गर्ने लक्ष्य लिईएको छ।

कञ्चनपुर र कैलाली जिल्लामा करीब ३३,५२० हेक्टर भू-भागमा सिँचाई सुविधा उपलब्ध गराउने उद्देश्यले करीब रु.३५ अर्ब लागत रहेको निर्माणाधिन **महाकाली सिँचाई आयोजना**लाई आ.व.२०७७/७८ को बजेट वक्तव्यमार्फत् राष्ट्रिय गौरबको आयोजनाका रुपमा विकास गरिएको छ। यस आयोजनाको २०७८ असार मसान्तसम्मको भौतिक प्रगति १३ प्रतिशत रहेको छ। कुल १५१.१८ कि.मी. नहरमध्ये २०७८ असार मसान्तसम्म १२.६ कि.मी. मुल नहर निर्माण भईसकेको तथा ७७ वटा शाखा नहर संरचनाहरु निर्माण भएका छन्।

## राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति

राष्ट्रिय गौरवका आयोजनाहरुको स्थिति र समीक्षा वर्षको अन्तसम्मको भौतिक र वित्तीय प्रगति विवरण तालिका ६.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.२ :- राष्ट्रिय गौरवका आयोजनाको विवरण**

| क्र.सं. | आयोजनाको नाम | अवस्थिती | शुरु मिति | लक्ष्य | सम्पन्न हुने मिति | संशोधित लागत रु. | २०७८ असार मसान्त सम्मको प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | भौतिक | वित्तीय |
| १. | सिक्टा सिंचाई आयोजना | लुम्बिनी प्रदेश | २०५९/६० | ४२,७६६ हेक्टर | २०८४/८५ | २५ अर्ब २ करोड | ६७.२ | ७०.२ |
| २. | बबई सिंचाई आयोजना | लुम्बिनी प्रदेश | २०४५/४६ | ३६,००० हेक्टर | २०७९/८० | १८ अर्ब | ५६.४ | ५२.३ |
| ३. | रानी जमरा कुलरिया आयोजना | सुदूरपश्चिम प्रदेश | २०६८/६९ | ३८,३०० हेक्टर | २०८०/८१ | २७ अर्ब ७० करोड | ५२.१ | ५१.९ |
| ४. | सुनकोशी मरिन डाइभर्सन आयोजना | बागमती प्रदेश र प्रदेश नं. २ | २०७३/७४ | १२२,००० हेक्टर, २८.६ मेगावाट | २०८०/८१ | ४६ अर्ब १९ करोड | ३.५ | ३.२ |
| ५. | महाकाली सिंचाई आयोजना | सुदूरपश्चिम प्रदेश | २०६३/६४ | ३३,५२० हेक्टर | २०८०/८१ | ३५ अर्ब | १३.० | १२.८ |
| ६. | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | कर्णाली प्रदेश, लुम्बिनी प्रदेश | २०६८/६९ | ५१,००० हेक्टर, ४६.८ मेगावाट | २०७९/८० | ३३ अर्ब १९ करोड | ४८.० | ३७.३ |
| ७. | माथिल्लो तामाकोशी जलविद्युत् आयोजना | बागमती प्रदेश | २०६७/६८ | ४५६ मेगावाट | २०७७/७८ | ५२ अर्ब ८ करोड | १००.० | ९९.९ |
| ८. | बुढी गण्डकी जलविद्युत् आयोजना | गण्डकी प्रदेश | २०६९/७० | १२०० मेगावाट | २०८३/८४ | २ खर्ब ६० अर्ब | २०.० | १४.० |
| ९. | विद्युत् प्रशारण आयोजना | बागमती प्रदेश, लुम्बिनी प्रदेश | तयारी चरणमा रहेको | ४०० के.भि. २८९ कि.मि. आन्तरिक २३ कि.मि. अन्तरदेशीय | | अमेरिकी डलर ५२ करोड | २.० | ५.५ |
| १०. | पश्चिम सेती जलविद्युत् आयोजना | सुदूरपश्चिम प्रदेश | | १२०० मेगावाट | | | - | - |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११. | गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल | लुम्बिनी प्रदेश | २०७२/७३ | ३000×६0 एकल धावन मार्ग | २०७७/७८ | ६ अर्ब ८२ करोड | ९७.३ | ७७.० |
| १२. | पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल | गण्डकी प्रदेश | २०६८ | २५00×४५ एकल धावन मार्ग | २०७९/८० | २२ अर्ब | ८१.० | ५८.० |
| १३. | निजगढ अन्तराष्ट्रिय विमानस्थल | प्रदेश नं २ | २०७१/७२ | ३६00×४५ एकल धावन मार्ग | २०८५/८६ | १ खर्ब २० अर्ब | - | - |
| १४. | रेल्वे तथा मेट्रो विकास आयोजना | प्रदेश नं २ | २०६५/६६ | ७० कि.मि./१३१७.४ कि.मि. | | ७० अर्ब ६१ करोड | ३१.५ | ३१.० |
| १५. | हुलाकी राजमार्ग | प्रदेश नं १, प्रदेश नं २, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेश | २०६६/६७ | १७९२.४२ कि.मि. | २०७९/८० | ६५ अर्ब २० करोड | ६८.१ | ७०.० |
| १६. | पुष्पलाल (मध्य-पहाडी) लोकमार्ग | प्रदेश नं १, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश | २०६४/६५ | १८७९ कि.मि. | २०७९/८० | १ खर्ब १ अर्ब ५० करोड | ५७.८ | ६३.३ |
| १७. | उत्तर दक्षिण (कोशी) लोकमार्ग | प्रदेश नं १ | २०६५/६६ | १६२ कि.मि. | २०८०/८१ | १६ अर्ब २० करोड | २४.० | २२.१ |
| १८. | उत्तर दक्षिण (कालीगण्डकी) लोकमार्ग | गण्डकी प्रदेश | २०६६/६७ | ४३१ कि.मि. | २०८०/८१ | २७ अर्ब | २८.०#/६८.०## | २७.५#/६६.९## |
| १९. | उत्तर दक्षिण (कर्णाली) लोकमार्ग | कर्णाली प्रदेश, लुम्बिनी प्रदेश | २०६४/६५ | २८४ कि.मि./१४५ कि.मि. | २०७९/८० | ४ अर्ब १० करोड | २७.० | २५.१ |
| २०. | काठमाडौं तराई-मधेस द्रुत मार्ग | प्रदेश नं २, बागमती प्रदेश | २०७४/७५ | ७२.५ कि.मि. | २०८०/८१ | २ खर्ब १३ अर्ब ९५ करोड | १६.१ | १४.५ |
| २१. | मेलम्ची खानेपानी आयोजना | बागमती प्रदेश | २०५५ | ५१ करोड लिटर | २०७७/७८ (प्रथम चरण) | ३१ अर्ब ३६ करोड | ९९.५ | ९३.१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२. | पशुपती क्षेत्र विकास कोष | बागमती प्रदेश | २०५७/५८ | २८६.६ हेक्टर | २०७८/७९ | १ अर्ब २७ करोड | ८०.० | ६०.४ |
| २३. | लुम्बिनी क्षेत्र विकास कोष | लुम्बिनी प्रदेश | सन् १९७८ | ११५५ विगाह | २०७८/७९ | ७ अर्ब ५० करोड | ८६.० | ४४.८ |
| २४. | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | प्रदेश नं १, प्रदेश नं २, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश | २०७१/७२ | तराई मधेशका ३७ जिल्ला | २०९३/९४ | १० अर्ब २२ करोड | ४.५ | ४.३ |
| # गैंडाकोट-राम्दी-मालढुङ्गा, ## बेनी-जोमसोम-कोरल | | | | | | | | |

*स्रोत : अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय गौरवका आयोजनाहरु ।*

## ६.२ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ६.२.१ चुनौती

पूर्वाधार क्षेत्र सार्वजनिक निर्माणको प्रमुख आधारशिलाको रुपमा रहेको छ । सार्वजनिक प्रशासन र खरिद प्रक्रियाबाट पूर्वाधार क्षेत्र प्रभावित रहने गरेको छ । पूर्व निर्धारित समय र लागतमा आयोजना सम्पन्न गर्नु, पूर्वाधार विकासमा तीव्रता र निर्माणमा गुणस्तर कायम गर्नु जस्ता चुनौती लामो समयदेखि विद्यमान रहेका छन् । यसका लागि पूर्वाधार विकास निर्माण क्षेत्रका ठूला मेरुदण्डको रुपमा रहेका निर्माण व्यवसायीहरुको दक्षता अभिवृद्धि गर्नु, एकीकृत पूर्वाधार विकासको लागि सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माणसम्बन्धी कार्यहरुमा विभिन्न सरोकारवाला निकायहरुबीच आपसी समन्वय कायम गर्नु, पूर्वाधार क्षेत्रका आयोजनाहरु निर्माणको क्रममा मुआब्जासम्बन्धी विवादको शीघ्र समाधान गर्नु, पूर्वाधारको क्षेत्रमा आवश्यक कामदार, विशेषज्ञहरुको उपलब्धता सुनिश्चित गरी आवश्यक कच्चा पदार्थ, मेशिन र उपकरणको सहज आपूर्ति गर्नु एवं पूर्वाधार क्षेत्रमा पर्याप्त वित्तीय व्यवस्थापन गर्नु चुनौतीपूर्ण रहेको छ ।

**तालिका ६.३ : पूर्वाधार क्षेत्रका प्रदेशगत चुनौती**

| प्रदेश | चुनौती |
|---|---|
| प्रदेश नं. १ | • प्रशारण लाइन तथा सडक विस्तारका क्रममा बन क्षेत्रका रुखहरुको कटानी तथा पानीका प्राकृतिक स्रोत/मुहानमा हुने क्षति न्यूनीकरण गर्दै दिगो विकासको लक्ष्य हासिल गर्नु ।<br>• सडक पूर्वाधार निर्माणमा चुनौतीपूर्ण भौगोलिक अवस्था अनुकूलको सुरुङ्ग निर्माण, ट्रष्ट ब्रिज निर्माण आदिको लागि आवश्यक प्रविधि तथा मेसिनरी उपकरण भित्र्याउनु तथा विकास गर्नु । |
| प्रदेश नं. २ | • रेलसेवाको प्रभावकारी सञ्चालनको लागि दक्ष जनशक्तिको व्यवस्थापन गरी दिगो र भरपर्दो रुपमा रेलसेवा सञ्चालन गर्नु ।<br>• प्रदेश तथा स्थानीय तहमा बनेका भौतिक पूर्वाधारहरुको गुणस्तर कायम गरी दिगो रुपमा सञ्चालन गर्नु । |

| | |
|---|---|
| बागमती प्रदेश | • मेलम्ची खानेपानी आयोजनाको भौतिक संरचना बाढीबाट क्षतिग्रस्त भएकोले मेलम्ची आयोजनालाई पुन सञ्चालनमा ल्याउनु ।<br>• सिन्धुपाल्चोकको मेलम्चीमा गएको बाढी पहिरोबाट घर लगायत अन्य भौतिक संरचनामा क्षति पुगेको कारण त्यसको पुनर्निर्माण गर्नु । |
| गण्डकी प्रदेश | • प्राकृतिक प्रकोपको कारण (बाढी, पहिरो) पूर्वाधार निर्माणमा कठिनाई , समयमा आयोजना सम्पन्न नहुनु ।<br>• सडक निर्माणका क्रममा ठेकेदारहरुले परियोजना (निर्माणको सम्पूर्ण कार्य, मजदूर, निर्माण सामग्री, निर्माण सम्बन्धी उपकरण) को बीमा गर्ने गरेको भएतापनि निर्माण कार्यमा विभिन्न कारणले भएको क्षतिको दाबी गर्दा बीमा कम्पनीबाट न्यून मात्रामा क्षतिपूर्ति रकम प्राप्त हुने र त्यस्तो रकम समयमा भुक्तानी नहुनु । |
| लुम्बिनी प्रदेश | • बुटवल सभाहल तथा प्रदर्शनी केन्द्र निर्माण कार्यान्वयन ईकाइ आयोजना सञ्चालनमा विशेषगरी EIA स्वीकृति, निर्माणस्थलमा रहेका रुख कटान स्वीकृति तथा व्यवस्थापन गरी समयमै सम्पन्न गर्नु ।<br>• स्थानीय निकायहरुले नदीजन्य निर्माण समाग्रीहरुको ठेक्का आव्हान नगरिदिँदा निर्माण सामग्री प्राप्तिमा कठिनाई हुनु ।<br>• उद्योगलाई आवश्यक ३३ के.भि.ए. विद्युत लाईन तथा आवश्यक ऐन/कानून पूर्ण रुपमा निर्माण हुन नसकेको कारण भैरहवा विशेष आर्थिक क्षेत्र व्यवस्थित गर्नु । |
| कर्णाली प्रदेश | • निर्धारित समयमा प्रदेशका सबै जिल्लाहरुमा राजधानी सुर्खेतबाट सहज तथा सुलभ सडक र हवाई सञ्जालको विकास गर्नु ।<br>• कठिन भू-बनोटले सडक बिकासका सम्भावना कम भएका क्षेत्रहरुमा यातायातका वैकल्पिक माध्यमहरुको व्यवस्था गर्नु ।<br>• कर्णाली प्रदेशमा रहेका जलाधारहरुको उपयोग गरी विद्युत उत्पादन, प्रसारण तथा वितरण कार्य अगाडि बढाउनु । |
| सुदूर पश्चिम प्रदेश | • भौगोलिक रुपमा विकट पहाडी तथा हिमाली जिल्लाहरुमा दिगो पूर्वाधार निर्माण गर्नु ।<br>• भौतिक पूर्वाधार विकास निर्माण गर्दा वातावरणीय पक्षलाई नकारात्मक असर नपर्ने गरी सम्पादन गर्नु ।<br>• वार्षिक रुपमा रोजगारीको खोजीमा भारत तथा तेस्रो मुलुक जाने जनशक्तिलाई पूर्वाधार क्षेत्रमा आकर्षित गर्नु । |

### ६.२.२ सम्भावना

आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको पूर्वाधार विकास क्षेत्रलाई सरकारले प्राथमिकतामा राख्नाले पूर्वाधार निर्माणले गति लिने सम्भावना रहेको छ। भौतिक पूर्वाधारका योजनामा अत्याधिक प्रयोग हुने सिमेन्ट उत्पादनमा देश आत्मनिर्भरतातर्फ उन्मुख रहेको र बढ्दो प्रतिस्पर्धाका कारण यसको मूल्यमा कमी आई निर्माण लागत घट्ने सम्भावना रहेको । यसैगरी, देशमा पर्याप्त मात्रामा विद्युत उत्पादन भएसँगै पूर्वाधार विकास आयोजनामा सहज विद्युत आपूर्ति भई लागत तथा समयमा कमी आउने सम्भावना रहेको छ । द्विपक्षीय तथा बहु-पक्षीय

विकास साझेदारबाट पूर्वाधार लगानीलाई प्राथमिकतामा राखेको हुनाले भौतिक पूर्वाधारहरु निर्माणमा लगानी बढ्दै जाने सम्भावना रहेको छ । जलविद्युत उत्पादनको लागि उपयुक्त भौगोलिक अवस्था र जलस्रोतको उपलब्धता रहकोले उर्जा उपलब्धता बढ्दै जाने जस्ता अवस्था पूर्वाधार क्षेत्रको सम्भावनाको रुपमा रहेका छन् ।

**तालिका ६.४ : पूर्वाधार क्षेत्रका प्रदेशगत सम्भावना**

| प्रदेश | सम्भावना |
|---|---|
| प्रदेश नं. १ | • तीनै तहका सरकारले सडक सञ्जाल विस्तार तथा मर्मत कार्य गर्न सक्ने बैधानिक व्यवस्था रहेको तथा सरकारको दीर्घकालिन सोचमा सडक सञ्जालको विकास एवं सुदृढीकरण उच्च प्राथमिकतामा रहेकोले आगामी दिनमा सडक निर्माण, विस्तार तथा सुधारको कार्यले तीव्रता पाउने ।<br>• निरन्तररुपमा जल प्रवाह हुने नदीहरु (तमोर, दुध कोशी, अरुण, तामाकोशी, भोटेकोशी लगायत) रहेकोले जल यातायात विकास गर्न सकिने । |
| प्रदेश नं. २ | • समथल भू-भागमा अवस्थित रहेकोले पूर्वाधार निर्माणको लागि तुलनात्मक रुपमा कम लागत लाग्ने हुँदा कम लागतमा पूर्वधार क्षेत्रको विकास गर्न सकिने ।<br>• भौगोलिक सुगमताको लाभ लिँदै पूर्वाधार क्षेत्रको विकासमार्फत् पर्याप्त रोजगारी सृजना गर्न सकिने । |
| बागमती प्रदेश | • ठूला र प्रमुख शहरहरु यस प्रदेशमा अवस्थित रहेकोले रेल, मोनो रेल, ट्राम, केवलकार जस्ता आधुनिक पूर्वाधार आयोजनाहरु निर्माण गर्न सकिने ।<br>• ठूला लगानीका पूर्वाधार आयोजनाहरु निजी-सार्वजनिक साझेदारीमा निर्माण गर्न आवश्यक कानुनी तथा नीतिगत व्यवस्था भएको र वित्तीय सम्भाव्यता नभएका तर अधिक सामाजिक लाभ प्राप्त हुने निजी-सार्वजनिक परियोजनाहरुमा सरकारले नपुग रकम लगानी (Viability Gap Funding) गर्ने व्यवस्थाले यसतर्फ निजी लगानी प्रवर्द्धन हुन सक्ने । |
| गण्डकी प्रदेश | • पर्यटकीय पूर्वाधार र केबुलकार सञ्चालन गर्न सकिने ।<br>• उत्तर दक्षिण लोकमार्गको रुपमा रहेको कालीगण्डकी करिडोरले यस प्रदेशलाई उत्तरमा कोरला नाकामार्फत चीनसँग र दक्षिणमा त्रिवेणी नाकामार्फत भारतसँग अन्तर्राष्ट्रिय व्यापारको ढोका खोलिदिने भएकोले यसको निर्माण सम्पन्न भएपश्चात् यस प्रदेशको वैदेशिक व्यापारमा ठूलो टेवा पुग्ने ।<br>• यस प्रदेशमा निर्माणाधीन राष्ट्रिय गौरव तथा अन्य परियोजनाहरुको हालसम्मको भौतिक प्रगति उल्लेख्य देखिएको र रोजगारीमा पनि बढोत्तरी हुने देखिएको हुँदा तोकिएको समयमा सम्पन्न गर्न सकेको खण्डमा राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य वृद्धि हुने । |
| लुम्बिनी प्रदेश | • यस प्रदेशका पाल्पाको बतासे डाँडा लगायत अन्य पहाडी क्षेत्रको विभिन्न डाँडापाखाहरुमा वायु तथा सौर्य उर्जा र रुपन्देहीको मणिग्राममा स्थापना भए जस्तै प्रदेशका अन्य सम्भावित स्थानहरुमा सौर्य उर्जाको प्रचूर सम्भावना रहेको छ ।<br>• गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य सम्पन्न भएपश्चात् यस क्षेत्रको होटल व्यवसाय तथा सोसँग सम्बन्धित अन्यसेवा व्यवसायहरु जस्तै, यातायात, ट्राभल्स एण्ड |

| | |
|---|---|
| | टुर्स, घरजग्गा कारोबार लगायत विविध क्षेत्रमा विस्तार भई रोजगारी संख्यामा उल्लेख्य वृद्धि हुने र यसको सबै क्षेत्रमा बहुआयामिक प्रभाव पर्ने देखिन्छ । |
| कर्णाली प्रदेश | • कठिन भू-बनोटले सडक बिकासका सम्भावना कम भएका क्षेत्रमा सुरुङ मार्ग तथा केबलकार सञ्चालन गर्न सकिने ।<br>• कर्णाली, भेरी लगायतका ठूला हिमनदीहरु रहेकाले प्रचुर मात्रामा जलविद्युत उत्पादन गरी रोजगारी सृजना गर्न सकिने । |
| सुदूरपश्चिम प्रदेश | • पश्चिम सेती, कर्णाली, बुढीगंगा, चमेलिया महाकाली जस्ता ठूला नदीहरु यस प्रदेशमा रहेकाले जलविद्युत उत्पादनका साथै सिंचाई सुविधामा विस्तार गर्न सकिने । साथै, जल पर्यटनका पूर्वाधार विकास गरी प्रवर्द्धन गर्न सकिने ।<br>• प्रदेश सरकारले प्रत्येक जिल्लामा एउटा पर्ने गरी ९ वटा महत्वपूर्ण सडक योजनालाई प्रदेश गौरबका आयोजनाका रुपमा छनौट गरी निर्माण कार्य अगाडि बढाएका कारण ग्रामीण तथा पहाडी भेगमा सडक पूर्वाधारमा सुधार हुने देखिएको । |

## परिच्छेद ७
# वाह्य क्षेत्र र रोजगारी

### ७.१ वैदेशिक व्यापार

आर्थिक वर्ष २०७७/७८ मा कुल वस्तु निर्यात ४४.४ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ४१ अर्ब १२ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो निर्यात ०.६ प्रतिशतले वृद्धि भएको थियो । गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ क्रमशः ५१.७ प्रतिशत र २७.७ प्रतिशतले निर्यात वृद्धि भएको छ भने चीनतर्फको निर्यातमा १४.७ प्रतिशतले कमी आएको छ ।

आर्थिक वर्ष २०७७/७८ मा कुल वस्तु आयात २८.७ प्रतिशतले वृद्धि भई रु.१५ खर्ब ३९ अर्ब ८४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १५.६ प्रतिशतले घटेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयातमा क्रमशः ३२.१ प्रतिशत, २८.६ प्रतिशत र १९.६ प्रतिशतले वृद्धि भएको छ ।

आर्थिक वर्ष २०७७/७८ मा कुल वस्तु व्यापार घाटा २७.३ प्रतिशतले वृद्धि भई रु.१३ खर्ब ९८ अर्ब ७१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा १६.८ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा निर्यात-आयात अनुपात ९.२ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ८.२ प्रतिशत रहेको थियो ।

**तालिका ७.१ : आर्थिक वर्ष २०७७/७८ को आयात र निर्यातको संरचना (प्रतिशत)**

| क्र.सं. | विवरण | २०७६/७७ | | २०७७/७८ | |
|---|---|---|---|---|---|
| | | आयात | निर्यात | आयात | निर्यात |
| १ | खाद्य तथा पेय पदार्थ | १७.३ | ४६.२ | १८.० | ५३.८ |
| २ | औद्योगिक आपूर्ति | ३५.२ | ३२.१ | ३७.२ | २७.९ |
| ३ | ईन्धन तथा लुब्रिकेन्ट्स | १५.५ | ०.० | १३.२ | ०.० |
| ४ | पूँजीगत वस्तु पार्टस् तथा अन्य सामान (यातायातका साधन बाहेक) | १४.४ | ०.४ | १४.८ | ०.३ |
| ५ | यातायातका साधन, पार्टस् तथा अन्य सामान | ८.३ | ०.६ | ७.७ | ०.४ |
| ६ | उपभोग्य सामग्रीहरु | ९.० | २०.७ | ८.८ | १७.६ |
| ७ | अन्य सामग्रीहरु | ०.२ | ०.० | ०.३ | ०.० |
| **जम्मा** | | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोत : भन्सार विभाग, २०७८*

समीक्षा अवधिमा आयात र निर्यातको संरचनामा उल्लेखनीय परिवर्तन भएको छैन । आर्थिक वर्ष २०७७/७८ को कुल निर्यातमा खाद्य तथा पेय पदार्थको हिस्सा सबैभन्दा बढी (५३.८ प्रतिशत) रहेको छ भने आयातमा औद्योगिक आपूर्तिको हिस्सा सबैभन्दा बढी (३७.२ प्रतिशत) रहेको छ । कुल आयातमा औद्योगिक आपूर्तिको हिस्सा सबैभन्दा बढी एवं वृद्धि हुँदै गएकाले औद्योगिक उत्पादनमा वृद्धि भई आर्थिक वृद्धिदरमा योगदान पुऱ्याउने देखिन्छ ।

आर्थिक वर्ष २०७७/७८ मा रु.२ खर्ब ९५ अर्ब १ करोड ५८ लाखको कृषिजन्य वस्तु आयात भएको छ भने रु.७८ अर्ब ५४ करोड ४७ लाखको कृषिजन्य वस्तु निर्यात भएको छ । कृषिजन्य वस्तुको आयात निर्यात दुबैतर्फ बोसो तथा तेलजन्य वस्तुको हिस्सा उच्च रहेको छ । समीक्षा वर्षमा रु.८२ अर्ब ९० करोड ७० लाखको बोसो तथा तेल आयात भएको थियो भने रु. ५५ अर्ब ९५ करोड ९१ लाखको बोसो तथा तेल निर्यात भएको थियो । यसका अतिरिक्त धान/चामल, तरकारी तथा दलहन, पशुपन्छीको आहारा, नट्स तथा फलफुल, मकै र

चिनी क्रमशः आयात रकमको आधार दोस्रो, तेस्रो, चौथो, पाँचौ, छैठौं र सातौं स्थानमा रहेका छन् । यसैगरी, मसाला, पशुपन्छीको आहारा, जुट तथा अन्य वनस्पती रेशा, चिया, तरकारी तथा दलहन र छालाको निर्यात क्रमशः दोस्रो, तेस्रो, चौथो, पाँचौ, छैठौं र सातौं स्थानमा रहेका छन् ।

**तालिका ७.२: कृषिजन्य वस्तु आयात निर्यातको अवस्था**

(रु. दश लाखमा)

| वस्तुको नाम | आ.व. २०७६/७७ | | आ.व. २०७७/७८ | |
|---|---|---|---|---|
| | आयात | निर्यात | आयात | निर्यात |
| जिवित जन्तु | ९५५.८ | ९.२ | १६०७.९ | ०.० |
| मासु | ६०.० | ४१.७ | ३१.३ | १०.६ |
| माछा तथा अन्य जलचर | १७६५.१ | ०.३ | १६९८.१ | ०.० |
| तयारी माछामासु | १०७.७ | ०.० | ७६.१ | ०.० |
| दुग्ध पदार्थ तथा पशुजन्य खाद्य उत्पादन | २२५९.९ | ३८.३ | २०६७.४ | १४६.८ |
| जीवित बोटविरुवा तथा फूलहरु | २६८.९ | ५.४ | ३८५.४ | ४.८ |
| तरकारी तथा दलहन | ३३०५७.१ | १०७३.१ | ३८५००.६ | ६९९.९ |
| नट्स तथा फलफुल | २०७४६.३ | ८.६ | २१३४३.८ | २०.८ |
| चिया | ७७.४ | २७८२.८ | १५१.३ | ३७९७.१ |
| कफी | ११८.८ | ५७.७ | १०६.७ | ९६.० |
| मसला | ११३७७.८ | ४६८२.१ | ९१७२.८ | ७८७४.७ |
| धान | ३३६५१.४ | ९.४ | ५०७८७.३ | २.८ |
| मकै | १४७५३.० | ०.० | १६०२०.४ | ०.० |
| गहुँ | ७९०७.६ | ०.० | ११९७६.९ | ०.० |
| जौ | ६.८ | ०.० | १३.८ | ०.० |
| पिठो, मैदा, सुजी, च्याँख्ला आदि | १३७५.१ | ६४.१ | १८७८.२ | ६३.७ |
| पशुपन्छीको आहारा | १५१२६.० | ३१९४.८ | २२०३९.४ | ४७९६.१ |
| सुर्ती तथा सुर्तीजन्य उत्पादन | ३२८४.३ | ११६.२ | ३१८७.१ | ११०.० |
| छाला | ६३.३ | १७८.४ | ५८.० | १५६.६ |
| बोसो तथा तेल | ५०२४८.१ | ३११९७.३ | ८२९०७.० | ५५९५९.१ |
| चिनी | ४२७५.६ | ९१.८ | १२२६३.४ | १३.० |
| रेशम | ४१३.० | ०.५ | ४३६.३ | ०.१ |
| ऊन | ३१४१.१ | ७.५ | ३५०७.४ | १७.४ |
| कपास | ६८३३.९ | ०.५ | १०४१४.७ | २.१ |
| जुट तथा अन्य वनस्पती रेशा | २९०४.१ | ३५१२.० | ४३८४.५ | ४७७३.० |
| **जम्मा** | **२१४७७८.३** | **४७०७१.९** | **२९५०१५.८** | **७८५४४.७** |

*स्रोत : भन्सार विभाग, २०७८*

भन्सार बिन्दुको आधारमा विश्लेषण गर्दा प्रदेश नं. २ मा रहेका भन्सार नाकाहरुबाट सबैभन्दा बढी वस्तु आयात भएको छ भने सुदूर पश्चिम प्रदेशमा रहेका भन्सार कार्यालयबाट सबैभन्दा कम वस्तु आयात भएको छ । यसैगरी, प्रदेश नं. २ मा रहेका भन्सार नाकाहरुबाट सबैभन्दा बढी निर्यात भएको छ भने सुदूरपश्चिम प्रदेशमा रहेका भन्सार नाकाहरुबाट सबैभन्दा कम निर्यात भएको छ । गण्डकी र कर्णाली प्रदेशस्थित भन्सार बिन्दुबाट नगन्य मात्रामा वैदेशिक व्यापार भएको छ (तालिका ७.३) ।

**तालिका ७.३ : भन्सार विन्दुको आधारमा वैदेशिक व्यापारको प्रदेशगत स्थिति**

| प्रदेश | प्रमुख भन्सार विन्दुहरु | आयात (रु. अर्बमा) | निर्यात (रु. अर्बमा) |
|---|---|---|---|
| प्रदेश नं. १ | भद्रपुर, विराटनगर, मेची, सुनसरी | २४०.१ | ४९.४ |
| प्रदेश नं. २ | बीरगञ्ज, सुख्खा बन्दरगाह, गौर, जलेश्वर, जनकपुर, राजविराज, सर्लाही, सिराहा, ठाडी | ७१८.० | ५६.४ |
| बागमती प्रदेश | रसुवा, तातोपानी, त्रिभुवन विमानस्थल | १६६.२ | २५.४ |
| लुम्बिनी प्रदेश | भैरहवा, कृष्णनगर, नेपालगञ्ज, महेशपुर, सुठौली | ३८६.९ | ९.३ |
| सुदूर पश्चिम प्रदेश | कैलाली, कञ्चनपुर, सत्ती | २८.७ | ०.६ |
| **जम्मा** | | १५३९.८ | १४१.१ |

*स्रोत : भन्सार विभाग, २०७८*

आर्थिक वर्ष २०७७/७८ मा आयात गरिएका मुख्य वस्तुहरुमा पेट्रोलियम पदार्थ, सवारी साधन तथा पाटपुर्जा, मेसीनरी उपकरण तथा पाटपुर्जा, एम.एस.बिलेट, भटमासको कच्चा तेल, धान/चामल, औषधि, सञ्चार उपकरण, तयारी पोशाक, सुन, कोईला तथा विद्युतीय उपकरण आदि रहेका छन् । समीक्षा वर्षमा निर्यात गरिएका मुख्य वस्तुहरुमा भटमासको तेल, पोलिस्टर धागो, गलैंचा, अलैंची, जुटका सामान, जुस, तयारी पोशाक, कपडा, पश्मिना, पिना, जडीबूटी, आयुर्वेदिक औषधि तथा चाउचाउ आदि रहेका छन्(तालिका ७.४) ।

**तालिका ७.४ :- भन्सार विन्दुको आधारमा आयात निर्यात गरिएका मुख्य वस्तुहरु**

| प्रदेश | आयात | निर्यात |
|---|---|---|
| प्रदेश नं. १ | भटमासको कच्चा तेल, फलाम वा इस्पातका अर्ध-तयारी उत्पादन, फलामका कच्चा पदार्थ/पाता तथा डण्डी, एल.पी.ग्याँस, मकै, पेट्रोल, सुर्यमुखीको कच्चा तेल, डिजल, काँचो सनपाट आदि । | भटमासको तेल, फलफुलको रस, सूर्यमूखीको दाना तथा तेल, आयुर्वेदिक औषधिजन्य उत्पादन, धागो, बुनिएका कपडा, दन्तमञ्जन, खेलकूद सामग्री, स्टेनलेस स्टीलको टेबल आदि । |
| प्रदेश नं. २ | डिजल, भटमासको कच्चा तेल, फलाम वा इस्पातका अर्द्ध-तयारी उत्पादन, एल.पी.ग्याँस, पेट्रोल, फलामका कच्चा पदार्थ/पाता तथा डण्डी, औषधि, कोइला, सुर्यमुखीको कच्चा तेल, धान आदि । | अलैंची, चिया, अम्रिसो, तरकारी, पोलिस्टर धागो, रोजिन, पास्ता, चिउरा, अदुवा, फेल्टका सामान, कत्था, गलैंचा, कपडा आदि । |
| बागमती प्रदेश | सुन, सेलुलर टेलिफोन, खोप, चाँदी, ल्यापटप, प्रयोगशालाका सामाग्री, मेडिकल औजार तथा उपकरण, नेटवर्क, | गलैंचा, पश्मिना, फेल्टका सामान, जीवजन्तुको आहार, ऊनको तयारी पोसाक, सूतीको तयारी पोसाक, |

| | | |
|---|---|---|
| | हवाईजहाज र सम्बन्धित उपकरण, मास्क आदि । | सजावटका सामान, बाद्ययन्त्र, तारपिन तेल आदि । |
| लुम्बिनी प्रदेश | फलाम वा इस्पातका अर्द्ध-तयारी उत्पादन, डिजल, मोटरसाईकल, कोइला, एल.पी.ग्याँस, सेलुलर टेलिफोन, तयारी सेरामिक्स, चिनी, गहुँ आदि । | भटमासको तेल, गलैँचा, ऊनीका बुनेका कपडा, फेल्टका सामान, बुनेका कपडा, बोरा तथा झोला, कुकुर/बिरालोको खाना, पोलिस्टर धागो आदि । |
| सुदूर पश्चिम प्रदेश | डिजल, पेट्रोल, चामल, गहुँ, एल.पी.ग्याँस, ट्याक्टर/ट्रेलर, कागज तथा बोर्ड, आलु, बिटुमिन, चिनी आदि । | जडिबुटी, कत्था, रोजिन, अन्य तेल, रिट्ठा, अर्द्ध तयारी खयर कत्था, गुँद, सुठो, अलैंची आदि । |

*स्रोत : भन्सार विभाग*

समग्र देशको निर्यातमा अलैँची, चिया, अदुवा, जडीबूटी, पश्मिना, धागो, तयारी पोशाक, छाला, जुत्ता, गलैंचा, जुस, दाल, सुन-चाँदीका गहना, चाउचाउ, तयारी पोशाक, मह, कफी तथा जलविद्युत् जस्ता तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका वस्तुहरु रहेका छन् । यसैगरी, सेवा क्षेत्र अन्तर्गत पर्यटन क्षेत्र र सूचना प्रविधि क्षेत्रका दक्ष तथा अर्धदक्ष जनशक्ति प्रतिस्पर्धात्मक लाभका क्षेत्र रहेका छन् । प्रदेशगत रुपमा निर्यातका सम्भावना भएका वस्तुहरु तालिका ७.५ मा दिइएको छ ।

**तालिका ७.५ : प्रदेशगत आधारमा निर्यात सम्भावना भएका वस्तु**

| प्रदेश | वस्तु |
|---|---|
| प्रदेश नं. १ | चिया, अलैंची, अदुवा, रुद्राक्ष, धागो । |
| प्रदेश नं. २ | माछा, आँप, छाला । |
| बागमती प्रदेश | पश्मिना शल, उनी गलैंचा, फेल्टका सामान(खेलौना), तयारी पोशाक, जुत्ता, हस्तकला । |
| गण्डकी प्रदेश | चामल, गहुँ, मकै, कोदो, फापर, जौ, अदुवा, कफी, अलैंची, सुन्ताला, स्याउ, जडीबुटी, जलविद्युत, ऊन । |
| लुम्बिनी प्रदेश | रोजिन र रोजिन एसिड, पोलिष्टर यार्न, कफी, अदुवा । |
| कर्णाली प्रदेश | गहुँ मकै, आलु, स्याउ, उन, अदुवा, जडिबुटी । |
| सुदूर पश्चिम प्रदेश | तरकारी, जैतुनको तेल, जडीबुटी, टर्पेन्टाइन तेल, रोजिन र रोजिन तेल, फलफुल, दुग्धजन्य पदार्थ, जलविद्युत । |

*स्रोत : व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, २०७५*

## ७.२ रोजगारी

नेपाल श्रमशक्ति सर्वेक्षण २०७५/७६ अनुसार राष्ट्रिय बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ । प्रदेश नं. २ मा सबैभन्दा बढी (२०.१ प्रतिशत) बेरोजगारी दर रहेको छ भने बागमती प्रदेशमा सबैभन्दा कम (७.० प्रतिशत) बेरोजगारी दर रहेको छ ।

**तलिका ७.६ : रोजगारी विवरण** *(संख्या हजारमा)*

| प्रदेश | रोजगार संख्या | बेरोजगार संख्या | रोजगारी संख्या | श्रम शक्ति | बेरोजगारी दर (%) | श्रम शक्ति सहभागिता दर (%) |
|---|---|---|---|---|---|---|
| प्रदेश नं. १ | १,२०८ | १३६ | २,२११ | १,३४४ | १०.२ | ३७.८ |
| प्रदेश नं. २ | १,२६१ | ३१७ | २,३९५ | १,५७८ | २०.१ | ३९.७ |
| बागमती | २,१२९ | १६१ | २,५७५ | २,२९० | ७ | ४७.१ |
| गण्डकी | ६०६ | ६० | १,२०२ | ६६६ | ९ | ३५.७ |
| लुम्बिनी | १,१३९ | १४४ | २,१५४ | १,२८३ | ११.२ | ३७.३ |
| कर्णाली | २८८ | ३१ | ८४३ | ३१९ | ९.७ | २७.५ |
| सुदुरपश्चिम | ४५५ | ५९ | १,३७० | ५१३ | ११.५ | २७.३ |
| **जम्मा** | **७,०८६** | **९०८** | **१२,७५०** | **७,९९४** | **११.४** | **३८.५** |

*स्रोत : केन्दीय तथ्याङ्क विभाग, २०७६*

## प्रधानमन्त्री रोजगार कार्यक्रम

कोभिड-१९ ले गर्दा धेरै श्रमिकहरुको रोजगारी गुमेकोमा क्रमवद्ध रुपमा आर्थिक क्रियाकलाप सुचारु भएसंगै रोजगारीको अवस्था सुधार हुँदै गएको छ । बेरोजगार व्यक्तिहरुलाई रोजगार दिन सरकारले कार्यान्वयनमा ल्याएको प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०७७/२०७८ को अन्त्यसम्ममा ७ लाख ५२ हजार ४ सय ६८ जना रोजगारको लागि सूचीकृत रहेकोमा १ लाख ७२ हजार ४ सय ९१ जनाले रोजगारी पाएका छन् । आर्थिक वर्ष २०७७/७८ मा यस कार्यक्रमको लागि नेपाल सरकारले रु ११ अर्ब ६० करोड बजेट विनियोजन गरेको थियो ।

**तालिका ७.७ : २०७८ असार मसान्तसम्मको प्रधानमन्त्री रोजगार कार्यक्रमसम्बन्धी विवरण**

| प्रदेश | सूचीकृत बेरोजगार | | | | | रोजगारीमा खटिएका संख्या | जम्मा रोजगारी दिन ( हजारमा) | आयोजना संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | अन्य | नखुलेको | जम्मा | | | |
| प्रदेश नं. १ | ६४,३६२ | ३५,०९९ | १०४ | ४० | ९९,६०५ | २८,१३५ | २,११७ | २,९५४ |
| प्रदेश नं. २ | ४७,००६ | ३५,७०८ | ५ | ९५ | ८२,८१४ | १५,१४६ | ९९९ | १७०० |
| बागमती प्रदेश | ५६,८३८ | ४१,९०८ | १ | ४० | ९८,७८७ | २४,९२० | १,८१२ | २७०९ |
| गण्डकी प्रदेश | ३७,५०२ | २१,४४२ | १ | ९४ | ५९,०३९ | १४२८५ | १,०४४ | १६८६ |
| लुम्बिनी प्रदेश | ६३,८३३ | ५०,५०५ | १० | ५१ | १,१४,३९९ | २७,०१७ | २,०१६ | २४८९ |
| कर्णाली प्रदेश | ८१,६२५ | ६०,९४९ | १३ | २४८ | १,४२,८३५ | २५,३४३ | २,२४४ | २०६७ |
| सुदूरपश्चिम प्रदेश | ८२,५१३ | ७२,४३२ | ७ | ३७ | १,५४,९८९ | ३७,६४५ | २,८८२ | २५७८ |
| जम्मा | ४,३३,६७९ | ३,१८,०४३ | १४१ | ६०५ | ७,५२,४६८ | १,७२,४९१ | १३,११७ | १६,५४३ |

*स्रोत : प्रधानमन्त्री रोजगार कार्यक्रम, २०७८*

प्रदेशगत रुपमा तुलना गर्दा सुदूरपश्चिम प्रदेशबाट सवैभन्दा बढी १ लाख ५४ हजार ९ सय ८९ जना बेरोजगार व्यक्तिहरु सूचीकृत भएको देखिन्छ भने गण्डकी प्रदेशबाट सवैभन्दा कम ५९ हजार ३९ जना बेरोजगार व्यक्तिहरु रोजगारीको लागि आवेदन दिई सूचीकृत भएको देखिन्छ । करीव २ लाख जनालाई कम्तीमा १०० दिनको रोजगारी दिने लक्ष्य रहेको यस कार्यक्रमले विद्यमान अवस्थामा सबै सूचीकृत व्यक्तिहरुलाई रोजगार प्रदान गर्न कठिनाई भएकाले थप गृहकार्य गर्नु पर्ने देखिन्छ ।

## वैदेशिक रोजगारी

कोभिड-१९को प्रभावको कारण वैदेशिक रोजगारीको अवसरमा कमी आएको छ । विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड-१९को असर कम भई क्रमवद्ध रुपमा आर्थिक क्रियाकलाप सुचारु भएपश्चात् रोजगारीको अवस्था सुधार हुँदै जाने अपेक्षा गरिएको छ । वैदेशिक रोजगार विभागबाट आर्थिक वर्ष २०७७/७८ मा पुनः श्रम स्वीकृति समेत जारी गरिएका कुल १,६६,६९८ श्रम स्वीकृतीमध्ये प्रदेश नं. २ को सबैभन्दा बढी ४५,७१७ र सुदूरपश्चिम प्रदेशका सबैभन्दा कम ३,३८१ रहेका छन् । जिल्लागत रुपमा धनुषा जिल्लामा सबैभन्दा बढी १२,६८९ श्रम स्वीकृति जारी गरिएको छ ।

**तालिका ७.८: आर्थिक वर्ष २०७७/७८ मा जारी श्रम स्वीकृतीको प्रदेशगत विवरण**

| प्रदेश | पुनः श्रम स्वीकृती बाहेक | | | पुनः श्रम स्वीकृती समेत | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| प्रदेश नं. १ | १२,५१६ | २,२५४ | १४,७७० | २९,३०९ | ३,४२४ | ३२,७३३ |
| प्रदेश नं. २ | २०,३६६ | २८४ | २०,६५० | ४५,२३० | ४८७ | ४५,७१७ |
| बागमती प्रदेश | ८,३१९ | ३,०९४ | ११,४१३ | १९,११६ | ४,९७७ | २४,०९३ |
| गण्डकी प्रदेश* | ८,२३५ | ७१८ | ८,९५४ | २५,१४६ | १,२०३ | २६,३४९ |
| लुम्बिनी प्रदेश* | ११,६७५ | ६४५ | १२,३१८ | २९,७७३ | १,१०० | ३०,८७२ |
| कर्णाली प्रदेश* | २,२९२ | १०४ | २,३९७ | ३,४१० | १४२ | ३,५५३ |
| सुदूर पश्चिम प्रदेश | १,५०० | ७९ | १,५७९ | ३,२५८ | १२३ | ३,३८१ |
| **जम्मा** | **६४,९०३** | **७,१७८** | **७२,०८१** | **१,५५,२४२** | **११,४५६** | **१,६६,६९८** |

*नवलपरासी र रुकुम जिल्लाको संख्या सम्बन्धित प्रदेशमा आधा/आधा राखिएको ।

*स्रोतः वैदेशिक रोजगार विभाग, २०७८*

आर्थिक वर्ष २०७६/७७ को मध्यतिरबाट कोभिड-१९ महामारी शुरु भएसँगै वैदेशिक रोजागारीका लागि जारी गरिने श्रम स्वीकृति संख्यामा कमी आइरहेको छ । आर्थिक वर्ष २०७५/७६ मा वैदेशिक रोजगार विभागबाट कुल ५ लाख ८ हजार ८ सय २८ श्रम स्वीकृति जारी गरिएकोमा आर्थिक वर्ष २०७६/७७ मा ३ लाख ६८ हजार ४ सय ३३ र आर्थिक वर्ष २०७७/७८ मा १ लाख ६६ हजार ६ सय ९८ श्रम स्वीकृति जारी गरिएको छ ।

**तालिका ७.९: श्रम स्वीकृतीको प्रवृत्ति**

| आर्थिक वर्ष | पुनः श्रम स्वीकृती बाहेक | | | पुनः श्रम स्वीकृती समेत | | | विप्रेषण आप्रवाह रकम (रु. करोडमा) |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| **२०७५/७६** | २,१५,६३३ | २०,५७८ | २,३६,२११ | ४,७६,७०५ | ३२,१२३ | ५,०८,८२८ | ८७,९३६.७ |
| **२०७६/७७** | १,७२,२४७ | १८,२०६ | १,९०,४५३ | ३,४०,००० | २८,४३३ | ३,६८,४३३ | ८७,५०२.७ |
| **२०७७/७८** | ६४,९०३ | ७,१७८ | ७२,०८१ | १,५५,२४२ | ११,४५६ | १,६६,६९८ | ९६,१०५.५ |

*स्रोतः वैदेशिक रोजगार विभाग, नेपाल राष्ट्र बैंक, २०७८*

श्रम स्वीकृतिमा कमी आएतापनि आर्थिक वर्ष २०७७/७८ को अन्त्यसम्ममा प्राप्त विप्रेषण आप्रवाहमा भने वृद्धि भएको पाइएको छ । आर्थिक वर्ष २०७५/७६ को अन्त्यसम्ममा रु.८ खर्ब ७९ अर्ब ३७ करोड विप्रेषण आप्रवाह भएकोमा आर्थिक वर्ष २०७६/७७ मा सामान्य गिरावट आई रु.८ खर्ब ७५ अर्ब ३ करोड मात्र विप्रेषण आप्रवाह भएको थियो । यद्यपि, आर्थिक वर्ष २०७७/७८ को अन्त्यसम्ममा उक्त रकममा वृद्धि भई रु. ९ खर्ब ६१ अर्ब ६ करोड विप्रेषण आप्रवाह भएको छ । विप्रेषण रकममा वृद्धि भएसंगै अर्थतन्त्र चलायमान हुनसक्ने भएकाले उक्त रकमको सदुपयोगितातर्फ समयमै उचित ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

दक्षताको आधारमा तुलना गर्दा आर्थिक वर्ष २०७७/७८ मा जारी गरिएका कुल १ लाख ६६ हजार ६ सय ९८ श्रम स्वीकृतीमध्ये ४८.२ प्रतिशत श्रम स्वीकृति अदक्ष कामदारको लागि जारी गरिएको पाईएको छ । यसैगरी, ४२.२ प्रतिशत दक्ष कामदार र ९.३ प्रतिशत अर्धदक्ष कामदारले श्रम स्वीकृती लिएको पाईएको छ ।

**तालिका ७.१०: दक्षताको आधारमा आ.व. २०७७/७८ मा जारी श्रम स्वीकृती संख्या**

| क.सं. | प्रकृति | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | उच्च सिपयुक्त | ५५ | ६ | ६१ |
| २. | पेशागत | २२६ | २० | २४६ |
| ३. | अर्धदक्ष | १४,४२७ | १,१५६ | १५,५८३ |
| ४. | दक्ष | ६५,८६९ | ४,५५७ | ७०,४२६ |
| ५. | अदक्ष | ७४,६६५ | ५,७१७ | ८०,३८२ |
| | **कूल जम्मा** | **१,५५,२४२** | **११,४५६** | **१,६६,६९८** |

*स्रोत: वैदेशिक रोजगार विभाग, २०७८ ।*

## ७.३ वाह्य क्षेत्र र रोजगारीका सम्बन्धमा रहेका चुनौती र सम्भावना

### ७.३.१ चुनौती

वस्तु आयातमा भएको उच्च वृद्धिका कारण प्रत्येक वर्ष बढ्दै गएको व्यापार घाटामा कमी ल्याउनु, आन्तरिक उत्पादनमा वृद्धि गरी आयात प्रतिस्थापन गर्नु, पर्यटन क्षेत्रलाई प्रवर्द्धन गरी विदेशी मुद्रा आर्जन वृद्धि गर्नु, वैदेशिक रोजगारीमा जाने नेपालीको दक्षता अभिवृद्धि गर्नु, वैदेशिक रोजगारीलाई मर्यादित बनाउनु, विप्रेषण आप्रवाह प्रणालीलाई सबल एवं सहज बनाउनु, औपचारिक प्रणालीमार्फत् विप्रेषण भित्र्याउनु, विप्रेषण आयको उल्लेख्य अंश उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु, लगानीयोग्य वातावरण सृजना गर्नु, वस्तु र देशगत विविधीकरण गरी निर्यात प्रवर्द्धन गर्नु, आन्तरिक रोजगारीका अवसरहरु सृजना गर्नु आदि वाह्य क्षेत्र तथा रोजगारी सृजनाका चुनौतीका रुपमा रहेका छन् ।

### ७.३.२ सम्भावना

सरकारले ऐन, नियम तथा नीतिमा समयानुकूल सुधार गर्दै लगेकाले लगानीको वातावरणमा सुधारको सम्भावना रहेको, वैदेशिक रोजगारीमा रहेका नेपालीको विप्रेषण बैंकिङ्ग प्रणालीमार्फत् भित्र्याउन पहल गरिएकाले औपचारिक माध्ययमबाट विप्रेषण भित्रिने सम्भावना रहेको, उत्पादनशील अर्थतन्त्र निर्माणको लागि उत्पादन अभिवृद्धि, रोजगारी सृजना र उद्यमशीलता विकास गर्न नेपाल सरकारको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान तथा सहुलियतपूर्ण कर्जा कार्यक्रम सञ्चालन गरेकाले आन्तरिक उत्पादन वृद्धि हुने सम्भावना रहेको, आन्तरिक उत्पादनमा जोड दिने नीतिका कारण आयात प्रतिस्थापनको सम्भावना रहेको, आन्तरिक मागभन्दा बढी जलविद्युत् उत्पादन भएकाले निर्यात गर्न सकिने सम्भावना रहेको, विद्युतीय उपकरणको प्रयोग मार्फत् एल.पी.ग्यास आयात घटाउन सकिने सम्भावना रहेको, विद्युतीय सवारी साधन सञ्चालनलाई बढावा दिई समग्र पेट्रोलियम पदार्थको आयात कम गर्न सकिने सम्भावना रहेको, निर्यात वृद्धिको प्रवृत्ति सकारात्मक देखिएकाले व्यापार घाटामा कमी आउने जस्ता सम्भावना रहेका छन् ।

कृषिमा बढ्दै गएको व्यवसायीकरणले समग्र उत्पादकत्व तथा कृषि उत्पादन वृद्धि भई कृषि उपजको आयात प्रतिस्थापनका अतिरिक्त रोजगार सृजनाको सम्भावना रहेको छ। मुलुकभित्र आन्तरिक रुपमा रोजगारी सृजना गर्न सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम जस्ता कार्यक्रमको प्रभावकारी कार्यान्वयनले आन्तरिक श्रम बजार विस्तारको सम्भावना रहेको छ।

## परिच्छेद ८
# संघीय एवं प्रादेशिक कार्यक्रम तथा योजना

यस परिच्छेदमा संघीय सरकार र प्रदेश सरकारको बजेट एवं कार्यक्रमको कार्यान्वयन अवस्था, प्रगति विवरण तथा कार्यन्वयनमा रहेका प्रमुख योजनाहरुको विश्लेषण गरिएको छ ।

## ८.१ कार्यक्रम तथा परियोजनाको कार्यान्वयन

आर्थिक वर्ष २०७७/७८ मा संघीय सरकारले कुल रु.१४ खर्ब ७५ अर्ब बजेट विनियोजन गरेकोमा बजेटको अर्धवार्षिक समीक्षामार्फत् संशोधन गरी कुल रु. १३ खर्ब ४४ अर्ब ७० करोड बनाइएको थियो । उक्त बजेटमध्ये आर्थिक वर्ष २०७७/७८ को अन्तसम्ममा रु.११ खर्ब ८१ अर्ब खर्च भएको छ । उक्त रकम संशोधित अनुमानको ८७.८ प्रतिशत हो ।

**तालिका ८.१ : आर्थिक वर्ष २०७७/७८ को संघीय बजेटको वार्षिक प्रगति विवरण**

| शिर्षक | बजेट रकम (रु.अर्बमा) | यथार्थ खर्च (रु.अर्बमा) | संशोधित अनुमान (रु.अर्बमा) | यथार्थ खर्च संरचना (प्रतिशत) |
|---|---|---|---|---|
| चालु खर्च | ९४८.९ | ८५१.७ | ९१४.८ | ६८.५ |
| पूँजीगत खर्च | ३५२.९ | २२८.३ | २८३.० | १९.९ |
| वित्तीय व्यवस्था | १७२.८ | १००.१ | १४६.९ | ११.६ |
| जम्मा | १४७४.६ | ११८०.९ | १३४४.७ | १००.० |

*स्रोत : अर्थ मन्त्रालय, २०७८ ।*

आर्थिक वर्ष २०७७/७८ मा कुल प्रादेशिक बजेट रु.२ खर्ब ६४ अर्ब विनियोजन भएकोमा ७१.४ प्रतिशत (रु.१ खर्ब ८८ अर्ब ७० करोड) खर्च भएको छ । जसमध्ये चालु खर्च ६७.२ प्रतिशत र पूँजीगत खर्च ८०.६ प्रतिशत खर्च भएको देखिन्छ । संघीय सरकारका अतिरिक्त प्रदेश सरकारहरुको पूँजीगत बजेट खर्च गर्ने क्षमता समेत कमजोर रहेको छ ।


**तालिका ८.२ : आर्थिक वर्ष २०७७/७८ को प्रदेशगत बजेटको वार्षिक प्रगति विवरण**

| प्रदेश | बजेट रकम (रु.अर्बमा) | | | खर्च रकम (रु.अर्बमा) | | | खर्च (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पूँजीगत | कूल | चालु | पूँजीगत | कुल | चालु | पूँजीगत |
| प्रदेश नं. १ | ४०.९ | १८.९ | २१.९ | २८.१ | १२.२ | १५.९ | ६८.७ | ६४.६ | ७२.६ |
| प्रदेश नं. २ | ३३.६* | १५.४ | १८.० | २२.८ | ८.७ | १४.० | ६७.९ | ५६.५ | ७७.८ |
| बागमती | ५१.४ | २६.३ | २५.१ | ३४.६* | १४.५ | २०.१ | ६७.३ | ५५.१ | ८०.१ |
| गण्डकी | ३४.८* | १४.४ | २०.० | २५.७ | ८.१ | १७.६ | ७३.९ | ५६.३ | ८८.० |
| लुम्बिनी | ३६.४** | १२.६ | १८.६ | ३२.२ | १३.७ | १८.५ | ८८.५ | १०८.७ | ९९.५ |
| कर्णाली | ३३.७* | ११.६ | १९.१ | २२.१ | ८.५ | १३.६ | ६५.६ | ७३.३ | ७१.२ |
| सुदुर पश्चिम | ३३.४# | १४.२ | १६.८ | २३.२ | १०.५ | १२.७ | ६९.५ | ७३.९ | ७५.६ |
| **जम्मा/समग्र** | **२६४.२** | **११३.४** | **१३९.५** | **१८८.७** | **७६.२** | **११२.४** | **७१.४** | **६७.२** | **८०.६** |

* *वित्तीय व्यवस्था समेत,* ** *अन्तरसरकारी हस्तान्तरण समेत,*

# *वित्तीय व्यवस्था र अन्तरसरकारी हस्तान्तरण समेत,*
*स्रोत : आर्थिक मामिला तथा योजना मन्त्रालयहरु, महालेखा नियन्त्रक कार्यालय, २०७८ ।*

आर्थिक वर्ष २०७७/७८ मा सबैभन्दा बढी बागमती प्रदेशमा रु.५१ अर्ब ४३ करोड बजेट विनियोजन भएको थियो भने सुदूरपश्चिम प्रदेशमा सबैभन्दा कम रु.३३ अर्ब ३८ करोड बजेट विनियोजन भएको थियो । खर्चतर्फ लुम्बिनी प्रदेशमा सबैभन्दा बढी कुल विनियोजनको ८८.५ प्रतिशत र कर्णाली प्रदेशमा सबैभन्दा कम कुल विनियोजनको ६५.६ प्रतिशत खर्च भएको छ ।




*स्रोत: अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय एवं आर्थिक मामिला तथा योजना मन्त्रालयहरु*

## ८.२ अन्य कार्यक्रमको कार्यान्वयन

### प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना

राष्ट्रिय प्राथमिकता, आवश्यकता र स्थानीय सम्भाव्यताका आधारमा तोकिएको बाली र वस्तुमा तोकिएको न्युनतम क्षेत्र र संख्यामा कृषि उत्पादनलाई प्रोत्साहन गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सुपरजोन, जोन, ब्लक र पकेट कार्यक्रम सञ्चालनमा रहेका छन् । न्यूनतम १००० हेक्टरमा सञ्चालन भएको वृहत् व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्रका रुपमा सुपरजोन र न्यूनतम ५०० हेक्टरमा सञ्चालन भएको व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्रका रुपमा जोनहरु सञ्चालन गरिएको छ । जिल्ला स्तरमा कृषि उत्पादन केन्द्रका रुपमा ब्लक र प्राथमिक उत्पादन इकाईका रुपमा पकेटहरु रहेका छन् । मौरी, च्याउ, हाइटेक ग्रीनहाउस, प्लाष्टिक हाउस र तोकिएको संख्या तथा क्षेत्रफलमा सञ्चालन गरिएको माछापोखरीलाई प्राथमिकतामा राखी न्यूनतम १०० हेक्टरमा सञ्चालित व्यावसायिक कृषि उत्पादन केन्द्रका रुपमा ब्लक र साना व्यावसायिक कृषि उत्पादन केन्द्रको रुपमा पकेट सञ्चालन गरिएको छ ।

यस परियोजनाबाट लाभान्वित हुनेहरुमा साना तथा मझौला कृषक समूहहरु, व्यावसायिक कृषक समूहहरु तथा सहकारीहरु, जल उपभोक्ता समूहहरु, निजी कृषि उद्यमी तथा व्यवसायीहरु, कृषि उपज बजार सञ्चालक समितिहरु रहेका छन् । यस परियोजनाका उद्देश्यहरुमा प्रमुख कृषि उपजहरुको विशिष्टिकृत क्षेत्रहरु निर्माण गर्नु, निर्यातयोग्य कृषिजन्य बस्तुहरुको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु, कृषिलाई सम्मानजनक नाफामुखी व्यवसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सृजना गर्नु र बहुसरोकारवाला निकायहरुबीचको कार्यमूलक समन्वयमार्फत् प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्नु रहेका छन् ।

सुपर जोन र जोन सञ्चालनको उद्देश्य कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान पुऱ्याउने गरी बाली र वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु, कृषि क्षेत्रको यान्त्रिकीकरण, कृषि पूर्वाधार विकास एवं व्यावसायीकरण प्रवर्द्धन गर्नु रहेका छन् । यसैगरी, सुपरजोन सञ्चालनका विशिष्टिकृत उद्देश्यहरुमा प्रशोधन केन्द्रहरुको स्थापना, मूल विउ उत्पादन तथा कृषि अनुसन्धान केन्द्र र अध्ययन संस्थामार्फत् कृषि आधुनिकीकरण गर्दै आत्मनिर्भर कृषि अर्थतन्त्रको आधारशीला निर्माण गर्नु र जोन सञ्चालनको विशिष्टिकृत उद्देश्य प्रारम्भिक प्रशोधन केन्द्रहरुको स्थापनामार्फत् कृषि आधुनिकीकरणको आधारशिला तयार गर्ने रहेका छन् । ब्लक र पकेट सञ्चालनको उद्देश्य जिल्लास्तरमा कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान पुऱ्याउने गरी बाली र वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु रहेका छन् । यसैगरी, कृषि यान्त्रिकीकरण, कृषि पूर्वधार विकास तथा व्यवसायीकरण प्रवर्द्धन गर्नु ब्लक सञ्चालनका थप उद्देश्यहरु रहेका छन् भने कृषि उत्पादन सामग्री आपूर्ति तथा प्राविधिक सेवा प्रवाहमा अभिवृद्धि गर्नु पकेट सञ्चालनका थप उद्देश्य रहेका छन् ।

सुपरजोनमा स्रोत केन्द्र स्थापना सहयोगमार्फत् प्रजनन् बिउ उत्पादन, नियामक प्रयोगशालाहरु स्थापना, प्राङ्गारिक मल कारखानाहरुको स्थापना तथा सवलीकरण, जैविक विषादी उत्पादन केन्द्र, ठूला कृषि बजारहरु, ठूला सिँचाई पूर्वाधारहरु, कृषि तालिम केन्द्र, कृषि अनुसन्धान केन्द्र, कृषि अध्ययन संस्था/कलेज स्थापना, कृषिजन्य उद्योगहरु स्थापना लगायतका आवश्यक पूर्वाधार निर्माण गरी कृषिलाई आधुनिकीकरण उन्मुख बनाउने कार्यक्रम रहेको छ ।

जोन, ब्लक तथा पकेट क्षेत्रमा रासायनिक तथा प्राङ्गारिक मल, उन्नत तथा हाइब्रिड बिउबिजन, रासायनिक एवं जैविक विषादी लगायतका उत्पादन सामग्रीहरुमा अनुदान सहयोग उपलब्ध गराउने कार्यक्रम रहेको छ । जोन र ब्लकमार्फत् सम्बन्धित बाली/वस्तुमा सहभागितात्मक व्यावसायिक उत्पादन प्रविधि प्रदर्शन, उत्पादन प्रविधि, बजारीकरण, मूल्य विकास लगायतका विविध पक्षहरु समेटिने गरी स्थलगत तालिम कार्यक्रम, यान्त्रिकीकरण प्रवर्द्धनका लागि उत्पादनदेखि बजारीकरणसम्म आवश्यक पर्ने सबै प्रकारका मेसिनरी औजार उपकरणको सेट सहितको सेवा उपलब्ध गराउन Custom Hiring Centre (CHR) स्थापनाका लागि पूँजीगत अनुदान उपलब्ध गराईएको छ । त्यस्तै, व्यावसायीकरणका लागि प्राथमिक प्रशोधन केन्द्र, गोदाम घर, ग्रेडिङ लगायतका उत्पादनोपरान्त आवश्यक पूर्वाधारहरु रहेको एक पोष्ट हार्भेष्ट सेन्टर निर्माण गरिएको छ । पकेट क्षेत्रमा स्थलगत तालिम, व्यावसायिक प्रदर्शन, कृषि यान्त्रिकीकरण लगायतका कार्यक्रमहरुमा समेत सहयोग पुऱ्याइएको छ । प्रत्येक पकेटले आसपासका कम्तीमा १० जना कृषकलाई सेवा पुऱ्याउने व्यवस्था गरिएको छ ।

यसैगरी, पूर्वाधार विकास सहयोगतर्फ जोन र ब्लक कार्यक्रम अन्तर्गत लिफ्ट सिंचाई, डिप तथा स्यालो टुबवेल जडान, सिँचाई कुलो मर्मत तथा सुधार, आबश्यक कृषि पूर्वाधारहरु (Community Seed Banks, Processing, Grading and Packaging Units, Marketing Infrastructures, CAESC Infrastructures\Laboratories) लगायतमा सहयोग पुऱ्याइएको छ । साथै, जोनमार्फत् प्राङ्गारिक मल कारखाना, टिस्युकल्चर ल्याव, हाइटेक नर्सरी लगायतका पूर्वाधार निर्माणमा सहयोग पुऱ्याइएको छ । पकेटमार्फत् साना पूर्वाधार विकास सहयोगतर्फ साना सिंचाई, प्रारम्भिक प्रशोधन पूर्वाधारहरु (Threshing Floor, Storage House, Collection Centre) लगायतमा सहयोग पुऱ्याइने गरिएको छ ।

**तालिका ८.३ : प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको लक्ष्य तथा कार्यान्वयन अवस्था**

| विवरण | लक्ष्य | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|---|---|
| पकेट | १५,००० | १,९३१ | २,०२३ | २,७७६ | ४,३७२ | ६,७४२ |
| ब्लक | १,५०० | १४३ | १४६ | ३३६ | ६०६ | १,२२७ |
| जोन | ३०० | ३० | ४२ | ७५ | १०६ | १०६ |
| सुपरजोन | २१ | ७ | १० | १४ | १६ | १६ |

*स्रोत: प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, २०७८*

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अन्तर्गत ५८ कार्यान्वयन इकाईमार्फत ७७ जिल्लामा १०६ जोन र १६ सुपर जोन सञ्चालनमा रहेका छन् । यसैगरी, यस कार्यक्रमअन्तर्गत ६ हजार ७ सय ४२ पकेट र १ हजार २ सय २७ ब्लक सञ्चालनमा रहेका छन् ।

## प्रदेश सरकारले आर्थिक वर्ष २०७७/७८ मा सञ्चालनमा ल्याएका कार्यक्रमहरु

प्रदेश सरकारहरुले आर्थिक वर्ष २०७७/७८ मा विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याएका थिए । प्रदेश सरकारले सञ्चालनमा ल्याएका महत्वपूर्ण कार्यक्रमहरु देहाय बमोजिम रहेका छन् ।

### प्रदेश नं. १

नवप्रवर्तन कृषि कार्यक्रम, पशु स्वास्थ्य कार्यक्रम, कृषक पाठशाला कार्यक्रम, सघन बाली बिकास कार्यक्रम, सबै किसानका साथमा प्रदेश सरकार कार्यक्रम, एक स्थानीय तह एक फलफूल नर्सरी कार्यक्रम, विपन्न समुदायको लागि जनता आवास कार्यक्रम, विपन्न जनता लक्षित सौर्य उर्जा उज्यालो कार्यक्रम, एक जिल्ला एक उत्पादन कार्यक्रम, तराई-मधेस हरियाली बन विकास कार्यक्रम, सिमसार र जलाधार क्षेत्रको संरक्षणको लागि बेसिनमा आधारित एकीकृत जलाधार संरक्षण कार्यक्रम, प्रदेश प्रमुख जेष्ठ नागरिक दन्त उपहार कार्यक्रम, समृद्ध प्रदेशका लागि आत्मनिर्भर छोरी कार्यक्रम, मुख्य मन्त्री अत्यावश्यक सेवा केन्द्र कार्यक्रम, जनतासँग मुख्य मन्त्री, डिजिटल प्रदेश निर्माण कार्यक्रम घोषणा गरिएको थियो ।

### प्रदेश नं. २

प्रदेश आयोजना बैंक तयार गर्ने, मुख्य मन्त्री रोजगार कार्यक्रम, प्रदेश प्रमुख रोजगार कार्यक्रम, नवप्रवर्तन कृषि रोजगार तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम, राष्ट्रिय तेलहन बाली, नवलपुर तथा राष्ट्रिय धानबाली अनुसन्धान केन्द्र, कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम, व्यवसायिक कृषि उत्पादन कार्यक्रम, आपतकालीन बाढी पहिरो पुनर्स्थापना कार्यक्रम, गढीमाई र सिम्रौनगढ पर्यटकीय विकास कार्यक्रम, वेटी पढाउ वेटी बचाउ कार्यक्रम घोषणा गरिएको थियो ।

### बागमती प्रदेश

मुख्य मन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम, एक विद्यालय एक नर्स कार्यक्रम, प्रदेश सरकार-शिक्षालय सहकार्य कार्यक्रम, युवा वैज्ञानिक प्रोत्साहन कोष, पूर्वाधार आत्मनिर्भर रोजगार कार्यक्रम, धान, मकै, गहुँ, कोदो, फापर, आलुमा न्यूनतम बचत ग्यारेन्टी सहितको न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने कार्यक्रम, दूग्ध विकास कार्यक्रममार्फत गरीबी निवारण परियोजना, उद्यमीको हात प्रदेश सरकारको साथ कार्यक्रम, एक स्थानीय तह एक उद्योग ग्राम कार्यक्रम, पर्यटन पूर्वाधार विकास कार्यक्रम, मुख्य मन्त्री सडक कार्यक्रम, खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम, एक घर एक धारा कार्यक्रम, खानेपानी गुणस्तर सुधार कार्यक्रम, तालतलैया, पोखरी तथा ढुङ्गेधारा संरक्षण कार्यक्रम, बागमती प्रदेश पूर्ण उज्यालो कार्यक्रम, प्रदेश पूर्वाधार विकास कार्यक्रम घोषणा गरिएको थियो ।

### गण्डकी प्रदेश

मुख्य मन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ कार्यक्रम, भगत सर्वजीत सीप विकास कार्यक्रम, व्यावसायिक सीपमूलक र रोजगारमूलक तालिम कार्यक्रम, उच्च घनत्वमा आधारित स्याउ खेती विकास कार्यक्रम, बाली तथा पशुपन्छी बिमा कार्यक्रम, सहुलियत ब्याजदरमा कृषि ऋण उपलब्ध गराउने कार्यक्रम, मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँ कार्यक्रम, एक सहकारी-एक उत्पादन कार्यक्रम, एक स्थानीय तह-एक उद्योग ग्राम स्थापना कार्यक्रम, दिगो वन व्यवस्थापन कार्यक्रम, जनता आवास कार्यक्रम, आधारभूत खानेपानी कार्यक्रम तथा एक घर-एक धारा खानेपानी कार्यक्रम घोषणा गरिएको थियो ।

### लुम्बिनी प्रदेश

समृद्धिको अभियान : छोरीहरुको पहुँचमा विज्ञान कार्यक्रम, हात हातमा कृषि सामग्री : गाउँ गाउँमा रोजगारी अभियान, स्मार्ट कृषि गाउँ कार्यक्रम, सबै कृषकका लागि सुलभ कर्जा अभियान, खैरेत रोग उन्मूलन अभियान, एक वडा एक हरित स्वयंसेवक कार्यक्रम, एक स्थानीय तह-एक उत्पादन कार्यक्रम, नेपाली किनौं-नेपाल बनाऔं अभियान, भगत सर्वजित सीप विकास प्रर्वद्धन कार्यक्रम, घर-घरमा जडिबुटी कार्यक्रम, एक घर एक धारा कार्यक्रम, प्रत्येक पालिकामा खेल मैदान निर्माण कार्यक्रम घोषणा गरिएको थियो ।

### कर्णाली प्रदेश

समृद्ध कर्णाली सुखारी कर्णालीबासीको दीर्घकालीन सोचसहित एक स्थानीय तह एक अन्न भकारी कार्यक्रम, आफ्नो गाँउ : आत्मनिर्भर बनाउँ, मुख्यमन्त्री रोजगार कार्यक्रम, खाद्यान्नको लागि श्रम सहितको रोजगारी कार्यक्रम, रोजगारमूलक पूर्वाधार विशेष कार्यक्रम, मुख्यमन्त्री सामाजिक सुरक्षा र जीविकोपार्जन कार्यक्रम, एक स्थानीय तह एक उत्पादन विशेष कार्यक्रम, मेरो किसान मेरो अन्नदाता कार्यक्रम, एक वडा एक पोखरी कार्यक्रम, एक सहकारी एक उत्पादन कार्यक्रम, बैक खाता छोरीको सुरक्षा जीवन भरिको, दलित महिला आय आर्जन कार्यक्रम, कर्णाली उज्यालो कार्यक्रम, एकिकृत बस्ती विकास तथा सामाजिक रुपान्तरण कार्यक्रम, जनतासँग कर्णाली सरकार कार्यक्रम घोषणा गरिएको थियो ।

### सुदूर पश्चिम प्रदेश

एक स्थानीय तह, एक औद्योगिक ग्राम कार्यक्रम, हरेक निर्वाचन क्षेत्र २ नवीन उद्योग, प्रत्येक स्थानीय तहमा लघु तथा घरेलु उद्योग स्थापना कार्यक्रम, युवा उद्यम कार्यक्रम, मुख्यमन्त्री एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यक्रम, मुख्यमन्त्री एकीकृत वस्ती विकास कार्यक्रम, एक स्थानीय तह, एक कृषि उपज उत्पादन कार्यक्रम, प्रदेशका गाउँ उज्यालो बनाउँ कार्यक्रम घोषणा गरिएको थियो ।

# परिच्छेद ९
# आर्थिक परिदृष्य

## ९.१ मूल्य स्थिति

कोभिड-१९ को जोखिम क्रमिक रुपमा नियन्त्रणमा आई आर्थिक गतिविधिमा परेको सकारात्मक प्रभाव, पेट्रोलियम पदार्थको मूल्य वृद्धि तथा अन्तर्राष्ट्रिय आपूर्ति श्रृंखलामा देखा परेका अवरोध आदिका कारण माग तथा लागत पक्षबाट मुद्रास्फीतिमा चाप पर्ने सम्भावना देखिन्छ। साथै, चालु आर्थिक वर्षको असोज महिनामा आएको बेमौसमी वर्षाका कारण आन्तरिक उत्पादन प्रभावित भएसँगै आयातीत खाद्य वस्तुबाट मुद्रास्फीतिमा केही थप दबाब पर्न सक्ने देखिन्छ। तथापि, सरकारको न्यून पूँजीगत खर्च, कर्जा विस्तारको वृद्धिदरमा आएको संकुचन, भारतको मुद्रास्फीतिमा आएको कमी र तरलता अवस्था लगायतका कारणले मूल्यमा कम चाप पर्ने देखिन्छ । खाद्य समूहअन्तर्गत घ्यू तथा तेल, दाल तथा गेडागुडी, माछामासु, गैर-मदिराजन्य पेय पदार्थ, सूर्तीजन्य वस्तुहरु एवं गैर-खाद्य समूहअन्तर्गत यातायातको मूल्य वृद्धिले मुद्रास्फीतिलाई बढी प्रभावित पार्ने देखिन्छ । समग्रमा माग र आपूर्ति पक्षको विश्लेषण गर्दा मुद्रास्फीति यस आर्थिक वर्षको लक्षित सीमाभित्रै कायम रहने अनुमान गरिएको छ।

## ९.२ कृषि उत्पादन

यस वर्ष धानबाली भित्र्याउने समयमा भएको बेमौसमी वर्षा, हावाहुरी तथा बाढीको असरले गर्दा अपेक्षित रूपमा धान उत्पादन घट्ने अनुमान गरिएको छ। यसैगरी, २०७८/७९ को मौद्रिक नीतिमा कृषि क्षेत्रमा १५ प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने अनिवार्य व्यवस्था रहेको, विभिन्न जिल्लाहरुमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको ब्लक, पकेट, जोन एवं सुपरजोन विकास कार्यक्रम सञ्चालनमा आएको, उन्नत तथा हाईब्रिड जातको तरकारीको बिउ बिजनको प्रयोग बढेको, आधुनिक प्रविधिको प्रयोग र सिँचाई सुविधामा वृद्धि लगायतका कारणहरुले तरकारी उत्पादन वृद्धि हुने अनुमान गरिएको छ। कृषि क्षेत्रका सम्बन्धमा नेपाल सरकारले प्रदान गर्ने सहुलियतपूर्ण कर्जा, वैदेशिक रोजगारीबाट फर्केका श्रमिकलाई कृषि अनुदान जस्ता सुविधाहरुले आगामी वर्षमा यस क्षेत्रमा वृद्धि हुने अनुमान गरिएको छ।

## ९.३ औद्योगिक उत्पादन

कोभिड-१९ महामारीको प्रभाव कम हुँदै गएको र देशभरी खोप अभियान शुरु भएसँगै कोभिड–१९ को कारणले बन्द भएका उद्योग, व्यवसायहरु पुनः सञ्चालनमा आएका छन् । औद्योगिक गतिविधि विस्तार हुन थालेका कारण उत्पादनशील उद्योगहरुको उत्पादन बढ्ने देखिन्छ।

## ९.४ सेवा क्षेत्र

कोभिड-१९ महामारीमा अत्यन्तै प्रभावित सेवा क्षेत्रमा सुधार आएको देखिन्छ । हाल निषेधाज्ञा पूर्ण रुपमा हटाइएको, सरकारी कर्मचारीहरुलाई पनि भत्ता सहितको अनिवार्य भ्रमण विदाको व्यवस्था भएको, लामो समयसम्म मानिसहरु घरबाट बाहिर निस्कन नपाएका एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार हालसम्म नेपालमा लक्षित जनसङ्ख्यामध्ये अधिकांशले कोभिड-१९ विरुद्धको दुवै मात्रा खोप लगाएका र खोप अभियान निरन्तर रहेको कारण आन्तरिक पर्यटनमा सुधार हुने अपेक्षा रहेको छ।

त्यस्तै, अन्तर्राष्ट्रिय जगतमा पनि खोप लगाउने कार्य निरन्तर भईरहेको, अन्तर्राष्ट्रिय हवाई उडान सुचारु भई रहेको र थप विमानस्थल सञ्चालनको क्रममा रहेको सन्दर्भमा विदेशी पर्यटकको आगमन समेत विस्तारै बढ्ने आँकलन गरिएको छ । कोभिड-१९ को संक्रमण क्रमशः कम भएसँगै होटल तथा रेष्टुरेन्टहरु, आन्तरिक

पर्यटनसम्बन्धी गतिविधि, थोक तथा खुद्रा व्यापार तथा सवारी साधन र विद्यालयहरु खुल्ने क्रम शुरु भएकोले आगामी आर्थिक वर्ष सेवा क्षेत्रमा थप सुधार हुने सम्भावना देखिन्छ ।

## ९.५ पूर्वाधार क्षेत्र

असार र साउनमा देशका विभिन्न क्षेत्रमा आएको बाढीपहिरोले गरेको क्षतिको कारण पूर्वाधार क्षेत्रका आयोजनाहरुको लागत तथा लगानी र सम्पन्न हुन विलम्ब हुने अनुमान गरिएको छ । तापनि निजी क्षेत्रबाट निर्माणधीन जलविद्युत आयोजना, विद्युत प्रसारण लाइन निर्माण, सुरुङ्गमार्ग निर्माण जस्ता केही महत्वपूर्ण पूर्वाधार आयोजनाहरुका कामहरूले पनि गति लिन थालेको स्थिति छ ।

पूर्व पश्चिम रार्जमार्ग, हुलाकी राजमार्ग, मदन भण्डारी राजमार्ग, पुष्पलाल मध्यपहाडी राजमार्ग तथा उत्तर-दक्षिण जोड्ने मुख्य राजमार्गहरुको विस्तार र स्तरोन्नत्तिको कार्य निरन्तर जारी रहेसँगै सहायक राजमार्ग तथा ग्रामीण सडकको निर्माण कार्यले तीब्रता लिने देखिन्छ । सरकारद्वारा लिईएको सिँचाई सुविधाको विस्तार गर्ने नीतिअनुरुप आउँदो दिनमा सुनकोशी मरिन, सिक्टा, बबई, भेरी बबई डाइभर्सन, रानी-जमरा कुलरिया तथा महाकाली लगायतका सिँचाई आयोजनाहरुको निर्माण एवं विस्तार कार्यले तीव्रता पाउने अनुमान गरिएको छ ।

## ९.६ वाह्य क्षेत्र

आयातमा भएको फराकिलो वृद्धिले व्यापार घाटा उल्लेख्य रुपमा वृद्धि भएको छ भने विप्रेषण आप्रवाह अपेक्षित रुपमा वढ्न सकेको छैन । साथै, पर्यटन क्षेत्रको पुनरुत्थान हुन पनि बाँकी नै रहेकोले समग्र शोधनान्तर स्थिति ऋणात्मक हुने देखिन्छ । तसर्थ, आगामी दिनमा आयात व्यवस्थापन एवं खर्चमा मितव्ययिता अपनाउने सम्बन्धमा आवश्यक पहल समयमै अगाडि बढाउन सकिएमा मात्र वाह्य क्षेत्रको अवस्था थप कमजोर हुनबाट रोक्न सकिने र विदेशी विनिमय सञ्चिति व्यवस्थापनमा सहजता आउन सक्ने सम्भावना देखिएको छ ।

***